अनौपचारिक तथा वैकल्पिक शिक्षातर्फको

# नेपाली

## तह–२ (संश्लेषित)

## सिकाइ सामग्री





नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

सानोठिमी, भक्तपुर

अनौपचारिक तथा वैकल्पिक शिक्षातर्फको

# नेपाली

## तह - २ (संश्लेषित)

## सिकाइ सामग्री

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक :

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

© सर्वाधिकार प्रकाशकमा

तह : दुई, संश्लेषित

प्रथम संस्करण : वि.सं. २०७९

# हाम्रो भनाइ

सिकाइ शिक्षा र जीविकोपार्जनको मूल हो । सिकारुमा अपेक्षित दक्षता विकास गर्न विभिन्न प्रकारका सिकाइ सामग्री आवश्यक पर्छन् । औपचारिक शिक्षामा पहुँच नपुगेका र विद्यालयबाहिर सिक्न चाहने सिकारुलाई व्यावहारिक, समयसापेक्ष र गुणस्तरीय शिक्षाको अवसर दिने अनौपचारिक शिक्षातर्फ आधारभूत साक्षरता, गणितीय अवधारणा र सिप एवम् जीवनोपयोगी सिपको विकासको अवसर प्रदान गर्नु आवश्यक छ । आधारभूत शिक्षाको माध्यमबाट सिकारुले प्राकृतिक तथा सामाजिक वातावरणप्रति सचेत भई अनुशासन, सदाचार र स्वावलम्बन जस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास गर्नुपर्छ । व्यक्तिको सिकाइले विज्ञान, वातावरण र सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञानको विकास गराई कला तथा सौन्दर्यप्रति अभिरुचि जगाउनुपर्छ । यस्तै जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास पनि आधारभूत शिक्षाका अपेक्षित पक्ष हुन् । देशप्रेम, राष्ट्रिय एकता, लोकतान्त्रिक मूल्यमान्यता तथा संस्कार सिकी व्यावहारिक जीवनमा प्रयोग गर्नु, सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजगता अपनाउनु, स्तरअनुकूल व्यवहारकुशल सिपको प्रयोग गर्नु र दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान गरी समाधानका उपायको खोजी गर्नु पनि आधारभूत तहको शिक्षाका आवश्यक पक्ष हुन् । यस पक्षलाई दृष्टिगत गरी भौगोलिक विकटता, गरिबी, जनचेतनाको कमीजस्ता कारणले औपचारिक शिक्षा लिन नसकेका तथा बिचैमा पढाइ छाडेका बालबालिका, युवायुवती तथा प्रौढलाई सिकाइमा पहुँच पुऱ्याउन अनौपचारिक तथा वैकल्पिक सिकाइका लागि सिकाइ सामग्री विकासको थालनी गरिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप र राष्ट्रिय योग्यता प्रारूपको मूल मर्मअनुरूप सिकारुका लागि मूल पाठ्यवस्तु र परिधीय पाठ्यवस्तु समावेश गरी सिकारुले आफ्नै प्रयत्नमा सिक्न सक्ने क्रियाकलाप समावेश गरी यो सिकाइ सामग्री विकास गरिएको छ । यसबाट औपचारिक शिक्षा लिइरहेका विद्यार्थीले समेत लाभ लिन सक्छन् ।

यो सामग्री अनौपचारिक शिक्षातर्फ दोस्रो तहका सिकारुका लागि विकास गरिएको हो र परीक्षण गरी परीक्षणबाट प्राप्त पृष्ठपोषणका आधारमा आवश्यक परिमार्जन गरी सबैका लागि सहज बनाइने छ । यसको विकासमा केएर नेपाल र समुन्नत नेपालको प्राविधिक सहयोग रहेको छ । नेपाली विषयको यस सिकाइ सामग्रीको विकास डा. गणेशप्रसाद भट्टराईले गर्नुभएको हो । यस पुस्तकको विकासमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशक श्री चूडामणि पौडेल, उपमहानिर्देशक श्री श्रीप्रसाद भट्टराई, निर्देशक श्री निलकण्ठ ढकाल, शाखा अधिकृत श्री वैकुण्ठ आचार्य र श्री विमला मिश्रको विशेष योगदान रहेको छ । यस पुस्तकको विकास तथा परिमार्जन कार्यमा संलग्न सबैप्रति शिक्षा तथा मानव स्रोत विकास केन्द्र धन्यवाद प्रकट गर्छ ।

यो सिकाइ सामग्री निर्धारित सक्षमता विकासका लागि तयार पारिएको भएकाले सहजीकरण र सिकाइ क्रियाकलापको योजना नभई सिकारुको सिकाइलाई सहयोग पुऱ्याउने सहयोगी साधन हो । यसका लागि यस सामग्रीलाई सिकारुको सिकाइमा सहयोग पुऱ्याउने एउटा महत्त्वपूर्ण आधारका रूपमा सिकाइकेन्द्रित, अनुभवकेन्द्रित, उद्देश्यमूलक, प्रयोगमुखी र आफैँले गरेर सिक्ने ढाँचामा विकास गरिएको छ । सिकाइ र सिकारुको जीवन्त अनुभवबिच तादात्म्य कायम गर्दै यसको सहज प्रयोग गर्न सिकारुबाट अभ्यास र खोजको अपेक्षा गरिएको छ । यस सामग्रीलाई अझ परिष्कृत पार्नका लागि सहजकर्ता, सिकारु, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकहरूको समेत विशेष भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र हार्दिक अनुरोध गर्छ ।

वि.सं. २०७९ शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# विषयसूची


| पाठ | विषय | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १ | नेपाल नै राम्रो | १ |
| २ | नानीशोभा नर्सरी | १४ |
| ३ | सञ्चारका साधन | ३१ |
| ४ | वडाध्यक्षलाई निवेदन | ५१ |
| ५ | नाटककार बालकृष्ण सम | ६४ |
| ६ | जस | ७८ |
| ७ | संस्कृति | ९४ |
| ८ | मनको सहलेश | १११ |
| ९ | मणिरामको दैनिकी | १२५ |
| १०. | पुतली | १३६ |

# पाठ १





(क) पहिलो चित्रमा तपाईँ के देख्नुहुन्छ ?

(ख) दोस्रो चित्रमा के देखाइएको छ ?

(ग) के यी चित्र तपाईँ बसेको ठाउँसँग सम्बन्धित छन् ? छन् भने के के कुरा मिल्छन् र छैनन् भने के के मिल्दैनन् ?

## मूल पाठ

# नेपाल नै राम्रो

- भुवनहरि सिग्देल

नेपालीको मनभित्र नेपाल नै हुन्छ
देशभक्ति भावनाले नेपाल नै छुन्छ ।

उही घाम उही पानी उनै तारा जून
नेपालीको आस्था भन्छ नेपाली नै हुन
धर्तीलाई आमा भन्ने भावना छ हाम्रो
कर्मभूमि जता बनोस् नेपाल नै राम्रो ।



सास फेर्ने स्वच्छ हावा सगरमाथा शिर
सञ्जीवनी जडीबुटी यहाँ सबैतिर

प्रकृति र संस्कृतिमा रमाउने मन
माटो ढुङ्गो नदी नाला सबै हाम्रा धन ।

आफूभन्दा प्यारो हुन्छ आफ्नो जन्मभूमि
बाल वेला यहीँ खेल्यौँ यही धर्ती चुमी

देउरालीका पदचिह्न पुछी मेटिन्छ र ?
नेपाल जस्तो अर्को देश खोजी भेटिन्छ र ?

नेपालीको मनभित्र नेपाल नै हुन्छ
देशभक्ति भावनाले नेपाल नै छुन्छ ।

## शब्दार्थ

देशभक्ति : देशको उन्नति प्रगतिका लागि गरिने कार्य

आस्था : विश्वास, भरोसा

कर्मभूमि : काम गर्ने ठाउँ

सञ्जीवनी : मरेकालाई पुनः जीवन दिने भनिएको बुटी

देउराली : पहाडको उकालो सिद्धिने ठाउँ

पदचिह्न : पैतालाको डाम, पाइलो

## शब्दभण्डार

१. दिइएका अर्थ बुझाउने शब्द पाठबाट खोजेर लेख्नुहोस् :

(क) मनमा हुने कल्पना (जस्तै : भावना)

(ख) राष्ट्रभक्ति

(ग) भाषा, धर्म, चालचलनको समग्र रूप

(घ) घर, बाटो आदि निर्माण गर्न उपयोग गरिने पत्थर

(ङ) औषधीका काममा आउने बुटा र जरा

(च) पृथ्वी

२. उस्तै अर्थ दिने शब्दबिच जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| मन | मानव |
| धर्ती | विशेषता |
| प्रकृति | मुलुक |
| आमा | दिल |
| मान्छे | पवन |
| देश | पृथ्वी |
| हावा | जननी |

३. तल दिइएका शब्दको उल्टो अर्थ दिने शब्द कोठेपदबाट खोजेर लेख्नुहोस् :

शिर, माथि, वर, भित्र, राती, उन्नति, सुरु, भौतिक

| | | | | |
|---|---|---|---|---|
| पा | उ | त | प | र |
| बा | क्ष | ल | प्रा | अ |
| हि | दि | | कृ | व |
| र | उँ | अ | ति | न |
| ज्ञ | सो | न्त्य | क | ति |

४. बनी – भनी जस्तै पाँच जोडी लयात्मक लेख्नुहोस् :

जस्तै : परी - मरी, पढेर - गरेर

५. दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस्

धर्ती : धर्तीमा सबै चिज पाइन्छ ।

स्वच्छ

संस्कृति

जन्मभूमि

देशभक्ति

६. तलका शब्द पढेर अर्थ बुझ्नुहोस् : 

| मौलिक शब्द | आगन्तुक शब्द |
|---|---|
| ♦ अक्षर, अनुशासन, ईश्वर, ऋषि, औषधि, अंश, अङ्क, गङ्गा, घोषणा, ज्ञान, टीका, डमरु, तृतीय, नीति, परीक्षा, पुस्तक, फल, बुद्ध, भाषा, भीम, मूर्ति, मृत्यु, यज्ञ, विकास, विद्यार्थी, शङ्ख, शोषण, षड्यन्त्र, संसार, साहित्य<br>♦ आज, आगो, आँसु, काँध, साँघुरो, हाँस, हात, साँचो खाजा, पाँच, दुध, मिठो, पात, मित, औँला | गुरुङ भाषा : घले, घुम, रोदी, घ्यावा<br>मगर भाषा : आँसी, चुँदी, तादी, थुन्से, पटुका<br>तामाङ भाषा : च्याङ्वा, मैच्याङ, डम्फु, सेलो<br>मैथिली भाषा : जन, घुर, ठाट, ढेवा, पटुवा, पैनी, कर्ची, टाटी<br>नेपाल भाषा : पसल, खापा, कौसी, छिँडी, झ्याल, बुइँगल<br>लिम्बू भाषा : सेवारो, मुन्धुम, आदाङ्बे<br>अङ्ग्रेजी : अक्सिजन, अगस्त, गभर्नर, कार्बन, कार्गो, कलभर्ट, टर्च<br>अरबी : सहिद, गरिब, कानुन, हाकिम, हाजिर, गद्दार, अदालत |

| | |
|---|---|
| ♦ झुलुक्क, टुप्लुक्क, मुसुक्क, असरल्ल, कटक्क, खत्रक्क, गजक्क<br>♦ आहा, ऐया, आत्था, छ्या, ओहो, एहे, हाहा, स्याबास<br>♦ त, नि, पो, लौ, ल, है, लौ लौ, लौ न, हो त | फारसी : खर्च, कारोबार, बमोजिम, सहर, खरिद, कारखाना, आवाज<br>तुर्की : बहादुर, कुली, गलैँचा, चम्चा, सौगात, तोप, तक्मा, कैँची<br>पुर्तगाली : अचार, कमिज, कफी, गमला, गोदाम, तमाखु, बटुको<br>फ्रान्सेली : इन्जिनियर, कलेज, कार्टुन, कुपन, बिगुल, पुलिस, जज<br>ल्याटिन : एजेन्डा, कोरम, क्याम्पस, क्यालेन्डर, डिपोजिट, मिसन |

## बोध र अभिव्यक्ति

१. **दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :** 

संस्कृति   तारा   स्वच्छ   जडीबुटी   प्रकृति   पदचिह्न

२. **'नेपाल नै राम्रो' कविता पालैपालो लय मिलाएर पढ्नुहोस् ।**

३. **'नेपाल नै राम्रो' कविताको पहिलो श्लोकमा कतिओटा शब्द छन्, भन्नुहोस् ।**

४. **छुटेका शब्द भरी कविताको अंश पूरा गर्नुहोस् :** 

सास फेर्ने ............... हावा सगरमाथा शिर

............... जडीबुटी यहाँ सबैतिर

प्रकृति र ............... मा रमाउने मन

माटो ............... नदी नाला सबै हाम्रा धन ।

५. दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :

(क) केले नेपाल छुन्छ ?

उत्तर : देशभक्तिको भावनाले नेपाल छुन्छ ।

(ख) हामी धर्तीलाई के भन्छौँ ?

(ग) जडीबुटीलाई अर्को के नाम दिइएको छ ?

(घ) मन केसँग रमाउँछ ?

(ङ) बाल बेलामा हामीले कहाँ खेल्यौँ ?

६. कविताको दोस्रो श्लोक जस्ताको त्यस्तै लेख्नुहोस् ।

७. उदाहरणमा दिइए जस्तै गरी दिइएका हरफलाई वाक्यमा लेख्नुहोस् :

कवितांश : आफूभन्दा प्यारो हुन्छ आफ्नो जन्मभूमि

वाक्य : आफ्नो जन्मभूमि आफूभन्दा प्यारो हुन्छ

(क) नेपालीको आस्था भन्छ नेपाली नै हुन

(ख धर्तीलाई आमा भन्ने भावना छ हाम्रो

(ग) आफूभन्दा प्यारो हुन्छ आफ्नो जन्मभूमि

८. दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) किन नेपालीको मनभित्र नेपाल हुन्छ भनिएको हो ?

हामी नेपाली हौँ । नेपालका प्रत्येक चिजवस्तु हाम्रा हुन् । नेपालले हामीलाई परिचय दिएको हो । हामीले पनि नेपालका प्रत्येक चिजवस्तुलाई माया गर्नुपर्छ । हामीलाई चिनाउने वस्तुको सम्बन्ध हामीसँगै हुन्छ । समग्रमा त्यो नै नेपाल हो । त्यसैले नेपालीको मनभित्र नेपाल हुन्छ भनिएको हो ।

(ख) कवितामा के के उही छन् भनिएको छ ?

(ग) नेपाल कसरी कर्मभूमि बन्न सक्छ ?

(घ) हाम्रा धन के के हुन् ?

(ङ) के पुछेर मेटिँदैन ?

(च) यस कविताको मूल भाव के हो ?

९. दिइएका हरफलाई बढाएर लेख्नुहोस् :

(क) नेपालीको मनभित्र नेपाल नै हुन्छ
देशभक्ति भावनाले नेपाल नै छुन्छ ।

> यी हरफ नेपाल नै राम्रो कविताबाट लिइएका हुन् । यसमा नेपालीले नेपाललाई माया गर्नुपर्ने भनिएको छ । देशभक्ति भनेको देशलाई माया गर्ने गुण हो । देशभक्तिले देशलाई चिनाउँछ । कुनै देशमा जन्मेपछि त्यस देशलाई माया गर्नुपर्छ । नेपालमा जन्मेका हामीले पनि हाम्रो देशलाई माया गर्नुपर्छ । नेपाललाई माया गर्ने मानिसका मनमा नेपाल हुन्छ । मनमा देशको माया भए देशको सबै चिज आफ्ना लाग्छन् । यसले देशलाई सुन्दर बनाउने भावना जगाउँछ । देशभक्तिको भावनाले नेपाल र नेपालीलाई नजिक पार्छ । यसर्थ नेपालीका मनमा नेपाल हुनुपर्छ । देशभक्तिको भावनाले नेपाल बनाउनुपर्छ ।

(ख) प्रकृति र संस्कृतिमा रमाउने मन
माटो ढुङ्गो नदी नाला सबै हाम्रा धन ।

१०. नेपाललाई किन राम्रो भनिएको होला ? आफ्नो विचार लेख्नुहोस्

११. **दिइएको सन्दर्भ पढ्नुहोस् र निर्देशनअनुसार गर्नुहोस् :**

आज बाले एउटा किताब ल्याएर भाउजूलाई दिनुभयो । त्यस किताबमा धेरै कविता थिए । भाउजूलाई देवी नेपालको नेपाली समाज कविता खुब मन परेछ । उहाँ कविता लय हालेर गाउन थाल्नुभयो । कविता यस्तो थियो :

*झुल्कियो घाम सुरु भो काम हाँसो छ ओठमा*
*टाट्नामा खसी गाई र भैँसी बस्दछन् गोठमा*
*छिमेकी काका लैबरी भाका खुसीले गाउँछन्*
*कोइली पनि गाउँछु भनी नजिक आउँछन् ।*

*हिमाल हाँस्छ बख्खु र दोचा लाउन पाएर*
*पहाड बाँच्छ घलेक, दौरा, चौबन्दी लाएर*
*तराई लाउँछ सुन्दर फेटा, धोती र कछाड*
*इन्द्रेनीजस्तै रङ्गीन हाम्रो नेपाली समाज ।*

यो कविता लयमा गाएको सुनेर बाआमा त मक्ख पर्नुभयो । हामी सबैले भाउजूलाई प्रशंसा गर्दै ताली बजायौँ ।

भाउजूले जस्तै तपाईँ पनि आफूलाई मन पर्ने कविता वा कथा पुस्तकालय वा सामाजिक सञ्जालबाट सङ्कलन गर्नुहोस् र कक्षामा खोजेर पढ्नुहोस् र घरमा सबैलाई सुनाउनुहोस् ।

## भाषिक संरचना र वर्णविन्यास

१. **दिइएको अनुच्छेद पढ्नुहोस् र खाली ठाउँमा मिल्ने शब्द सार्नुहोस् :**

आमाजू, नन्द र भूमिका बजार गए । उनीहरूले चामल, दाल र फलफूल किने । तेल, नुन र बेसार पनि किन्नु थियो । उनीहरू सडकको छेउतिर लागे । एक जना फाटेका लुगा लाएका मानिस बेसार बेच्दै थिए । तिनलाई

धेरैले दया गरेनन् । केहीले त घृणा गरे । हामीलाई चाहिँ माया लाग्यो । आमाजूले एक काइँयो केरा र एक झुप्पो अङ्गुर दिनुभयो । उसले नदीछेउको रुखतिर हेर्दै कपाकप खायो ।

| | व्यक्तिलाई बुझाउने शब्द | जातिलाई बुझाउने शब्द | भाव बुझाउने शब्द | द्रव्य बुझाउने शब्द | समूह बुझाउने शब्द |
|---|---|---|---|---|---|
| अनुच्छेदबाट टिपेको | आमाजू | चामल | माया | नुन | काइँयो |
| मैले थपेको | सगरमाथा | फूल | गरिबी | चाँदी | गुजुल्टो |

२. 'नेपाल नै राम्रो' कवितामा प्रयोग भएका नाम शब्द पहिचान गरी टिप्नुहोस् ।

जस्तै : भावना

३. रातो अक्षरमा दिइएका शब्द पढ्नुहोस् । ती सर्वनाम शब्द हुन् । यी नामका सट्टामा प्रयोग हुन्छन् । यीबाहेक अरू पनि सर्वनाम शब्द हुन्छन् कि ? सोच्नुहोस् र यी शब्द कापीमा टिप्नुहोस् :

म आज साथीका घरमा गएँ र घुम्न जाने कुरा गरेँ । हामीले अरू साथीलाई पनि लाने विचार गर्‍यौँ । उनीहरूले पनि जाने भने । मैले उमालाई तिमी पनि जाने भनेको त तँ जा न भनेर पो झर्की । उमेशलाई झ्वाँक चलेछ । उसले तपाईँ किन झ्वाँक्किनुहुन्छ भन्दा उनी त कुलेलम ठोकिन् । हिँड्ने बेलामा आमाले तिमीहरू राम्ररी जानु है भनेर बिदा गर्नुभयो ।

४. दिइएका शब्दबाट सुरु, बिच र अन्तिममा ह्रस्व इकार (ि) आउने शब्द छानेर गोलो घेरा लगाउनुहोस् :

| | | | | |
|---|---|---|---|---|
| कमिलो | नेपाली | नानी | प्रकृति | इनार |
| संस्कृति | मिति | बाहिर | तीन | मिठो |
| धर्ती | अबिर | माथि | अगाडि | कागती |
| अमिलो | अकबरे | धरती | भेटिन्छ | मेटिन्छ |
| रसिलो | चालिस | उनी | भाइ | |

## सुनाइ र बोलाइ

१. टीका आत्रेयको अन्नदाता कविता सुन्नुहोस् र ठिक भए ठिक र बेठिक भए बेठिक भन्नुहोस् :

खेतबारी लहलह फलाउने अन्न
संसारको भोक टार्ने किसान हुन् धन्य !
गोठभरि गाईभैँसी साना पाडा बाच्छा
पालेका हुन् हाम्रै लागि पोखरीका माछा ।

पसिनाले भिजाउँछन् गरा गरा माटो
अन्न दिन्छ माटो पनि पसिनाको साटो
लेकबेँसी वनपाखा पानी कुलाभरि
जतातत्तै किसानको काम थरी थरी ।

पालेका छन् खोरभरि कुखुरा र बाखा
लहरामा कति राम्रा फर्सी अनि काँक्रा

परिश्रमी हातहरू सिर्जनाका खानी
सिर्जनामै रमाउने प्यारो जिन्दगानी ।
दुध, दही, घिउ, मासु, फलफूल सारा
पुऱ्याउँछन् आफू झारी पसिनाका धारा

झरी बादल शीत ताप कतै डर छैन
माटोसँगै प्रीति गाँस्ने अरू कोही हैन ।

हलो, जुवा, कोदाली हुन् जीवनका खुसी
खेतबारी पाठशाला पसिना हो मसी
दुनियाँको खुसी लेख्ने किसानको मन
किसान हुन् अन्नदाता संसारकै धन ।

(क) संसारको भोक टार्ने अन्न हो ।

(ख) पानीले गरा गरा भिजाउँछ ।

(ग) किसानले कुखुरा र बाख्रा पालेका छन् ।

(घ) किसानले माटोसँग प्रीति गाँस्छ ।

(ङ) किसानको पाठशाला खेतबारी हो ।

२. अन्नदाता कविता सुनेर मौखिक उत्तर दिनुहोस् : 

(क) किसानले हाम्रा लागि के के पालेका छन् ?

(ख) किसानका काम कस्ता कस्ता छन् ?

(ग) हाम्रो जिन्दगानी केमा रमाउँछ ?

(घ) किसानले अरूलाई के के पुऱ्याउँछन् ?

(ङ) परिश्रमी हातहरू के हुन् ?

## सिर्जनात्मक कार्य

१. खाली ठाउँमा तल दिइएका लययुक्त शब्द भरी कविता पूरा गर्नुहोस् :



| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| रगत | सूर्य | ठुलो | छाया | वचन | माया | गण्डकी | झन्डा |

नेपाली पानी नसुकेसम्म यो..... रगत ......सुक्दैन
चन्द्र र .......नझुकेसम्म यो झन्डा झुक्दैन ।

को.........सानो, को तल माथि
हिमाली ......... एकै हो
नमिठो ........नबोल साथी
देशको .........एकै हो ।


नेपाली रगत नसुकेसम्म ...........सुक्दैन
चन्द्र र सूर्य नझुकेसम्म यो ........झुक्दैन ।

- क्षेत्रप्रताप अधिकारी

# पाठ २









(क) माथिका चित्रमा तपाईँ के के देख्नुहुन्छ ?

(ख) के तपाईँको छरछिमेकमा पनि यस्ता काम हुन्छन् ?

(ग) यीबाहेक तपाईँका छरछिमेकमा के के काम हुन्छन् ?

## मूल पाठ

# नानीशोभा नर्सरी

- शाश्वत पराजुली

मचाकाजीको घर चिटिक्क परेको थियो । **झिँगटी**ले छाएको तोयनाथको घर पनि सफा र राम्रो थियो । साँध जोडिएको मचाकाजी र तोयनाथको घर मूलबाटाबाट धेरै टाढा थिएन । मचाकाजीका परिवारमा तीन जना थिए । श्रीमान् मचाकाजी, श्रीमती मनमैजु र छोरी नानी । तोयनाथको परिवारमा पनि तीनै जना थिए, श्रीमान् तोयनाथ, श्रीमती तारादेवी र छोरी शोभा ।

मचाकाजी घरको **फलैँचा**मा बसेर सुरुप सुरुप गर्दै चिया पिउन रुचाउँथे । उनी बेला बेलामा नारायणगोपालका गीत पनि गुनगुनाउँथे । उता तोयनाथ भने ठुलो पित्तले गिलासमा **मही** खाँदै दिनहुँ आँगनमा तीनचार फन्का लगाउँथे । उनी ठुलो आवाजमा रेडियो घन्काएर समाचार सुन्न पनि रुचाउँथे ।



त्यस्तो नहोस् पनि कसरी ? तोयनाथलाई पानी चाहिन्थ्यो । उनी फूल फुलाउँथे । फूल बजारमा लगेर बेच्ने गर्थे । यता मचाकाजीलाई घाम चाहिन्थ्यो । उनी माटाका भाँडा र गमला बनाउँथे अनि बजारमा लगेर बेच्ने गर्थे ।

दिन सधैँ एकैनासको के हुन्थ्यो र ! कहिले घाम लाग्थ्यो त कहिले पानी पर्थ्यो । अनि त कहिले तोयनाथ दङ्ग परेका हुन्थे, कहिले मचाकाजी फुरुङ्ग परेका हुन्थे । कहिले चाहिँ मचाकाजी दिक्क मानेर बसिरहेका हुन्थे भने कहिले तोयनाथ वाक्क भएका हुन्थे । मचाकाजी र तोयनाथका छोरीहरूलाई यी सबै कुराको चासो थिएन । नानी र शोभा खुबै मिल्थे । सँगै खेल्थे अनि सँगै पढ्थे ।

यस दिन पानी परिरहेको थियो । तोयनाथ बिछट्टै रमाए । उनी मचाकाजीले सुन्ने गरी ठुलो ठुलो स्वरमा कराउँदै आफ्नी श्रीमतीसँग भन्न थाले, “यस पटक हाम्रो राम्रो आम्दानी हुन्छ । घर मर्मत गर्नुपर्छ र रङरोगन पनि गर्नुपर्छ ।”

तोयनाथका कुरा सुनेर मचाकाजी डाहाले भुतुक्कै भए । उनले आफ्ना माटाका भाँडातिर हेर्दै दिक्क माने । घाम नलागेर उनले बनाएका गमला सुकाउन पाएका थिएनन् । उनको व्यापार राम्रो भएन ।

तोयनाथले भने राम्रै व्यापार गरे । हेर्दाहेर्दै घर पनि मर्मत गरे । घरलाई रङरोगन गरेर झिलिक्कै पारे । यता मचाकाजीलाई भने घर खर्च चलाउनै मुस्किल भयो ।

मौसमको कुरा के जानिसक्नु छ र ! अर्को साल पानी परेन । मजाले घाम लागिरह्यो । मचाकाजी खुबै रमाए । यस पटक उनले प्रशस्त भाँडा बनाए । माटाका भाँडाको बिक्री पनि राम्रै भयो ।

एक दिन उनले तोयनाथले सुन्ने गरी भने, “यस पटक राम्रो व्यापार भएको छ । एउटा मोटरसाइकल किन्नुपर्छ ।”

हेर्दाहेर्दै मचाकाजीको घरमा मोटरसाइकलको आवाज सुनियो । तोयनाथलाई

खपिसक्नु भएन । पानी नपरेकाले फूलहरू खङ्ग्रङ्ङ सुके । यस पटक तोयनाथको व्यापार चौपट भयो । उनलाई घर खर्च चलाउन गाह्रो पर्‍यो । यही पिरले एक दिन तोयनाथ बिरामी परे । उठेर हिँड्डुल गर्न नसक्ने भए ।

"तोयनाथलाई धेरै दिन भयो नदेखेको । उनलाई सन्चो छैन कि कसो ?" मचाकाजीले आफ्नी श्रीमती मनमैजुसँग सोधे ।

"खोइ, म के जानूँ ? एक पटक घरमा नै गएर बुझ्ने हो कि ।" बत्ती कात्दै गरेकी मनमैजुले भनिन् ।

मचाकाजी अल्छी मान्दै बाहिर निस्के । आँगनमा आफ्नी छोरी नानी र तोयनाथकी छोरी शोभा खेलिरहेका थिए । नानीले फूलको बिरुवा हातमा लिएकी थिइन् । शोभाले ससाना गमला बोकेकी थिइन् । उनीहरू दुवैले मिलेर गमलामा माटो भरे । बिरुवा सारे । ससाना गमलामा कोपिलासहितका बेर्ना सुन्दर देखिए ।

"अब गमलालाई भोलि विद्यालयको मेलामा राख्नुपर्छ ।" उनीहरू दुवैले सल्लाह गरे । यी सबै कुरा मचाकाजीले परैबाट अनौठो मानेर हेरिरहे ।




बेलुकी नानीले सय रुपियाँ बोकेर आइन् । "कहाँबाट ल्यायौ छोरी यो पैसा ?" मचाकाजीले जान्न चाहे ।

नानीले भनिन्, "हिजो हामीले विद्यालयको मेलामा लगेका बेर्नासहितका गमला

धेरैले रुचाए । ती गमला दुई सय रुपियाँमा बिक्री पनि भए । हामीले त्यही पैसा बाँडेर लिएका हौँ । शोभा भन्दै थिई उसका बुबा बिरामी हुनुहुन्छ रे । त्यो पैसा उसलाई औषधी किन्न काम लाग्छ रे ।"

मचाकाजी झसङ्ग भए । उनी तुरुन्तै तोयनाथको घरमा पुगे । तोयनाथ बिरामी परेर ओछ्यानमा थिए ।

मचाकाजीले कम्पाउन्डर बोलाएर ल्याए । तोयनाथको उपचार गराए । उनले तोयनाथलाई एकछिन पनि एक्लै छोडेनन् । केही दिनपछि तोयनाथलाई अलि सन्चो पनि भयो ।

एक दिन तोयनाथको खाटनजिकै बसेर मचाकाजीले भने, "भाइ, मौसम र व्यापारको के भर ! कहिले तिम्रो राम्रो हुन्छ कहिले मेरो ।" उनले गम्भीर हुँदै अगाडि भने, "हामी दुवैले मिलेर काम गरे कसो होला ? केही दिन अगाडि तिम्री छोरी शोभाले केही बिरुवा लिएर आइन्, हाम्री छोरी नानीले गमला तयार गरिन् । दुवैले मिलेर बिरुवासहितका गमला विद्यालयको मेलामा बेचेछन् । अनि त मेरा आँखा खुले जस्तै भए ।"

मचाकाजीले एकैछिन गम खाएर फेरि भने, "हेर त नानी र शोभाले झैँ हामी दुवैले यसरी मिलेर काम गर्न सके कति जाति हुन्थ्यो ।"

तोयनाथ यस पटक झसङ्ग भए । उनले मनमनै भने, "हो त नि, यस विषयमा त मैले सोचेकै रहेनछु ।"

उनले नजिकै रहेका मचाकाजीको हात समाउँदै भने, "दाइ तपाईंको कति राम्रो विचार ! हामी दुवै मिलेर काम गरौँ ।"

हेर्दाहेर्दै दुइटा घरबिचको निगाले बार हट्यो । मचाकाजीले बनाएका सयौँ गमलामा तोयनाथले हुर्काएका बिरुवा सारियो ।

मचाकाजी तोयनाथलाई फूलको काममा सघाउँथे । तोयनाथ माटाका भाँडा बनाउन मदत गर्थे । घाम लाग्दा भाँडा सुकाउने काम हुन्थ्यो । पानी पर्दा फूल रोप्ने काम हुन्थ्यो ।

कुनै वेला फूलको व्यापार राम्रो हुन्थ्यो भने कुनै वेला माटाका भाँडाको बेचबिखन राम्रो हुन्थ्यो । व्यापारको आम्दानी दुवैले बाँडेर लिन्थे । यसबाट दुवैको आम्दानी बढ्दै गयो । व्यापार नभएर पहिले झैँ कसैलाई पनि भोकै बस्नु परेन ।

केही महिनापछि दुवैको घरमाझ एउटा ठुलै साइनबोर्ड झुन्डियो, 'नानीशोभा नर्सरी' । दुवैले आआफ्ना छोरीका नामबाट नर्सरीको नाम जुराए । हेर्दाहेर्दै नानीशोभा नर्सरीले धेरै प्रगति गऱ्यो । हिजोआज त मचाकाजी र तोयनाथको व्यापार छोरीहरू नानी र शोभाले सम्हालेका छन् ।

## शब्दार्थ

| | | |
|---|---|---|
| झिँगटी | : | छाना छाउन माटो पोलेर बनाइएको साधन |
| फलैँचा | : | चौतारो जस्तै बस्ने ठाउँ |
| मही | : | दहीबाट मथेर बनाइएको तरल पदार्थ |
| रङरोगन | : | रङको प्रयोग गरी कुनै वस्तु राम्रो पार्ने काम |
| चौपट | : | नष्ट, सत्यानाश |
| बेर्ना | : | खुर्सानी, फूल आदिका साना बिरुवा |
| कम्पाउन्डर | : | अस्पतालमा डाक्टरलाई सघाउने स्वास्थ्य सहायक |

## शब्दभण्डार

१. **दिइएका अर्थ बुझाउने शब्द पाठबाट खोजेर लेख्नुहोस् :**

(क) कुनै वस्तु किनेर वा उत्पादन गरेर बिक्री गर्ने काम (व्यापार)

(ख) चौडाइ धेरै भएको ठुलो र फराकिलो बाटो

(ग) ईर्ष्या

(घ) कौसी, बार्दली आदिमा बोटबिरुवा रोप्न प्रयोग गरिने भाँडो

(ङ) कुनै कामबाट कमाइएको धन

(च) बिरुवा हुर्काउने ठाउँ

२. **दिइएका शब्दको मिल्ने अर्थमा ठिक (✓) र नमिल्ने अर्थमा बेठिक चिह्न (✗) लगाउनुहोस् :**

| | |
|---|---|
| (क) ताल | (.....) पोखरी |
| | (.....) सङ्गीतको ताल |
| | (.....) टाल्ने काम |
| (ख) ताप | (.....) दु:ख वा पिर |
| | (.....) छानो |
| | (.....) तातोपन |
| | (.....) चालिस सेर वजन बराबरको तौल |
| (ग) जुवा | (.....) पैसा बाजी राखेर खेलिने खेल |
| | (.....) खर्च |

(.....) गोरु नार्दा दुवैका काँधमा राखेर जोतारुले बाँधिने दुई वा चारओटा सोइला भएको काठ

३. दिइएका अनेकार्थी शब्दलाई फरक फरक अर्थ आउने गरी वाक्यमा प्रयोग गर्नुहोस् :

उत्तर, साँचो, पत्र, साल, कल

जस्तै : उत्तर : मैले परीक्षामा राम्रो उत्तर लेखेँ ।

: नेपालको उत्तरमा हिमाल छन् ।

४. तलका शब्दको उल्टो अर्थ आउने शब्द लेख्नुहोस् :

जस्तै : रात - दिन

भित्र, आकाश, गुरु, गह्रौं, घृणा

५. दिइएका अनुकरणात्मक शब्दसँग मिल्ने क्रियामूल छानेर जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| कुटुक्क | सुक्नु |
| सुरुप्प | हुनु |
| खङ्ग्रङ्ङ | टोक्नु |
| झसङ्ग | हाँस्नु |
| मुसुक्क | पिउनु |

६. दिइएका मिल्ने शब्द लेखी खाली ठाउँ भर्नुहोस् :

झमक्क फनक्क झमझम मुसुमुसु भुर्र

(क) ऊ रिसाएर ............................ फर्कियो ।

(ख) राती ............................ पानी पऱ्यो ।

(ग) सानो नानी ............................ हाँसी ।

(घ) चरो ............................ उड्यो ।

(ङ) घर पुग्दा ............................ साँझ पऱ्यो ।

७. दिइएका अनुकरणात्मक शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

जस्तै : कटक्क - अमिलो खाएपछि पेट कटक्क दुख्यो ।

भुतुक्क, मिलिक्क, सलक्क, तपतप, टुक्रुक्क

## बोध र अभिव्यक्ति

१. दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :

खङ्ग्रङ्ङ, फुरुङ्ङ, आँगन, प्रशस्त, व्यापार, गम्भीर, भाँडा, बिछट्टै, साँध

२. 'नानीशोभा नर्सरी' कथाका अनुच्छेद हाउभाउसहित पालैपालो पढ्नुहोस् ।

३. 'नानीशोभा नर्सरी' कथामा कतिओटा अनुच्छेद छन् ? अन्तिम अनुच्छेदमा कतिओटा वाक्य रहेका छन्, भन्नुहोस् ।

४. **दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :**

(क) कथामा कति जना पात्र छन् ?

(ख) दङ्ग पर्ने र ठुस्स पर्ने को को हुन् ?

(ग) मचाकाजीले किन घर मर्मत गर्ने कुरा गरेको हो ?

(घ) नानी र शोभा आँगनमा के गर्दै थिए ?

(ङ) तोयनाथले के सोचेको थिएन ?

५. **कसले कसलाई भनेको हो, भन्नुहोस् :**

(क) घर मर्मत गर्नुपर्छ र रङरोगन पनि गर्नुपर्छ ।

(ख) एउटा मोटरसाइकल किन्नुपर्छ ।

(ग) उनलाई सन्चो छैन कि कसो ?

(घ) कहाँबाट ल्यायौ छोरी यो पैसा ?

(ङ) दाइ तपाईंको कति राम्रो विचार !

६. **दिइएको अनुच्छेद सुनेर लेख्नुहोस् :**

गाउँमा एक महिला थिइन् । उनी एक अर्कामा कुरा लागाएर झगडा पार्थिन् । एउटा घरमा देउरानी र जेठानी खुब मिल्थे । ती महिलाले देउरानीसँग भनिन्, "तिम्री जेठानी त तिम्रो खुब डाहा गर्दिरहिछिन् नि !" भोलि पल्ट जेठानीलाई भेटेर भनिन् । तिम्री देउरानी त कामै नलाग्ने ! तिम्राबारेमा नानाथरी कुरा गर्दै थिइन् ।" अर्को दिन देउरानी जेठानी दुवैले महिलालाई भेटेर भने, "बज्यै ! तिमी त सारै ज्ञानी रहिछौ नि ! कुरा लगाएर घर भाँड्ने ।"

७. चित्रमा जस्तै तपाइँका घरमा के के छन्, सुनाउनुहोस् :



८. कुन घटना पहिले भएको हो ? घटनाको क्रम मिलाएर लेख्नुहोस् :

☐ घाम लाग्दा मचाकाजी र पानी पर्दा तोयनाथ खुसी हुन्थे ।

☐ मचाकाजीले तोयनाथको घर गएर छोरीहरूले मिलेर काम गरेको बताए ।

☐ पानी नपरेकाले तोयनाथको व्यापार बिग्रियो ।

☐ मचाकाजी र तोयनाथले मिलेर फूल र माटाका भाँडाको व्यापार गर्न थाले ।

☐ छोरीको नामबाट खोलेको ‘नानीशोभा नर्सरी’ ले दुवैलाई प्रशस्त आम्दानी दियो ।

☐ नानी र शोभा मिलेर गमलामा बिरुवा सारे ।

☐ नानी र शोभाले गमला बिक्री गरेर दुई सय रुपियाँ कमाए ।

☐ मचाकाजी र तोयनाथ एकअर्काका छिमेकी थिए ।

९. दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) मचाकाजी र तोयनाथ के के गर्न रुचाउँथे ?

(ख) तोयनाथ किन बिरामी परे ?

(ग) मचाकाजीले तोयनाथलाई के भनेर सम्झाए ?

(घ) तोयनाथको व्यापार किन बिग्रियो ?

(ङ) 'नानीशोभा नर्सरी' कथाको मुख्य सन्देश के हो ?

१०. दिइएका वाक्यको आशय वर्णन गर्नुहोस् :

(क) नानी र शोभाले झैँ हामी दुवैले यसरी मिलेर काम गर्न सके कति जाती हुन्थ्यो ।

> यो हरफ नानीशोभा कथाबाट लिइएको हो । नानी र शोभाका बाबुहरू छिमेकी भएर पनि एकअर्कामा मिल्दैनथे । एक अर्काको प्रगतिमा डाही गर्थे । एक दिन तोयनाथ बिरामी परे । व्यापार बिग्रेकाले उपचार गर्ने पैसा भएन । उसकी छोरी शोभा र मचाकाजीकी छोरी नानी मिलेर गमलामा फूलका बिरुवा रोपेर प्रदर्शनीमा लगी बेचे । छोरीहरूले मिलेर काम गरेको देख्दा मचाकाजीलाई पनि आफूहरूले पनि मिलेर काम गर्न पाए हुन्थ्यो भन्ने लाग्यो ।

(ख) भाइ, मौसम र व्यापारको के भर ! कहिले तिम्रो राम्रो हुन्छ कहिले मेरो ।

११. 'नानीशोभा नर्सरी' कथाको पहिलो अनुच्छेदबाट चारओटा प्रश्न बनाउनुहोस् ।

१२. नानी र शोभाले झैँ मचाकाजी र तोयनाथले किन मिलेर काम गरे ? कथाका आधारमा लेख्नुहोस् ।

१३. मचाकाजी र तोयनाथ तथा नानी र शोभाका ठाउँमा क्रमशः शरद्, रामवृक्ष, डोल्मा र रोशनी नाम राखी कथा मिलाएर भन्नुहोस्/लेख्नुहोस्।

१४. 'नानीशोभा नर्सरी' कथाको सार लेख्नुहोस्।

तोयनाथ र मचाकाजीका घरमा तीन तीन जनाको परिवार थियो । छिमेकी भएर पनि मचाकाजी र तोयनाथमा मित्रता थिएन । उनीहरू एकअर्कासँग राम्ररी बोल्दा पनि बोल्दैनथे । मचाकाजी घाम लाग्दा दङ्ग पर्थे । तोयनाथ पानी पर्दा खुसी हुन्थे । तोयनाथ फूल राप्थे। मचाकाजी माटाका भाँडा बनाउँथे । पानी परे मचाकाजी निधारमा हात लगाएर बस्थे । घाम लागे तोयनाथ ठुस्स पर्थे । पानी राम्रो परेकाले तोयनाथको फूल सप्रियो । उनले घर मर्मत गरी रङरोगन गर्ने योजना बनाए । मचाकाजीको व्यापार राम्रो भएन । घर चलाउन गारो भएकाले उनले डाहा गरे । अर्को साल घाम लाग्यो । मचाकाजीको व्यापार सप्रेकाले मोटरसाइकल किन्ने योजना बनाए । तोयनाथको व्यापार बिग्रियो । उनी बिरामी परे । मचाकाजीकी छोरी नानी र तोयनाथकी छोरी शोभाले गमलामा फूल रोपे र विद्यालयको प्रदर्शनीमा लगेर बेचे । एकएक सय रुपियाँ बाँडेका उनीहरूमध्ये शोभाले सो पैसाले बाबुको उपचार गर्ने कुरा गरी । ननीले यो कुरा बाबुलाई सुनाई । छोरीको कुराले मचाकाजी झसङ्ग भए । उनले कम्पाउन्डर बोलाएर तोयनाथको उपचार गराए । उनले छिमेकी मिलेर काम गर्ने योजना बनाए । दुवैले मिलेर काम गरेर पैसा बाँडे ।उनीहरूले नानीशोभा नर्सरी बनाए ।

१५. गाउँघरको परिवेश झल्किने चित्र बनाउनुहोस्।

१६. कृष्णाश्रम माध्यमिक विद्यालय, इलामका छात्र मानवीर लाप्चाले तयार पारेको एक दिनको समय तालिका पढ्नुहोस् :

| समय | गतिविधि |
|---|---|
| बिहान ६ बजे | उठ्ने |
| बिहान ७ बजे | पढ्न बस्ने |
| बिहान ९ बजे | खाना खाने |
| बिहान ९:३० बजे | विद्यालय जाने |
| दिउँसो १ बजे | खाजा खाने |
| दिउँसो ४ बजे | विद्यालयबाट फर्किने |
| दिउँसो ४:३० बजे | खेल्ने |
| साँझ ६ बजे | पढ्न बस्ने |
| बेलुका ७ बजे | खाना खाने |
| बेलुका ९ बजे | सुत्ने |
| मानवीर लाप्चाले जस्तै तपाईँले पनि एक दिनको समय तालिका तयार पारेर कक्षामा सुनाउनुहोस् । | |

## भाषिक संरचना र वर्णविन्यास

१. दिइएको अनुच्छेद पढ्नुहोस् र रातो रङ लगाइएका विशेषण शब्द टिपेर अरू नै वाक्यमा प्रयोग गर्नुहोस् :

सानी भाउजू क्याम्पस जानुहुन्छ । ठुलो दाइ खेतमा काम गर्नुहुन्छ । दाइले खेती गरेको पाँच वर्ष भयो । राम्रो आम्दानी भएको छ । भाउजूले पनि परिश्रमको फल पाउनुभएको छ । पहिले हामी होचो घरमा बस्थ्यौँ । अहिले खानलाउन धेरै काम गर्नुपर्दैन । भाउजू पनि अन्तिम मूल्याङ्कनमा अब्बल ठहरिनुभयो ।

जस्तै : सानी = सानी नानीले चित्र बनाइन् ।

२. समूह 'क' र समूह 'ख' बिच जोडा मिलाउनुहोस् :

| समूह 'क' | समूह 'ख' |
|---|---|
| कस्तो ? | अलिकति |
| कत्रो ? | यो |
| कुन ? | होचो |
| कति ? | रातो |

३. खाली ठाउँमा मिल्दो विशेषण भर्नुहोस् :

(क) कागती .................. हुन्छ । (पिरो, अमिलो, तितो)

(ख) भालेका .................. ओटा खुट्टा हुन्छन् । (दुई, तीन, चार)

(ग) .................. कुर्ता मेरो हो । (कोही, त्यो, मिठो)

(घ) वर्षको .................. दिनलाई नयाँ वर्ष भनिन्छ । (पहिलो, दोस्रो, तेस्रो)

४. 'नानीशोभा नर्सरी' कथामा प्रयोग भएका कुनै दशओटा विशेषण शब्द टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

जस्तै : ससाना

५. शब्दको सुरु, बिच र अन्तिममा दीर्घ ईकार (ी) भएका तीन तीनओटा शब्द पाठबाट पहिचान गरी लेख्नुहोस् ।

जस्तै : गीत | गम्भीर | मचाकाजी

## सुनाइ र बोलाइ

१. तलको पाठ सुनी ठिक भए ठिक र बेठिक भए बेठिक भन्नुहोस् : 

### सौरभ र सौरभी

सौरभ र सौरभीको अनुहार मात्र होइन, हाँसो र हाँस्दा देब्रे गालामा पर्ने खोपिल्टो पनि मिल्थ्यो । रिसाउँदा झनक्क रिस देखाउने तरिका मिल्थ्यो । हर्षित हुँदा खुसी पोख्ने शैली पनि मिल्थ्यो । बिहानै सबेरै उठ्ने दुवैको बानी मिल्थ्यो ।

दुवैको जन्मदिनको मिति पनि मिल्थ्यो । नमिलोस् पनि किन ? मात्र एक मिनेटको फरकमा जन्मिएका सौरभ र सौरभी जुम्ल्याहा दाजुबहिनी थिए । दुवै सँगसँगै मिलेर जन्मदिन मनाउँथे । अरूले झैँ केकमाथिको मैनबत्ती निभाएपछि केक काटेर होइन, केकनजिकै दुईओटा पालामा दियो बालेर जन्मदिन मनाउँथे । जन्मदिनमा दियो बाल्न आमाले सिकाउनुभएको थियो । आमा भन्नुहुन्थ्यो, “जन्मदिनको यात्रा अँध्यारोबाट उज्यालोतिरको हुनुपर्छ, उज्यालोबाट अँध्यारोतिरको होइन । त्यसैले बलेको मैनबत्ती निभाएर होइन, दियो बालेर जन्मदिन मनाउनुपर्छ ।”

एक दिन सौरभ बगैँचाका फूलमा पानी हाल्दै थिए । सौरभीले दाइलाई जिस्काउँदै भनिन्, “तिमी त केटा मान्छे पो त ! केटा मान्छेले काम गर्न सुहाएन ।” सौरभले भन्यो, “कुनै पनि काम केटा वा केटी मान्छेका हुँदैनन् ।

सौरभको कुरा सुनेर सौरभी मुसुक्क हाँसिन् । छेवैमा उभिरहेका आमाबुबा पनि मुसुमुसु हाँस्नुभयो । उनीहरूको हाँसोमा मिसिएर सिङ्गो घर नै हँसिलो भयो ।

सरस्वती प्रतीक्षा

(क) सौरभ र सौरभी जुम्ल्याहा दाजुबहिनी हुन् ।

(ख) सौरभ अल्छी स्वभावका थिए ।

(ग) सौरभ र सौरभी हाँस्दा देब्रे गालामा खोपिल्टो पर्थ्यो ।

(घ) सौरभ र सौरभीको खुसी पोख्ने शैली मिल्दैनथ्यो ।

२. सौरभ र सौरभी पाठका आधारमा मौखिक उत्तर दिनुहोस् :

(क) सौरभ र सौरभी कति मिनेटको फरकमा जन्मिएका हुन् ?

(ख) सौरभ बगैंचामा के गर्दै थिए ?

(ग) सौरभी किन मुसुक्क हाँसिन् ?

(घ) जन्मदिन कसरी मनाउनुपर्छ ?

## सिर्जनात्मक कार्य

१. खाली ठाउँमा उपयुक्त शब्द राखी कथा पूरा गर्नुहोस् :

पोखरीमा एउटा भ्यागुतो बस्थ्यो । त्यो ........ आउँदा पानीभित्र लुक्थ्यो । मानिस त्यसलाई हेर्न .........., मकै आदिले हिकाउँथे । त्यो ...... टिपेर खाइदिन्थ्यो । मानिस हिँडेपछि त्यो ....... निस्कन्थ्यो । बाहिर ...... उडिरहेका हुन्थे । त्यो ती झिँगालाई .......ले तान्दै खान्थ्यो । एक दिन त्यहाँ एउटा ठुलो ...... आयो । त्यसले ......लाई देख्यो । भ्यागुताले झिँगा खान लागेकै बेलामा ........ले भ्यागुतालाई खायो ।

# पाठ ३




(क) चित्रमा तपाईँ के के देख्नुहुन्छ ?


(ख) मानिसले यी साधन किन प्रयोग गरेका होलान् ?

## मूल पाठ

# सञ्चारका साधन

कसलाई मोबाइल र कम्प्युटर चलाउने इच्छा नहोला ? टेलिभिजन, रेडियो र टेप रेकर्डर कसलाई मन नपर्ला ? कसले पत्रपत्रिका पढेर नयाँ जानकारी पाएन होला ? मौका मिल्नासाथ यस्ता कुरा नभई चित्तै बुझ्दैन । हामी प्राय: मोबाइल वा कम्प्युटर चलाउँछौँ । पढाइ लेखाइका लागि सहयोग चाहिए यी सबै खाले वस्तु उपयोग गर्छौं । समाचार थाहा पाउन होस् कि मनोरञ्जन गर्न, यी वस्तुहरू नभई हुँदैनन् । यी साधनसँग हामी दिनहुँ जोडिन्छौँ । अलग हुन चाहे पनि हामी सञ्चारका साधनबाट अलगिने अवस्था छैन ।

हामी हरेक दिन नयाँ नयाँ कुरा सिक्न चाहन्छौँ । त्यसका लागि कहिले टिभी हेर्छौं त कहिले रेडियो सुन्छौँ । कहिले पत्रपत्रिका पढ्छौँ त कहिले घुम्न निस्कन्छौँ । हामीले देखेर, सुनेर, पढेर, घुमेर केही न केही सिकिरहेका हुन्छौँ । विज्ञान र



प्रविधिले सिकाइलाई सहज बनाउन मदत गर्छ । यसले नयाँ कुरा जान्न र बुझ्नका लागि रुचि बढाउँछ । सिक्नु नै जीवनको लक्ष्य हो भन्ने भावना जगाइदिन्छ ।

हामी एकअर्काबिच कुराकानी गर्न रुचाउँछौँ । आफ्ना विचार र भावना आदानप्रदान गर्छौँ । यो हाम्रो मानवीय स्वभाव पनि हो । साथीभाइ, इष्टमित्र र आफन्तसँग कुराकानी गर्नु हाम्रो नियमित प्रक्रिया जस्तै बनेको छ । हामीलाई आफ्ना सुखदुःखका कुरा साटासाट गर्नुपर्छ । टाढा टाढाका व्यक्तिसँग कुराकानी गर्न मोबाइल नभई हुँदैन । कहिलेकाहीँ त हामी कम्प्युटरबाटै कुराकानी अगि बढाउन थाल्छौँ । हामी कहिले अनुहार नहेरी कुराकानी गर्छौँ त कहिले अनुहार हेरेर । कतिपय विचारलाई हामीले लेखेर समेत साटासाट गर्न पुग्छौँ । जसरी भए पनि आपसमा कुराकानी पूरा गराउनमा मोबाइल र कम्प्युटरको ठुलो योगदान छ । यस्ता उपकरण नभइदिएको भए कति दुःख पाउँथ्यौँ होला !

पहिले पहिले दमाहा बजाएर, कर्नाल फुकेर, झ्याली पिटेर नयाँ सन्देश वा सूचना दिने चलन थियो ।

मानिस नयाँ खबर थाहा पाउन र नयाँ जानकारी लिन विभिन्न उपाय अपनाउँथे । आजको आधुनिक युगमा खबर आदानप्रदान गर्न विभिन्न माध्यम विकास भएका छन् । हामी ती प्रविधिसँग दिनानुदिन अभ्यस्त हुँदै छौँ ।

सूचना र सञ्चारका विभिन्न साधन छन् । तीमध्ये एउटा भरपर्दो साधन पत्रपत्रिका हो । यसबाट जानकारी, सूचना वा सन्देश एकअर्कासम्म पुऱ्याइन्छ । पत्रपत्रिकामा विज्ञान, शिक्षा, खेलकुद, स्वास्थ्य आदि विषयवस्तु समावेश गरिएका हुन्छन् । यसले हाम्रा खुल्दुलीलाई मेटाउँछ । राम्रा समाचारपत्रले समाजमा राम्रा काम गर्न चेतना जगाउने र सत्यतथ्य जानकारी दिने गर्छन् । राष्ट्रिय एकता र राष्ट्रिय गौरव बढाउने काम गर्छन् । त्यसैले हरेक सञ्चार माध्यम व्यक्तिभन्दा समाज ठुलो र समाजभन्दा राष्ट्र ठुलो भन्ने प्रेरणाको वाहक बन्न सक्नुपर्छ ।

रेडियो, टेलिभिजन, मोबाइल, कम्प्युटर र टेलिफोन आदि पनि सूचना र सञ्चारका साधन हुन् । टेप रेकर्डरले पनि सञ्चारका लागि सहयोग पुऱ्याउँछ । यिनीहरूलाई विद्युतीय सञ्चार माध्यम भनिन्छ ।

यीमध्ये केही सुन्न र बोल्नका लागि उपयोग गरिन्छन् । केहीलाई सचित्र बोलचालका क्रममा उपयोग गरिन्छ । हिजोआज विद्युतीय उपकरणले सञ्चार साधनको आवश्यकता बढाएका छन् । यस्ता बिजुली वा ऊर्जाको खपत गरेर चलाइने उपकरण अनिवार्य जस्तै भएका छन् । त्यसका लागि इन्टरनेटको ठुलो भूमिका छ ।

इन्टरनेटका कारण विश्वभरिका विद्युतीय सञ्चार माध्यम आपसमा गाँसिएका छन् । यसैबाट इमेल र विभिन्न याप प्रयोग गरिन्छन् । हामी पनि दिन प्रतिदिन इमेलको सदुपयोग गरिरहेका हुन्छौँ । सूचना, सञ्चार र शिक्षासँग गाँसिएका अनेकौँ याप चलाउँछौँ । कतिपय एपका नाम फरक फरक भए पनि तिनका काम चाहिँ केही मिल्दाजुल्दा हुने गर्छन् । तिनले नै हामीलाई आपसमा नजिक्याएका छन् । इमेल र यापको सहयोगमा हामी देश विदेश जहाँसुकैबाट पनि जोडिन सक्छौँ । त्यस्तै इ-समाचार सुन्न र हेर्नका लागि इन्टरनेटकै सहयोग चाहिन्छ । यसको सहयोगबाट हामी घरमै बसी बसी संसारका जुनसुकै देश वा सहर थाहा पाउन सक्छौँ । संसारका हरेक राम्रा वा नराम्रा विषय चाँडै सुन्छौँ । अझ इ-पुस्तकालयले त विश्वका विभिन्न पुस्तक पत्रपत्रिका सजिलै उपलब्ध गराउँछ । त्यसैले शिक्षा, स्वास्थ्य र मनोरञ्जन आदिका क्षेत्रमा इन्टरनेट वरदान जस्तै बनेको छ ।

विद्युतीय सञ्चार साधन आजका आवश्यकता हुन् । यी मानिसको जीवनशैलीका सजिला माध्यम हुन् । यी् समयको सदुपयोग गराउने मुख्य वस्तु पनि हुन् । इन्टरनेटको सहयोगबाट यिनलाई भरमग्दुर सदुपयोग गर्न सकिन्छ । नेपालमा पनि २०७२ सालको विनाशकारी भूकम्प गयो ।

त्यसपछि फेरि कोभिड १९ जस्तो महामारी थपियो । यस्ता विपत्तिका कारण हाम्रो शैक्षिक क्षेत्र सबै प्रभावित हुँदा यिनकै उपयोग गरियो । विद्युतीय माध्यमबाटै कक्षा सञ्चालन भए । श्रव्यदृश्य सामग्रीको प्रयोग गर्न थालियो । कतिपय सञ्चारका साधन सिकाइसँग प्रत्यक्ष जोडिए । कहाँ कहाँ के के हुँदै छ भन्ने जानकारी लिनसमेत कुनै अप्ठ्यारो भएन । विश्वभरिका सूचना र सन्देश सजिलै थाहा पाइयो । फुर्सदिलो समयमा हाम्रा लागि मनोरञ्जन गराउन सञ्चारका साधनले मदत गरे । यसरी विद्युतीय सञ्चार साधन अप्ठ्यारो परिस्थितिमा समेत सजिला माध्यम बन्न पुगे ।

भनिन्छ, जान्नेलाई श्रीखण्ड नजान्नेलाई खुर्पाको बिँड । विद्युतीय सञ्चार साधन पनि सदुपयोग गर्नेलाई फाइदैफाइदा छ नत्र नोक्सान मात्र । टेलिभिजन हेरिरहे भविष्यमा आँखाले देख्नै नसक्लान् कि भन्ने डर हुन्छ । मोबाइल जथाभावी चलाइरहे त्यसको नोक्सानी कति हुन्छ भन्नै सकिँदैन । धेरैजसो विद्युतीय याप चलाइरहनेको अवस्था हामी सबैले सुनेकै छौँ । गलत किसिमबाट विद्युतीय सञ्चार माध्यमको प्रयोग गरियो भने दुःख नपाउने कुरै भएन । त्यसैले शिक्षा, स्वास्थ्य र मनोरञ्जन आदिका क्षेत्रमा धेरै उपयोगी हुँदाहुँदै सञ्चार साधनले नोक्सान पनि गर्न सक्छन् । यिनको दुरुपयोगबाट आँखाको ज्योति गुम्नेदेखि मानसिक अवस्था बिग्रिनेसम्मको डर हुन सक्छ । सकेसम्म जानेर वा बुझेर आफूलाई खराब नगर्ने किसिमबाट यिनलाई प्रयोग गर्नु बुद्धिमानी हो ।

वास्तवमा सञ्चार साधन मानव जीवनकै सहजता लागि तयार पारिएका हुन् । यिनहरूलाई जीवनको सहजताका लागि सदुपयोग गर्नु हाम्रो आजको आवश्यकता हो ।

## शब्दभण्डार

| | |
|---|---|
| मनोरञ्जन : | मनलाई खुसी बनाउने काम |
| प्रविधि : | वैज्ञानिक ढङ्गले काम गर्ने तरिका |

| | | |
|---|---|---|
| लक्ष्य | : | ताकेको कुरो, उद्देश्य |
| इष्टमित्र | : | साथी, नातेदार |
| उपकरण | : | काम गर्ने औजार |
| दमाहा | : | गजाले हानेर बजाइने एक बाजा |
| कर्नाल | : | फुक्ने ठाउँ सानो र बज्ने ठाउँमा फुकेको मुख हुने बाजा |
| अभ्यस्त | : | अभ्यास गरेको, दक्ष |
| सञ्चार | : | कुनै वस्तु एक ठाउँबाट अर्को ठाउँमा पठाउने काम |
| समावेश | : | सामेल गराउने काम |
| खुल्दुली | : | जिज्ञासा |
| वाहक | : | अगाडि बढाउने |
| विद्युतीय | : | बिजुलीबाट चल्ने |
| ऊर्जा | : | शक्ति |
| याप | : | निश्चित प्रक्रियामा चल्ने डिजिटल सिस्टम |
| इ-समाचार | : | अनलाइन समाचार |
| भरमग्दुर | : | सकुन्जेल |
| श्रव्यदृश्य | : | सुनेर र हेरेर थाहा पाइने |
| प्रत्यक्ष | : | आँखा अगाडिको, सामुन्ने |
| श्रीखण्ड | : | चन्दनको काठ |

## शब्दभण्डार

१. समूह 'क' मा दिइएका अर्थ बुझाउने शब्द समूह 'ख' बाट खोजेर जोडा मिलाउनुहोस् :

| समूह 'क' | समूह 'ख' |
|---|---|
| (क) ध्वनिलाई टेपमा भर्ने यन्त्र | पुस्तकालय |
| (ख) विभिन्न विषयका पुस्तक राखिएको घर | मानसिक |
| (ग) जथाभाबी भएको खर्च | समाचार |
| (घ) मनसँग सम्बन्ध राख्ने | सूचना |
| (ङ) सम्बन्धित सबैलाई केही कुरा थाहा दिने काम | टेप रेकर्डर |
| (च) पत्रपत्रिकामा छापिएका हालखबर | दुरुपयोग |

२. दिइएका पारिभाषिक शब्द एवम् तिनका अर्थ पढ्नुहोस् र बुझ्नुहोस्

प्रश्नावली : प्रश्नको क्रमबद्ध तालिका

पर्यावरण : कुनै वस्तु, विषय, व्यक्ति आदिको अवस्था

अधिवक्ता : न्यायालयमा वकालत गर्ने अधिकृत तहको कानुन व्यवसायी

संविधान : देशको मूल कानुन

पत्रकार : पत्रपत्रिकामा काम गर्ने व्यक्ति

बहुमुखी : विभिन्न विषयको विशेषताले युक्त भएको

अभिलेख : सुन, तामा वा ढुङ्गामा लेखिएको प्राचीन लेख

कुपोषण : स्वास्थ्यलाई हित नगर्ने किसिमको खाद्य वस्तु

ऐलानी : सरकारी रूपमा कसैको नाममा दर्ता नभएको जग्गा

नि:शुल्क : शुल्क नलागेको

निकुञ्ज : लहरा र बाक्ला रुख भएको ठाउँ

सम्पादक : कुनै पुस्तक, पत्रपत्रिका सम्पादन गर्ने व्यक्ति

३. **दिइएका मिल्ने शब्द राखी वाक्य पूरा गर्नुहोस् :**

(क) रसुवामा ......... मा परी बटुवाको मृत्यु भयो । (पहिरो, प्रदूषण, खडेरी)

(ख) हरिहर पत्रिकाका ..................... हुन् । (अधिवक्ता, कृषक, पत्रकार)

(ग) दुल्लुको .......... आजसम्म सुरक्षित छ । (अभिलेख, पत्रिका, नि:शुल्क)

(घ) लक्ष्मीप्रसाद दवकोटा नेपाली साहित्यका ..................... हुन् ।
(आदिकवि, महाकवि, आशुकवि)

(ङ) सरकारले ........... जग्गामा रुख रोप्यो । (ऐलानी, पर्यावरण, निकुञ्ज)

४. **दिइएका पारिभाषिक शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

जस्तै : म दैनिक समाचार पढ्छु ।

समाचार, कम्प्युटर, परीक्षा , टेलिभिजन, ऊर्जा, इन्टरनेट, श्रव्यदृश्य

५. **दिइएका शब्दको समूह जनाउने शब्दसँग जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| अङ्गुर | गुजुल्टो |
| अन्न | घरी |
| आगो | झुप्पो |
| कपाल | राँको |
| किताब | रास |
| केरा | खात |

६. **कोष्ठकबाट छानेर उपयुक्त शब्द भर्नुहोस् :**

(क) फूलको समूह बुझाउने शब्द ............. हो । (काइँयो, गुच्छा, झुप्पो)

(ख) धुवाँ शब्दको समूह बुझाउने शब्द ......... हो । (पानी, कोइला, मुस्लो)

(ग) सिपाही शब्दको ............. बुझाउने शब्द पल्टन हो । (समूह, लघुतावाची, अनेकार्थी)

(घ) बाँस .......... शब्दको समूह बुझाउने शब्द हो । (धान, घारी, तरकारी)

(ङ) दाउराको समूह बुझाउने शब्द ........ होइन । ( खलियो, हार, छेस्को)

## बोध र अभिव्यक्ति

१. **दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

| | | | | |
|---|---|---|---|---|
| कम्प्युटर | प्राय: | सञ्चार | पत्रपत्रिका | प्रक्रिया |
| राष्ट्रिय | विद्युतीय | विपत्ति | बुद्धिमानी | |

२. ‘सञ्चारका साधन’ निबन्धका अनुच्छेद पढ्नुहोस् ।

३. तल दिइएको अनुच्छेद पढेर सुनाउनुहोस् र अनुच्छेद पढ्न कति समय लाग्यो, सोध्नुहोस् :

कसलाई मोबाइल र कम्प्युटर चलाउने इच्छा नहोला ? टेलिभिजन, रेडियो र टेप रेकर्डर कसलाई मन नपर्ला ? कसले पत्रपत्रिका पढेर नयाँ जानकारी पाएन होला ? मौका मिल्नासाथ यस्ता कुरा नभई चित्तै बुझ्दैन । हामी प्राय: मोबाइल वा कम्प्युटर चलाउँछौँ । पढाइ लेखाइका लागि सहयोग चाहिए यी सबै खाले वस्तु उपयोग गर्छौं । समाचार थाहा पाउन होस् कि मनोरञ्जन गर्न, यी वस्तुहरू नभई हुँदैनन् । यी साधनसँग हामी दिनहुँ जोडिन्छौँ । अलग हुन चाहे पनि हामी सञ्चारका साधनबाट अलगिने अवस्था छैन ।

४. दिइएको अनुच्छेद मनमनै पढ्नुहोस् र उत्तर भन्नुहोस् :

हामीले पढेका छौँ । हाँस्नु, खेल्नु र रमाउनु स्वस्थ जीवनका लक्षण हुन् । हँसिलो मुहार हुने कहिल्यै अस्वस्थ देखिँदैनन् । नरिसाउने र तनाव नलिनेको फुर्तिलोपन साँच्चिकै लोभलाग्दो हुन्छ । जाँड, रक्सी, चुरोट र खैनी नखानेको छाती, फोक्सो, मुटु, कलेजोमा समस्या हुँदैन । उनीहरू मधुमेह, उच्च रक्तचाप र क्यान्सर जस्ता नसर्ने रोगबाट पनि जोगिन सक्छन् । दाँत माझेर चम्काउनेलाई सबैले प्यारो गर्छन् । मोबाइलमा खेल खेल्नेलाई भन्दा चउरमा खेल खेल्नेलाई मन पराउँछन् । झगडा गर्नेलाई भन्दा मिठो बोल्नेलाई सबैले रुचाउँछन् ।

### प्रश्नहरू


(क) के नगर्दा छाती, मुटु, कलेजो र फोक्सोमा समस्या हुँदैन ?

(ख) नसर्ने रोग के के हुन् ?

(ग) हामी स्वस्थ रहन के गर्नुपर्छ ?

(घ) माथिको अनुच्छेदको आशय के हो ?

५. दिइएका चित्रमा मिल्दा र नमिल्दा विषयवस्तु के के हुन्, भन्नुहोस्



६. दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) किन सिकाइलाई जीवनको लक्ष्य भनिएको हो ?

(ख) सञ्चार कस्तो हुनपर्छ ?

(ग) इन्टरनेटलाई किन वरदान भनिएको हो ?

(घ) 'जान्नेलाई श्रीखण्ड नजान्नेलाई खुर्पाको बिँड' भन्नुको तात्पर्य के हो ?

(ङ) यस पाठको सार के हो ?

७.　तलको पाठ पढेर उत्तर लेख्नुहोस् :

## स्वास्थ्य र जीवनशैली

- हरिप्रसाद पोखरेल

स्वास्थ्य नै ठुलो धन हो । स्वस्थ वा निरोगी रहनुको भावलाई स्वास्थ्य भनिन्छ । स्वस्थ हुँदा शरीर र मनमा फुर्तिलोपन रहन्छ । यसबाट दीर्घ जीवनको आधार तयार हुन्छ । स्वास्थ्यलाई सुखशान्तिको कारण पनि मानिन्छ ।

हामी सधैँ स्वस्थ रहन चाहन्छौँ । स्वस्थ खानपिन र वातावरण मन पराउँछौँ । हामी स्वस्थ **परिवेश**भित्र रमाउन खोज्छौँ । स्वस्थ हावापानीको खोजी गर्छौँ । स्वस्थताका निम्ति सतर्कता अपनाउँछौँ । हामी नै सफा, सुग्घर र स्वस्थ रहनुपर्छ भन्ने भावना जगाउँछौँ । स्वस्थ शरीरले सोचेअनुसारको काम गर्न सक्छ । जो स्वस्थ छ ऊ पढ्न, लेख्न, खेल्न र मिहिनेत गर्न सक्छ । उसले हरेक दिन केही न केही राम्रा काम गरिरहन्छ । हरेक स्वस्थ व्यक्तिमा उमेरअनुसारको काम गर्न सक्ने क्षमता रहन्छ । त्यसैले जीवनमा स्वास्थ्यको विशेष ख्याल गर्नुपर्छ ।

स्वास्थ्यप्रति सचेत व्यक्तिलाई **प्रदूषित** पदार्थबाट जोगिनुपर्छ भन्ने ज्ञान हुन्छ । उसले विषादी नहालेको शुद्ध खाद्यान्नको खोजी गर्न सक्छ । ऊ **अखाद्य** वस्तुको पहिचान गर्छ र तिनको **सेवन**बाट जोगिन पुग्छ । उसले तनावलाई हटाउँछ र आफ्नो दैनिकीलाई सधैँ व्यवस्थित तुल्याइरहन्छ । हामी सबैको चाहना पनि स्वास्थ्यको ख्याल गर्नु हो । स्वास्थ्य बिग्रिन नदिनु हो । हामीलाई थाहा छ, अस्वस्थ हुनुहुँदैन । अस्वस्थताको कल्पनासम्म पनि गर्नुहुँदैन । अस्वस्थ हुनु भनेको शक्ति, जाँगर र इच्छा गुमाउनु हो । शरीरको फुर्तिलोपन र मनको खुसियाली मेटाउनु हो । वास्तवमा अस्वस्थताबाटै जीवनका हरेक प्रगति रोकिन्छन् । स्वस्थ रहनका लागि हामीले आफ्नो **दैनिकी**लाई व्यवस्थित राख्न सक्छौँ । बिहानदेखि बेलुकीसम्मका गतिविधि सुधार्न सक्छौँ । समयअनुसार

आफूलाई हिँडाउन सक्छौँ । हामी रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्नै नदिन सक्छौँ । हाम्रो जीवनशैलीलाई नै परिवर्तन गर्न सक्छौँ ।

हाम्रा घरपरिवार वा समाजका कैयौँ व्यक्ति सधैँ स्वस्थ देखिनुहुन्छ । उहाँहरूको मुहारमा उज्यालो चम्किएको पाइन्छ । उहाँहरूले कहिल्यै निन्याउरो मुख लगाएको देख्दैनौँ । उहाँहरू स्वस्थ, क्रियाशील र प्रसन्न देखिनुको कारण बुझ्न हामीलाई कुनै अप्ठ्यारो छैन । सबैले देखेकै हुन्छौँ, उहाँहरूको खुवाइ र काम गराई । उहाँहरूले उठेदेखि सुतुन्जेलसम्म गरेका काम कति प्रस्ट छन् । उहाँहरू बिहान सबेरै उठ्नुहुन्छ र नुहाइधुवाइ गर्नुहुन्छ । कहिल्यै अङ्ग व्यायाम, प्राणायाम र ध्यान गर्न छोड्नु हुन्न । उहाँहरूले दुध, दही, फलफूल, दालभातलगायतका वस्तु मिठो मानेर खानुहुन्छ । हरियो सागसब्जी र गेडागुडी त उहाँहरूको प्रिय खाद्यान्न नै हो । दिनभरि सकेका काम गर्नुहुन्छ । बेलुका आफूसँग भएअनुसारको सफा खानेकुरा खाएर आराम गर्नुहुन्छ । उहाँहरूका मनमा कुनै तनाव छैन । कहिल्यै रिसाएको देखिनुहुन्न । उहाँहरू तपाईँ, हामी सबैसँग प्यारो गरी बोल्नुहुन्छ । त्यसकारण पनि उहाँहरू सधैँ स्वस्थ देखिनुहुन्छ ।

हामी स्वास्थ्यसम्बन्धी समाचार सुन्छौँ । पुस्तक पत्रपत्रिका पढ्छौँ । गुरु, गुरुआमा तथा अभिभावकले समेत सधैँ हामीलाई सम्झाउनुहुन्छ । सबैले हरियो तरकारी खाइरहने सल्लाह दिनुहुन्छ । सरसफाइ, नुहाइधुवाइ र उपयुक्त आहार विहारका लागि प्रेरणा दिनुहुन्छ । सबैले पटक पटक साबुनपानीले हात धुन र बाहिर निस्कँदा मास्क लगाउन सम्झाउनुहुन्छ । 'बजारिया तयारी वस्तु नखानू' भन्नुहुन्छ । गुलिया चकलेट, चाउचाउ तथा रङ र विषादीयुक्त वस्तु नखानका लागि आग्रह गर्नुहुन्छ ।

हो पनि, स्वास्थ्यको ख्याल नगरी जथाभावी खाने व्यक्ति बारम्बार बिरामी हुने गरेका छन् । कसैका दाँतमा किरा लागेका छन् भने कसैको पेट दुख्ने गरेको छ । कोही झाडापखालाबाट पीडित बनेका छन् भने कोही रुगाखोकीबाट

ग्रस्त बनेका छन् । कसैलाई जरोसमेत आउने गरेको बताइन्छ । वास्तवमा बढी तारेका, धेरै गुलिया र मसलेदार नुनिला वस्तु रुचाउनेहरू पनि अस्वस्थ नै हुने गरेका पाइन्छन् ।

थोरै मात्र सतर्कता अपनाए हामी कहिल्यै अस्वस्थ हुँदैनौँ । यसका लागि खासै केही अप्ठ्यारो पनि छैन । हामी समयमै सुतेर बिहान चाँडै उठ्न सक्छौँ । आफ्नो शरीर, आफू बस्ने ठाउँ र वरिपरिको वातावरणलाई सफा राख्न सक्छौँ । विभिन्न किसिमका आसन गर्न सक्छौँ । स्वास्थ्यका लागि प्राणायाम र ध्यानको ठुलो महत्त्व त छँदै छ । यसतर्फ समेत सचेत हुन सक्छौँ । त्यसैगरी हाम्रा वरिपरि मकै, भटमास, फापर र करुको खेती गरिन्छ । जौ, गहुँ, उवा र कोदाको उत्पादन हुन्छ । आलु, पिँडालु र तरुल पाइन्छन् । केरा, अम्बा, मेवा, आँप, स्याउ, अनार आदि फलिरहेकै हुन्छन् । गाजर, मुला, अमला र कागती जस्ता वस्तु पनि पाइन्छन् । रायो, चम्सुर, फर्सी, सिमी, लौका आदि हरिया तरकारी नपाइने त कुरै भएन । यिनीहरूलाई हामी सबैले चिनिरहेकै हुन्छौँ । गाईवस्तुको मल वा प्राङ्गारिक मलबाट यिनीहरूलाई तयार गर्न सकिन्छ । यिनमा विषादी नहाली उत्पादन गर्न सकिन्छ । यस्ता गाउँठाउँका रासायनिक मल नहालेका खाद्यवस्तु स्वास्थ्यका लागि अति उपयोगी मानिन्छन् । हामी ताजा फलफूलको रस, दुध, दही र मोही पिउन सक्छौँ । सफा तथा उमालेको पानी जुटाउन हामीलाई खासै समस्या हुँदैन । कहिलेकाहीँ बजारबाट बदाम, किसमिस, काजु, छोकडा आदि किन्न पनि सकिन्छ । यस्ता कुराहरूमा मात्र ख्याल गर्न सके अस्वस्थ हुने त कुनै सम्भावना नै रहँदैन ।

वास्तवमा हामी सबैले स्वास्थ्यको ख्याल गर्नुपर्छ । स्वस्थ हुनका लागि जीवनशैलीलाई व्यवस्थित राख्नुपर्छ । सुत्न उठ्न, लेख्न पढ्नलगायत सबै कुरामा आफूलाई ठिकठाक राख्नुपर्छ । प्राकृतिक आहार विहार र योगमा ध्यान दिनुपर्छ । आफू स्वस्थ भए मात्र संसारका सारा खुसीयाली आफूसँग हुन्छन् । त्यसैले हाम्रा लागि स्वास्थ्य नै ठुलो धन हो । हाम्रो व्यवस्थित जीवनशैली नै यसको मुख्य आधार हो ।

(क) तलका शब्द र अर्थ पढ्नुहोस् र शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

| | | |
|---|---|---|
| परिवेश | : | वातावरण |
| उपचार | : | रोग निको पार्न गरिने उपाय |
| प्राणायाम | : | श्वासप्रश्वासको गतिलाई नियमित बनाउने योग |
| प्रदूषित | : | वातावरण बिग्रिएको अवस्था |
| अखाद्य | : | खान नहुने |
| दैनिकी | : | हरेक दिन गरिने काम |
| जीवनशैली | : | जीवन बाँच्ने तरिका |
| मुहार | : | अनुहार |
| योग | : | आसन, ध्यान आदिबाट मन र शरीरलाई जोड्ने प्रक्रिया |
| उपयुक्त | : | उचित |
| विहार | : | घुमफिर गर्ने काम |
| खाद्यवस्तु | : | खानेकुरा |
| करु | : | हिमाली भेगमा पाइने जौ आकारको एक प्रकारको अन्न |
| उवा | : | हिमालतिर हुने एक प्रसिद्ध अन्न |
| क्यान्सर | : | एक प्रकारको घातक रोग |

(ख) कस्तो व्यक्तिलाई प्रदूषित पदार्थबाट जोगिनुपर्छ भन्ने ज्ञान हुन्छ ?

(ग) स्वास्थ्यप्रति सचेत व्यक्तिले गर्ने कामका बारेमा लेख्नुहोस् ।

(घ) हाम्रो चाहना के हो ?

(ङ) अस्वस्थ हुनु भनेको के हो ?

(च) यस पाठबाट कस्तो शिक्षा पाइन्छ ?

(छ) स्वस्थ जीवन जिउन के के गर्नुपर्ला, आफूले जानेका कुरा लेख्नुहोस् ।

(ज) पाठको अन्तिम अनुच्छेदबाट चारओटा प्रश्न बनाउनुहोस् ।

८. दिइएको सन्दर्भ पढ्नुहोस् र निर्देशनअनुसार गर्नुहोस् :

(क) अस्मिताको रुचि गायनमा थियो । तिजमा उनी नाचिन् । उनले पुरस्कार पाइन् । उनको नाम पत्रिकामा आयो । उनले सबैबाट हौसला पाइन् ।

अस्मिताले जस्तै तपाईंले कुनै काम गरेर हौसला पाउनुभएको छ, सुनाउनुहोस् ।

(ख) बा बिहानै उठ्नुहुन्छ । उहाँ चिया पकाउनुहुन्छ । उहाँ सबैलाई चिया दिनुहुन्छ । उहाँ सबैलाई माया गर्नुहुन्छ । बालाई चिया पकाउने रुचि छ ।

बा जस्तै तपाईं कुन काम गर्न मन पराउनुहुन्छ, आफ्नो बानी र रुचि भन्नुहोस् ।

## भाषिक संरचना र वर्णविन्यास

१. दिइएका क्रियापद प्रयोग गरी वाक्य पूरा गर्नुहोस् :

बस्छिन्, चलाउनुहुन्छ, सुनाउँछन्, पराउनुहुन्छ, पर्छ

(क) हजुरबा कथा ...................... ।

(ख) मेरो घर मुस्ताङ जिल्लामा ...................... ।

(ग) फुपू कम्प्युटर ...................... ।

(घ) भिनाजु फूल मन ...................... ।

(ङ) सरिना झापामा ...................... ।

२. उदाहरण हेरी दिइएका धातुबाट क्रियापद बनाउनुहोस् :

| किन् | किन्छु | किन्छौ | किन्छिन् |
|---|---|---|---|
| बढ् | ........... | ............. | ............. |
| घगर् | ........... | ............. | ............. |
| भन् | ........... | ............. | ............. |
| खोल् | ........... | ............. | ............. |

३. दिइएका वाक्यलाई वर्तमान कालमा परिवर्तन गर्नुहोस् :

जस्तै : भाइ घर गयो । भाइ घर जान्छ ।

(क) सुमनले गीत गायो । .........................................।

(ख) तिमी पोखरा हुने छौ । ........................................।

(ग) उनीहरूले बुहारीलाई बोलाए । ........................................।

(घ) हामी छिट्टै आउने छौँ । ........................................।

(ङ) रिता नेता भई । ........................................।

४. उदाहरण हेरी दिइएका शब्द तालिकामा लेख्नुहोस् :

संयोग, काँचो, गाँस, संसार, संस्कृति, ताँती, भाँडो, संवाद, अंश, आँसु, गाउँ, संस्कृत

| चन्द्रबिन्दु लागेका शब्द | शिरबिन्दु लागेका शब्द |
|---|---|
| बाँस | संयम |


५. तलको अनुच्छेदबाट क्रियापद टिपोट गर्नुहोस् :

रोग लागेपछि उपचार गर्नुभन्दा रोग लाग्नै नदिनु स्वास्थ्यप्रतिको सतर्कता हो । सचेत व्यक्तिले आफ्नो शरीरलाई चुस्त, दुरुस्त र क्रियाशील राख्ने गर्छ । उसले योगमा जोड दिन्छ । योगका क्रममा आसन, प्राणायाम र ध्यान आदि गरिन्छ । नियमित रूपमा आसन वा व्यायाम गर्नाले शरीर स्वस्थ रहन्छ । स्वास्थ्यका लागि प्राणायाम र ध्यान जस्ता क्रियाकलाप त सधैँ अनिवार्य मानिन्छन् ।

## सुनाइ र बोलाइ

१. तलको पाठ सुन्नुहोस् र उत्तर दिनुहोस् :

### रोबोट



मानिस जस्तै देखिने मानिसले नै बनाएको यन्त्र रोबोट हो । यसलाई यन्त्रमानव पनि भनिन्छ । यसमा मानिसका जस्तै हात खुट्टा हुन्छन् । यसले मानिसको जस्तै काम गर्न सक्छ । यसले आफैँ काम गर्दैन । यसलाई मानिसले नै काम लगाउनुपर्छ । कम्प्युटरका माध्यमबाट यसलाई काम लगाइन्छ ।

रोबोटले घरायसी कामदेखि अन्य क्षेत्रका पनि काम गर्छ । कृषि क्षेत्रमा यसलाई धेरै काम लगाउन सकिन्छ । उद्योग, कलकारखानामा अझ बढी उपयोगी हुन्छ । यसले सामानलाई मिलाएर राख्न सक्छ । वैज्ञानिक क्षेत्रमा यसको प्रयोग अझ प्रभावकारी हुन्छ । मानिसलाई काम गर्न गाह्रो पर्ने ठाउँमा रोबोटलाई काम लगाइन्छ । विषादी प्रयोग भएका ठाउँमा रोबोटलाई काम गराउँदा मानवीय क्षति हुँदैन । अहिले यन्त्रमानव मानिसको सहयोगी साधन बनेको छ । यसका कारणले मानिसलाई काम गर्न धेरै सजिलो भएको छ । हरेक काम छिटो गर्न सक्ने भएकाले यन्त्रमानव लोकप्रिय बन्दै गएको छ । अह्राएको काम नबिगारी गर्ने भएकाले कुनै नोक्सान पनि हुँदैन । यसलाई काम लगाउँदा खर्च पनि कम हुन्छ । त्यसैले यन्त्रमानव सबैका लागि उपयोगी साधन बनेको छ ।

(क) रोबोटलाई केका माध्यमबाट काम लगाइन्छ ?

(ख) रोबोटले के के काम गर्न सक्छ ?

(ग) कस्ता क्षेत्रमा रोबोटले काम गर्दा मानवीय क्षति हुँदैन ?

(घ) रोबोट किन लोकप्रिय बन्दै छ ?

२. रोबोटले कृषि क्षेत्रमा के के काम गर्न सक्छ होला ? आफ्ना विचार साथीलाई सुनाउनुहोस् ।

## सिर्जनात्मक कार्य

१. दिइएका बुँदाका आधारमा निबन्ध तयार पार्नुहोस् :

(क) हाम्रो जीवनमा खेलकुदको अति आवश्यकता पर्ने

(ख) काम गर्न शरीरका हरेक अङ्ग सबल हुनुपर्ने

(ग) शरीर तन्दुरुस्त राख्न खेलकुदको ठुलो भूमिका रहने

(घ) दौडेर खेल्ने खेलले शरीर फुर्तिलो बन्ने

(ङ) खेलकुदले शरीर स्वस्थ मात्र नभएर खेल व्यवसायमा लाग्न सकिने

# पाठ ४





(क) माथिका दुई चित्रमा तपाईँ के के देख्नुहुन्छ ?

(ख) मानिसले चिठी वा निवेदन किन लेख्छन् होला ?

## मूल पाठ

# वडाध्यक्षलाई निवेदन

मिति : २०८०/०३/११



श्रीमान् वडाध्यक्ष,
अमरावती गाउँपालिका, वडा नं ४
सुन्दरबजार

विषय : कुलो मर्मत गरिदिने सम्बन्धमा ।

महोदय,

उपर्युक्त सम्बन्धमा हाम्रो हाम्रो उखु बेँसी मार्सी धान उत्पादनका लागि यस क्षेत्रमै प्रसिद्ध रहेको कुरा सर्वविदितै छ । हामीले वर्षौंदेखि स्थानीय दाम्से खोलाको पानी लगाएर बेँसीमा धान रोप्ने गरेका हौँ । यस पालि गाउँपालिकाले बाटो खन्दा धेरै ठाउँमा कुलो परिएको छ । पुरिएको कुलो गाउँलेको श्रमदानबाट मात्र मर्मत हुन सक्ने अवस्था छैन । यो कुलो मर्मत नभए गाउँलले खेती गर्न पाउँदैनन् । यसर्थ वडा कार्यालयको बजेटबाटै कुलो मर्मत गरिदिन विनम्र अनुरोध गर्छौं ।

निवेदक
वडावासीका तर्फबाट ओनसरी अन्सारी
वडा नं ४

### शब्दार्थ

| | | |
|---|---|---|
| उपर्युक्त | : | माथि बताइएको |
| सर्वविदितै | : | सबैलाई थाहा भएकै |
| श्रमदान | : | ज्याला नलिई वा लिएर गरिने काम |
| विनम्र | : | धेरै नम्र, झुकेको |

## शब्दभण्डार

१. दिइएका अर्थ बुझाउने शब्द शब्दकोशबाट खोजेर वा कसैलाई सोधेर लेख्नुहोस् :

(क) प्रविधिसम्बन्धी सिप, ज्ञान, शिक्षा ................

(ख) खेतीपाती नगरिने खुला ठाउँ

(ग) विद्यार्थीलाई अध्ययनका निम्ति दिइने आर्थिक सहयोग ...................

(घ) दुवैतिर हातले ठोकेर बजाइने बाजा ...................

(ङ) कुनै काम पूरा गर्नका लागि पहिलेदेखि गरिएको प्रबन्ध

(च) सफल हुने काम

२. दिइएका शब्दबिच जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| पत्र | रगत |
| श्रावण | पात |
| आषाढ | आगो |
| नव | असार |
| रक्त | नयाँ |
| अग्नि | साउन |

३. दिइएका शब्द कुन भाषाबाट आएका हुन्, बुझ्नुहोस् :

गुरुङ भाषा : घले, घुम, रोदी, घ्यावा

मगर भाषा : आँसी, चुँदी, तादी, थुन्से, पटुका

तामाङ भाषा : च्याङ्वा, मैच्याङ, डम्फु, सेलो

मैथिली भाषा : जन, घुर, ठाट, ढेवा, पटुवा, पैनी, कर्ची, टाटी

नेपाल भाषा : पसल, खापा, कौसी, छिँडी, झ्याल, बुइँगल

लिम्बू भाषा : सेवारो, मुन्धुम, आदाङ्बे आदि

## ४. दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

उपकरण, आत्मनिर्भर, जनशक्ति, रुचि, मौका, बिदा

## ५. खाली ठाउँमा उपयुक्त शब्द भर्नुहोस् :

(क) आमाबुबालाई शिष्टाचार जनाउने शब्द ................ हो । (ढोग, मिठो सम्झना, आशीर्वाद)

(ख) मामामाइजूलाई शिष्टाचार जनाउने शब्द ................ हो । (साष्टाङ्ग दण्डवत्, नमस्कार, शुभाशिष्)

(ग) साथीभाइलाई शिष्टाचार जनाउने शब्द ................ हो । (सुमधुर सम्झना, सादर प्रणाम, पूजनीय)

(घ) भाइबहिनीलाई सम्बोधन गरिने शब्द ................ हो । (आदरणीय, परम पूजनीय, प्यारा/प्यारी)

## बोध र अभिव्यक्ति

१. **दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

वडाध्यक्ष, उपर्युक्त, प्रत्येक, दृष्टिविहीन, अपाङ्गतामैत्री, ब्रेललिपि, साङ्केतिक, दौँतरी, प्रतिस्पर्धा

२. **वडाध्यक्षलाई निवेदन पाठ जस्ताको त्यस्तै लेख्नुहोस् ।**

३. **तलको चिठी पढ्नुहोस् र त्यसको उत्तर लेख्नुहोस् :**

जाउलाखेल, ललितपुर
मिति : २०८० । ३ । १७

प्यारी भान्जी,
मिठो सम्झना र आशीर्वाद !

तपाईँले पठाएको पत्र पाएँ । त्यहाँ सबै जना सन्चै हुनुहुँदो रहेछ । यहाँ पनि हामी सबै आरामै छौँ ।

भान्जी ! तपाईँको पत्र पढेपछि म निकै खुसी भएँ । तपाईँभित्रको हिम्मत, चाहना र आत्मविश्वास देखेर गर्व लाग्यो । आफूमा अपाङ्गता हुँदाहुँदै तपाईँले सोचेका कुरा साँच्चिकै महान् छन् । अपाङ्गता भएकै कारण चुपचाप बस्नुपर्छ भन्ने छँदै छैन । मानिस जुनसुकै कारणबाट पनि अपाङ्गताको अवस्थामा पुग्न सक्छन् । हो, तपाईँले भने झैँ अपाङ्गता भएकाहरूमा विशेष क्षमता हुन्छ । उनीहरूले उपयुक्त अवसर पाउने हो भने जुनसुकै काम गर्न सक्छन् ।

भान्जी ! यहाँ एउटा राम्रो शिक्षालय रहेछ । यो अपाङ्गतामैत्री आवासीय शिक्षालय हो । यहाँ ब्रेललिपि र श्रव्य सामग्रीका आधारमा सिकाइँदो रहेछ । कम देख्नेहरूका लागि पनि पढाइ लेखाइसम्बन्धी धेरै प्रकारका उपकरण हुँदा

रहेछन् । ठुलो छापासहित डिजिटल सामग्रीको प्रयोग गर्दा रहेछन् । कान नसुन्ने र बोल्न नसक्नेहरू साङ्केतिक भाषाका माध्यमबाट सिक्दा रहेछन् । हिँड्न नसक्नेहरूले बसी बसी कम्प्युटर चलाइरहेको देखेँ । कतिपयले मादल, गितार र हारमोनियम बजाइरहेको पाएँ । शारीरिक अपाङ्गता हुनेहरू कोही पनि खाली हुँदा रहेनछन् । उनीहरू केही न केही पढिरहेका, लेखिरहेका, खेलिरहेका र सिकिरहेका हुँदा रहेछन् ।

यो तालिम दिने ठाउँ पनि रहेछ । अपाङ्गता भएकाहरूलाई आत्मनिर्भर बनाउने थलो रहेछ । यहाँ त शिक्षादीक्षा र तालिमको कुनै कमी पाइनँ । प्राविधिक शिक्षा र तालिम दिने जनशक्ति प्रशस्त पाइँदा रहेछन् । अपाङ्गताअनुकूल दौँतरी सिकाइ र मूल्याङ्कनको व्यवस्था रहेछ । क्षमताको विकासमा जोड दिइँदो रहेछ । सिपअनुसारको कार्यक्रममा सहभागी गराइँदो रहेछ । अपाङ्गता भएकालाई छात्रवृत्ति दिइँदो रहेछ । त्यसमा पनि अनाथ, गरिब तथा असहायहरूलाई त अझ विशेष छात्रवृत्तिको व्यवस्था रहेछ ।

प्यारी भान्जी ! तपाईँले पनि यहाँ सिक्न सक्नुहुन्छ । तपाईँले आफूभित्रको क्षमतालाई विकास गर्न सक्नुहुने छ । यही वैशाखमा तपाईँ यहाँ आउनुपर्छ है । भेटमा विस्तृत कुरा गरौँला । आजलाई यति भन्दै कलम बन्द गर्दछु ।

उही तपाईँलाई माया गर्ने मामा

आसलाल महर्जन

| पठाउने | पाउने |
|---|---|
| आसलाल महर्जन | राजमती नगरकोटी |
| ललितपुर महानगरपालिका | सूर्योदय नगरपालिका ७ |
| जावलाखेल, ललितपुर | कन्याम |

४. माथिको चिठी पढेर कसैलाईलाई सुनाउनुहोस् र तपाईँलाई चिठी पढ्न कति समय लाग्यो, साथीसँग सोध्नुहोस् ।

५. दिइएको निमन्त्रणा पत्र मौन पठन गर्नुहोस् र गायन प्रतियोगितामा प्रमुख अतिथि भइदिन वडाध्यक्षलाई दिने निमन्त्रण पत्र बनाउनुहोस् :

श्री मङ्गलादेवी माध्यमिक विद्यालय

वेत्रावती गाउँपालिका १, मकवानपुर

## हार्दिक निमन्त्रणा

श्री भवनाथ शर्माज्यू,
वेत्रावती गाउँपालिका १, मकवानपुर

यस विद्यालयको वार्षिकोत्सव तथा अभिभावक दिवस कार्यक्रममा अतिथिका रूपमा यहाँको गरिमामय उपस्थितिका लागि हार्दिक निमन्त्रणा गर्छौं ।

मिति : २०८० जेठ १५ गते

समय : दिनको ११ बजे

स्थान : विद्यालय प्राङ्गण

प्रार्थी
प्रधानाध्यापक

६. बाटामा थुप्रिएको फोहोर उठाइदिन अनुरोध गरी तपाईँको नगरपालिकाको प्रमुखलाई निवेदन लेख्नुहोस् ।

७. दिइएको शुभकामना पत्र पढ्नुहोस् र साथीको जन्मदिनमा दिने शुभकामना पत्र तयार पार्नुहोस् :

**शुभकामना**

नयाँ वर्ष २०८० को सुखद उपलक्ष्यमा

यहाँको सुख, स्वास्थ्य एवम् प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्छौं ।

श्री सन्तोषी युवा क्लब परिवार

वीरेन्द्रनगर १, सुर्खेत

८. दिइएको बधाई ज्ञापन पढ्नुहोस् र नृत्य प्रतियोगितामा प्रथम भएको तपाईंको साथीलाई दिने बधाई ज्ञापन तयार पार्नुहोस् :

**हार्दिक बधाई**

चण्डी पूर्णिमामा आयोजित कविता वाचन प्रतियोगितामा यस माानेश्वरी आमा समूहकी सरोजा गुरुङ प्रथम हुनुभएकामा उहाँको प्रगतिको कामनासहित हार्दिक बधाई ज्ञापन गर्छौं ।

मानेश्वरी आमा समूह

घलेगाउँ, लमजुङ

९. दिइएको निमन्त्रणा पत्र पढेर आफ्ना परिवारका सदस्य वा आफन्तको विवाहका लागि निमन्त्रण पत्र बनाउनुहोस् :

## हार्दिक निमन्त्रणा

श्री ...................... ज्यू,

हाम्रा आयुष्मान् सुपुत्र सन्तोष कटुवालको चापाकोट नगरपालिका ३, स्याङ्जा निवासी सुन्दर सुवेदी र शर्मिला सुवेदीकी आयुष्मती सुपुत्री चन्दा सुवेदीका साथ सुसम्पन्न हुने शुभविवाहमा उपस्थित भई वरवधूलाई आशीर्वाद प्रदान गरिदिनुहुन हार्दिक निमन्त्रणा गर्छौं ।

**कार्यक्रम**

**जन्ती प्रस्थान**

मिति : २०८० वैशाख ३ गते

**प्रीतिभोज**

मिति : २०८० वैशाख ५ गते

स्थान : निजी निवास, तनहुँ

**दर्शनाभिलाषी**

**काकाकाकी :**

सुधिर कटुवाल

राधा कटुवाल

**दाजुभाउजू :**

रञ्जित कटुवाल

रजनी कटुवाल

तथा समस्त कटुवाल परिवार

**प्रार्थी**

हर्कबहादुर

भूमिका कटुवाल

१०. दिइएको सूचना पढ्नुहोस् र तपाईंको गाउँ, टोलमा एक दिन दुध सङ्कलन बन्द हुने एउटा सूचना तयार पार्नुहोस् :

## सूचना

२०८० साल जेठ २२ गते सोमबार बुद्धपूर्णिमाका दिन सार्वजनिक पुस्तकालय बन्द रहने बेहोरा सम्बन्धित सबैमा सूचित गरिएको छ ।

प्रमुख

सार्वजनिक पुस्तकालय, खैरहनी, बाँके

११. रेडियो वा टेलिभिजनमा प्रसारित कुनै कार्यक्रम सुनेर त्यसका मुख्य विषयवस्तु टिपोट गर्नुहोस् र साथीलाई सुनाउनुहोस् ।

१२. दिइएको सन्दर्भ पढ्नुहोस् र निर्देशनअनुसार गर्नुहोस् :

(क) मेरो नाम सुन्दरी आले हो । म सत्र वर्षकी भएँ । सानामा म एउटा खुट्टा राम्ररी चलाउन सक्दिनथेँ । आमाले मलाई समाएर हिँडाउनुहुन्थ्यो । दश वर्षकी भएपछि मात्र म हिँड्न थालेकी हुँ । यति ठुलो सहयोग गर्नुभएकामा म आमाप्रति कृतज्ञता व्यक्त गर्छु ।

सुन्दरी आलेले जस्तै तपाईं आफूलाई सहयोग गर्ने मानिसप्रति कसरी कृतज्ञता व्यक्त गर्नुहुन्छ ? लेख्नुहोस् ।

(ख) दिलकुमारीलाई बजार जानु थियो । उनी हतारहतार गरेर हिँडिन् । आधा बाटामा पुगेपछि उनलाई झोला बिर्सेको थाहा भयो । भाडा तिर्ने पैसा त्यसैमा थियो । त्यहाँ पैसा माग्न कोही थिएनन् । उनलाई बजार जाऊँ वा घर फर्कौं भन्ने दोधार भयो । ।

माथिको जस्तै समस्या आइपर्दा तपाईं के गर्नुहुन्छ ?

## भाषिक संरचना र वर्णविन्यास

१. दिइएका वाक्य पढ्नुहोस् र रातो रङ लगाइएका शब्दका बारेमा छलफल गरी समूहको निष्कर्ष सुनाउनुहोस् :

| क्रियायोगी | नामयोगी |
|---|---|
| (क) ऊ भित्र जान्छ। | (क) ऊ घरभित्र जान्छ । |
| (ख) चिल माथि छ । | (ख) छानामाथि चिल छ । |
| (ग) गाडी अगाडि आयो। | (ग) ऊ गाडीअगाडि आयो । |

२. रातो रङ लगाइएका शब्द क्रियायोगी वा नामयोगी के हुन्, लेख्नुहोस् :

(क) बहिनी आफ्नो घरतिर गई । ....................

(ख) म बिस्तारै हिँड्दै छु । ....................

(ग) रमाले घनश्यामलाई भोलि बोलाउने छिन् । ....................

(घ) तिमीसँग चामल छ ?

३. दिइएका वाक्यलाई भविष्यत् कालमा लेख्नुहोस् :

(क) समा परीक्षा .............................. । (दि)

(ख) कवि भोलि काठमाडौँ .............................. । (पुग्)

(ग) उनीहरू भ्रमणमा जाने निधो .............................. । (गर्)

(घ) तिमी खुबै .............................. । (नाच्)

(ङ) रञ्जिताले मिठो गीत .............................. । (गाउँ)

४. अन्तिममा खुट्टा काटिएका र नकाटिएका शब्द अलग अलग तालिका बनाई लेख्नुहोस् :

नेपाल, स्वयम्, औजार, स्वागतम्, अब, विद्वान्, संसार, जगत्, पर, श्रीमान्, भित्र, धनवान्

..........................................................................................

..........................................................................................

५. दिइएका शब्दबाट दीर्घ ऊकार ( ू ) लागेका शब्द छानेर कापीमा लेख्नुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| (क) | सूर्य | प्रभु | मूल | दयालु | पूर्व |
| (ख) | कुकुर | अपूर्ण | त्रिभूज | भाउजू | भिनाजु |
| (ग) | फुपू | आलु | पूजा | फुल | माइजू |

## सुनाइ र बोलाइ

१. तलको निवेदन सुन्नुहोस् र खाली ठाउँ भर्नुहोस् :

मिति २०८०/१०/०१

श्रीमान् अध्यक्षज्यू !
टोल सुधार समिति
कृष्णननगर टोल ।

विषय : ढल व्यवस्थापन सम्बन्धमा ।

महोदय,

यस टोलका हरेक नागरिक शिक्षित हुनुहुन्छ । शिक्षित नागरिकको कर्तव्य आफू शिक्षित हुने मात्र होइन, आफू बस्ने ठाउँ, वातावरण सफा र सुन्दर हराभरा बनाउनु पनि हो । कृष्णनगर टोल सुधार समितिले वेला वेलामा राम्रा काम गरेको छ । यस क्षेत्रमा यत्रतत्र बाटा बनेका छन् । खेल्ने मैदान पनि छ तर अव्यवस्थित ढलले सम्पूर्ण टोल नै दुर्गन्धित बनेको छ । दुर्गन्धित वातावरणले हाम्रो स्वास्थ्यमा नकारात्मक प्रभाव पार्छ । तसर्थ टोलमा दुर्गन्ध फैलिन नपाउँदै यसको व्यवस्थापन गर्न पाए सबैको स्वास्थ्य सुरक्षित रहन्थ्यो । बर्खा लागेपछि ढल व्यवस्थापनमा अझ समस्या आउन सक्छ । बर्खाको

समयभन्दा हिउँदको समयमा ढल व्यवस्थापन गर्न सजिलो हुन्छ । त्यसैले टोल सुधार समितिको सक्रियतामा ढल व्यवस्थापन होस् भन्ने कामनासहित अध्यक्षसमक्ष यो निवेदन पेस गरेको छु । यस समितिको सक्रियतामा ढल व्यवस्थापन भई रामनगर टोल प्रदूषणमुक्त हुने विषयमा हामी टोलबासी आशावादी छौँ । टोल स्वस्थ राख्नका लागि टोलबासीले गर्नुपर्ने योगदान गर्न म तत्पर रहेको बेहोरा अवगत गराउँदै यो निवेदन पेस गरेको छु ।

निवेदक

असल थारु

(क) आफू बस्ने ठाउँको वातावरण सफा, सुन्दर र ..................... बनाउनु पनि हो ।

(ख) यस क्षेत्रमा ..................... बाटा बनेका छन् ।

(ग) बर्खाको समयभन्दा हिउँदको समयमा ढल ..................... गर्न सजिलो हुन्छ ।


(घ) बर्खा लागेपछि ढल व्यवस्थापनमा अझ ..................... आउन सक्छ ।

२. निवेदन लेख्दा के के कुरामा ध्यान दिनुपर्ने रहेछ ?

## परियोजना कार्य

१. तपाईंका आफन्त वा छिमेकमा कसैको विवाह वा अन्नप्राशनका वा अन्य धार्मिक कार्यका लागि तयार पारिएको निमन्त्रणा पत्र सङ्कलन गर्नुहोस् ।

# पाठ ५






(क) माथिका तस्बिर कसकसका हुन् ?

(ख) के तपाईँ यी व्यक्तिको योगदानबारे भन्न सक्नुहुन्छ ?

## मूल पाठ

# नाटककार बालकृष्ण सम



बालकृष्ण सम नेपाली साहित्यका चर्चित नाटककार हुन् । उनको जन्म १९५९ माघ २४ गते काठमाडौँको ज्ञानेश्वरमा भएको थियो । उनी पिता समरशमशेर र माता कीर्तिराज्यलक्ष्मीका कान्छा सन्तान थिए । सम्पन्न परिवारमा जन्मिएकाले उनलाई बाल्यकालमा कुनै कुराको कमी थिएन । उनको हेरचाहका लागि धाईआमा र सुसारेको समेत व्यवस्था गरिएको थियो । सानैदेखि नम्र र शिष्ट स्वभावका समको प्रारम्भिक शिक्षा घरबाटै सुरु भएको थियो । उनले नेपाली, अङ्ग्रेजी र संस्कृत भाषाको सामान्य ज्ञान घरमै पाएका थिए । आफू एघार वर्ष भएपछि मात्र उनी काठमाडौँको दरबार हाईस्कुलमा भर्ना भए । त्यहाँ उनले कक्षा एकदेखि कक्षा दशसम्मको अध्ययन गरे । कक्षा दशको अन्तिम परीक्षा दिन चाहिँ उनी भारतको कलकत्ता पुगे । त्यहींबाट उनले म्याट्रिक परीक्षा उत्तीर्ण गरे ।

बालकृष्ण सम अध्ययन र लेखनप्रति निकै रुचि राख्थे । विज्ञान विषय लिएर उच्च शिक्षा पढ्ने उनको ठुलो धोको थियो । म्याट्रिक परीक्षा उत्तीर्ण हुनासाथ उनी काठमाडौँको त्रिचन्द्र कलेजमा भर्ना भए । आइएस्सी पढ्दा पढ्दै उनले जागिर खानुपर्ने परिस्थिति सिर्जना भयो । उनले सैनिक सेवामा प्रवेश पाए । जागिरे जीवनका कारण कलेजको नियमित पढाइ पूरा हुन सकेन । उनले कहिल्यै स्वाध्यानलाई छोडेनन् । समय पाउनासाथ उनले विभिन्न किसिमका साहित्य र

अन्य ग्रन्थ अध्ययन गरे । अनौपचारिक भए पनि उनको अध्ययन निकै गहिरो र सार्थक रह्यो ।

साहित्य लेखनका दृष्टिले समको पारिवारिक अवस्था निकै अनुकूल थियो । उनले सानो छँदै घरमा रामायण र महाभारत जस्ता रचना सुन्ने अवसर पाएका थिए । कहिलेकाहीँ आफ्नै पिताले मिठो गरी कविता वाचन गर्नुहुन्थ्यो । उनी पिताको सुरिलो र मिठो भाकालाई ध्यान दिएर सुन्थे । यस्ता घरायसी साहित्यिक परिवेशका कारण उनलाई सानैदेखि कविता लेख्ने चाहना जाग्यो । त्यसैको फलस्वरूप आफू १० वर्षको छँदै उनले 'ईश्वर' शीर्षकको कविता लेखे । त्यसपछि त उनलाई अझै धेरै साहित्य लेख्ने चाहना बढ्न थाल्यो । उनले आफैँ रोजेर विभिन्न किसिमका साहित्यिक किताब पनि पढिरहे । उनले कविता, कथा, नाटक, निबन्ध आदि खोजी खोजी पढे । आफ्नै दाजु पुष्कर समसेरले लेखेका कथा पनि पढे । यसबाट उनलाई साहित्य लेखनका लागि थप हौसला मिल्यो । त्यसमा पनि केही साहित्यकार र साथीभाइको प्रभावका कारण उनी साहित्य लेखनतर्फ पूरै आकर्षित भए ।

बालकृष्ण समले नेपाली साहित्यमा विशिष्ट योगदान पुऱ्याएका छन् । उनले नाटक, निबन्ध, कविता, खण्डकाव्य र महाकाव्य आदि लेखेर साहित्यिक योगदान पुऱ्याएका हुन् । सबैभन्दा पहिले लेखिएको उनको नाटक चाहिँ 'तानसेनको झरी' हो । यो नाटक १९७७ सालमा लेखिएको थियो । त्यसपछि उनले अनेकौँ नाटक, एकाङ्कीलगायत साहित्यिक रचना लेखिरहे । यीमध्ये केही लेख्नासाथ प्रकाशित भए भने केही बिस्तारै प्रकाशित हुँदै गए । 'तानसेनको झरी' भन्दा पछि लेखिए पनि उनको 'मुटुको व्यथा' नाटक चाहिँ पहिले प्रकाशित हुन पुग्यो । यसको प्रकाशन १९८६ सालमा भएको थियो । यसकारण 'मुटुको व्यथा' लाई समको पहिलो प्रकाशित नाटक मान्ने गरिन्छ । यो नेपाली साहित्यकै पहिलो मौलिक नाटक पनि हो । यसपछि उनका 'मुकुन्द इन्दिरा', 'अन्धवेग', 'म', 'प्रह्लाद' र 'ध्रुव' जस्ता अनेकौँ नाटक प्रकाशित भए । नाटकका अतिरिक्त उनका 'चिसो चुल्हो', 'आगो र पानी', 'नियमित आकस्मिकता' आदि विभिन्न अन्य कृति प्रकाशित भएका छन् ।

समलाई नेपाली साहित्यमा नाट्यसम्राट् पनि भनिन्छ । उनका नाटक र एकाङ्की जति धेरै छन्, त्यति नै राम्रा पनि छन् । सङ्ख्या, विषयवस्तु, भाषाशैली आदि हरेक दृष्टिले उनका नाट्यरचना उत्कृष्ट छन् । तिनमा सामाजिक, ऐतिहासिक र पौराणिक गरी तीन किसिमका विषयवस्तु पाइन्छन् । विषयवस्तुका दृष्टिले उनका 'मुटुको व्यथा' र 'मुकुन्द इन्दिरा' सामाजिक नाटक हुन् । त्यस्तै 'भक्त भानुभक्त' र 'भीमसेनको अन्त्य' ऐतिहासिक विषयवस्तुमा आधारित नाटक हुन् । उनको 'नालापानीमा' एकाङ्की पनि ऐतिहासिक विषयवस्तुका दृष्टिले महत्त्वपूर्ण रहेको छ । त्यस्तै 'ध्रुव' र 'प्रह्लाद' आदि नाटक चाहिँ पौराणिक विषयवस्तुमा आधारित छन् ।

नाटककार समका नाट्यप्रवृत्तिमा विविधतापूर्ण विशेषता पाइन्छन् । उनले स्वाध्यायनबाटै भए पनि संस्कृत भाषाको राम्रो ज्ञान गरेका थिए । यसकारण उनका केही नाटकमा संस्कृतका पौराणिक विषयवस्तु पाइन्छन् । केही नाटक सुखान्तमा टुङ्ग्याइएका छन् । सुखमय परिणाम निस्किने किसिमबाट विषयवस्तुलाई अन्त्यमा मेलमिलापपूर्ण तुल्याउनु नै सुखान्त हो । त्यसै गरी उनका केही नाट्यरचनामा अङ्ग्रेजी भाषासाहित्यको पनि प्रभाव पाइन्छ । अङ्ग्रेजी नाटककार सेक्सपियरका नाटकमा जस्तै उनले आफ्ना नाटकमा विभिन्न प्रवृत्ति भित्र्याएका छन् । यसकारण उनका कतिपय नाटकहरू दु:खान्तमा टुङ्ग्याएका छन् । दु:खान्तमा टुङ्ग्याउनु भनेको विषयवस्तुलाई अन्त्यमा दु:खमय परिणाम निस्कने किसिमबाट मेलमिलाप नगराउनु हो । यीबाहेक समले आफ्ना नाटकमा कतै पद्यशैली र कतै गद्यशैलीको प्रयोग गरेका छन् ।

बालकृष्ण सम साहित्य लेखनका अतिरिक्त अभिनय गर्न रुचाउँथे । उनी गीत गाउन र चित्र बनाउन सिपालु थिए । उनको रुचि शिक्षण क्षेत्रमा समेत थियो । केही समय उनले दरबार हाईस्कुल र त्रिचन्द्र कलेजमा पढाए । त्यस्तै उनी कहिले गोरखा भाषा प्रकाशिनी समितिको संस्थापक अध्यक्ष त कहिले रेडियो नेपालको निर्देशक भए । उनी गोरखापत्रको प्रधान सम्पादक पनि हुन पुगे । उनले

तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको संस्थापक सदस्यदेखि उपकुलपतिसम्म बन्ने सौभाग्य पाए । सम नेपाली भाषा र साहित्यलाई विश्वभरि पुऱ्याउन चाहन्थे । त्यसकारण उनले भारत, चीन, जापान, रुस, अमेरिका आदि अनेक राष्ट्रको भ्रमण गरे । यसरी अनेकौँ सभासम्मेलनमा भाग लिएर भए पनि उनले नेपाली भाषासाहित्यलाई विश्वभरि पुऱ्याउने कार्य गरे ।

नेपाली साहित्य लेखन तथा प्रकाशनका कारण समले २०२७ सालमा 'साझा पुरस्कार' पाए । २०२८ सालमा उनी सुप्रसिद्ध 'गोरखा दक्षिणबाहु प्रथम' बाट सम्मानित भए । उनले २०२९ सालमा 'त्रिभुवन पुरस्कार' पनि पाए । २०३५ सालमा त उनी 'पृथ्वी प्रज्ञा पुरस्कार' पाउने पहिलो व्यक्ति बन्न पुगे । उनको सम्मानस्वरूप हुलाक टिकटको प्रकाशन र पूर्णकदको सालिकसमेत स्थापना हुन पुग्यो ।

वास्तवमा बालकृष्ण समको साहित्यिक योगदान महत्त्वपूर्ण रहेको छ । उनले नाटक एकाङ्कीका अतिरिक्त पनि अन्य धेरै सिर्जनाबाट नेपाली साहित्यको विकास गरे । उनले नाट्यसाहित्यमा एउटा विशेष युगको नेतृत्व गरे । जीवनको उत्तरार्द्धमा उनलाई मस्तिष्कघात र पक्षघात भयो । उनलाई उपचारका लागि काठमाडौँको वीर अस्पतालमा भर्ना गरियो । उपचारकै क्रममा २०३८ साउन ६ गते उनको देहावसान भयो । एक महान् प्रतिभालाई राष्ट्रले गुमायो । उनी शारीरिक रूपमा हाम्रा सामु नभए पनि अनमोल रचनाका कारण अमर बनेका छन् ।

## शब्दार्थ

प्रारम्भिक : सुरुको

म्याट्रिक : कक्षा दश वा सो सरहको, प्रवेशिका

परिस्थिति : कुनै घटना, कामको अवस्था

| | | |
|---|---|---|
| नियमित | : | नियममा बाँधिएको |
| ग्रन्थ | : | पुस्तक, किताब |
| अनुकूल | : | आफ्नो रुचि, इच्छा र चाहनाअनुसारको |
| आकर्षित | : | आकृष्ट गरिएको, तानिएको |
| एकाङ्की | : | एक अङ्क मात्र भएको नाटक |
| मौलिक | : | मूलसित सम्बन्धित |
| अतिरिक्त | : | भएकामा अरू थप |
| सुखान्त | : | अन्त्यमा सुख भएको |
| प्रवृत्ति | : | आनीबानी |
| पद्यशैली | : | मात्रा, गण मिलाएर कविता लेखिने ढाँचा |
| गद्यशैली | : | छन्द वा लयको बन्धनमा नभएको ढाँचा |
| सौभाग्य | : | सुख प्राप्त गर्न सकिने अवस्था |
| पूर्णकद | : | शरीरको पूरा रूप |
| उत्तरार्द्ध | : | कुनै वस्तु वा जीवनको अन्तिम भाग |
| पक्षघात | : | शरीरको कुनै अङ्ग नचल्ने एक किसिमको रोग |

## शब्दभण्डार

१. समूह 'क' मा दिइएका अर्थ बुझाउने शब्द समूह 'ख' बाट खोजेर जोडा मिलाउनुहोस् :

| समूह 'क' | समूह 'ख' |
|---|---|
| (क) उमेर, काम आदिबाट प्राप्त गरिने काम | औपचारिक |
| (ख) समाजसँग सम्बन्धित | ऐतिहासिक |
| (ग) नियमअनुसार भएको | तल्लीन |
| (घ) कुनै एक विषय वर्णन गरिएको लामो कविता | पौराणिक |
| (ङ) कुनै काममा मन लगाएको | अनुभव |
| (च) इतिहासमा उल्लेख भएको | सामाजिक |
| (छ) पुराणमा भएको | खण्डकाव्य |

२. दिइएका शब्द प्रयोग गरी वाक्य बनाउनुहोस् :

चर्चित

धाईआमा

ग्रन्थ

घरायसी

विषयवस्तु

दु:खान्त

३. दिइएको अनुच्छेद पढ्नुहोस् र रातो रङ लगाइएका उस्तै सुनिने शब्द टिप्नुहोस् :

जुनेली खोलाको तीर हुँदै घरतिर लागिन् । उनी घर पुग्दा फूलको बोटनजिकै कुखुराले फुल पारेको थियो । उनले फुल टिपिन् र घरभित्र पसिन् । यो घरका मानिस खालि घर खाली राखेर हिँड्छन् भनेर उनी रिसाइन् । चरा पनि बाँसको झ्याङमा बास बस्न आइपुगेका थिए । त्यसपछि जुनेलीले अग्लो ढोकामा आग्लो लगाइन् र ओछ्यानमा गएर सुतिन् ।

४. दिइएका उस्तै सुनिने शब्द छानी खाली ठाउँ भर्नुहोस् :

| दीन, पुरा, सिता, घर, जाति |
| --- |

(क) 'घार' शब्दको उस्तै सुनिने शब्द ............... हो ।

(ख) 'दिन' शब्दको उस्तै सुनिने शब्द ............... हो ।

(ग) 'सीता' शब्दको उस्तै सुनिने शब्द ............... हो ।

(घ) 'जाती' शब्दको उस्तै सुनिने शब्द ............... हो ।

(ङ) 'पूरा' शब्दको उस्तै सुनिने शब्द ............... हो ।

५. तल दिइएका सङ्क्षिप्त शब्दको पूरा रूप के होला, लेख्नुहोस् :

वि.सं, प्र.अ., न.पा., मा.प.से., पं.

## बोध र अभिव्यक्ति

१. **दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस्**

| | | | | | |
|---|---|---|---|---|---|
| नम्र | शिष्ट | म्याट्रिक | दृष्टि | नाट्यसम्राट् | शिक्षण |
| मस्तिष्क | उत्तरार्द्ध | मस्तिष्कघात | रक्तस्राव | महत्त्वपूर्ण | |

२. **माथिको पाठ पढ्नुहोस् ।**

३. **दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :**

(क) बालकृष्ण समको जन्म कहिले भयो ?

(ख) समले सानैमा के के पढेका थिए ?

(ग) समले के के लेखे ?

(घ) कुन चाहिँ ऐतिहासिक नाटक हो ?

(ङ) सम प्रज्ञा प्रतिष्ठानका के के बने ?

४. **दिइएको अनुच्छेद द्रुत पठन गरी साथीलाई सुनाउनुहोस् :**

शङ्खधर शाख्वा राष्ट्रिय विभूति हुन् । उनले नेपाल संवत्को सुरुआत गरे । किंवदन्तीअनुसार उनी व्यापारी थिए रे । उनले भद्रमती र विष्णुमतीको सङ्गमबाट बालुवा किने । त्यो बालुवा सुनको थुप्रामा परिणत भयो । उनले त्यो सुन जनताको ऋण तिर्न सदुपयोग गरे भन्ने भनाइ पनि कतिपयको छ ।

५. **पाठका आधारमा दिइएका घटनाको क्रम मिलाउनुहोस् :**

☐ बालकृष्ण सम बिरामी भई वीर अस्पताल भर्ना भए ।

☐ बालकृष्ण समलाई हेरचाह गर्न सुसारे र धाईआमाको व्यवस्था गरिएको थियो ।

☐ उनको देहवसान वि.सं. २०३८ साउन ६ गते भयो ।

☐ बालकृष्ण सम गोरखापत्रको सम्पादक भए ।

☐ बालकृष्ण सम पृथ्वी प्रज्ञा पुरस्कारबाट सम्मानित भए ।

☐ बालकृष्ण समले दरबार हाईस्कुल र त्रिचन्द्र कलेजमा पढाए ।

☐ बालकृष्ण सम दरबार हाईस्कुल भर्ना भए ।

☐ वि.सं. १९७७ मा 'तानसेनको झरी' नाटक रचना गरे ।

६. दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) स्कुल जानुपूर्व समले कहाँ पढे ?

(ख) समलाई साहित्य लेख्ने हौसला कसरी मिल्यो ?

(ग) समले लेखेका कृति कुन कुन हुन् ?

(घ) समका नाटकका विशेषता के के हुन् ?

(ङ) समको जीवनी पढेर के सिक्न सकिन्छ ?

७. चित्रमा दिइएका व्यक्तिका बारेमा एक अनुच्छेद लेख्नुहोस् :



८. 'बालकृष्ण सम' पाठको अन्तिमअनुच्छेद मौन पठन गरी मुख्य मुख्य विषयवस्तु टिपोट गर्नुहोस् ।

९. तपाईँका आमा वा बुबाका बारेमा निम्नलिखित पक्षको खोजी गरी व्यक्तिगत विवरण तयार पार्नुहोस् :

नाम :

जन्मस्थान :

जन्ममिति :

बुबाको नाम :

आमाको नाम :

स्थायी ठेगाना :

राष्ट्रियता :

धर्म :

रुचि :

शिक्षा :

मुख्य मुख्य काम :

१०. दिइएको सन्दर्भ पढ्नुहोस् र निर्देशनअनुसार गर्नुहोस् :

एक दिन उत्तिमबहमदुरले भने, "हर्कवीर गरिब थिए तर मिहिनेती थिए । मैले उनीबाट काम गर्न सिकेँ । गरिबलाई सम्मान गर्न सिकेँ । ज्येष्ठ नागरिकलाई श्रद्धा गर्न सिकेँ । पसिनाको मूल्य बुझेँ । घर चलाउन सिकेँ । समस्यासँग जुध्न सिकेँ ।"

उत्तिमबहादुरले जस्तै तपाईँले अरूबाट के के सिक्नुभयो ?

## भाषिक संरचना र वर्णविन्यास

१. दिइएका वाक्य पढ्नुहोस् र निपात पहिचान गरी लेख्नुहोस् :

(क) बाघले त भालुलाई पो धपायो ।

(ख) रमा आज पाणिनी जान्छिन्  रे ।

(ग) आज के खाजा खान्छौ नि ?

(घ) तिमीले घडी किन्यौ है ।

(ङ) लौ, अनुपमा पनि आइछ ।

२. दिइएका शब्द राखी खाली ठाउँ भर्नुहोस् :

| | | | | |
|---|---|---|---|---|
| आहा | स्याबास | आत्था | ऐया | आच्छु |

(क) .............. ! कति धेरै जाडो हौ ।

(ख) .............. ! तिमीले राम्रो काम गर्‍यौ ।

(ग) .............. ! कति रमाइलो ठाउँ ।

(घ) .............. ! काँडाले घोच्यो ।

(ङ) .............. ! आगाले पोल्यो ।

३. खाली ठाउँमा संयोजक प्रयोग गरी लेख्नुहोस् :

(क) अनिता ...... सुनीताले फलफूल खाए ।

(ख) पानी रहन्छ ......जाऔँला है ।

(ग) तिमी आयौ ...... ऊ आइन ।

(घ) तिमी आउँछ्यौ ..... अर्कै मान्छे खोजौँ ।

(ङ) म औषधी खान्छु ........जरो आएको छ ।

४. पाठमा प्रयोग भएका निपात र संयोजक शब्द कापीमा टिपोट गर्नुहोस् । 

५. दिइएका शब्द पाठ हेरी शुद्ध गर्नुहोस् : 

परिबार, सेबा, बुवा, प्रभाब, बिषयवस्तु, स्वभाब, सवै, विश्व, दरवार, जीबन

## सुनाइ र बोलाइ

१. तलको पाठ सुनी ठिक भए ठिक र बेठिक भए बेठिक भन्नुहोस् : 

अरूणा लामा लोकप्रिय गायिका हुन् । उनको जन्म वि.सं. २००२ भदौ २४ गते भारतको दार्जिलिङमा भएको थियो । उनका बुबाको नाम सूर्यबहादुर लामा र आमाको नाम सानमाया लामा थियो । उनले स्नातकसम्म अध्ययन गरेकी थिइन् । उनले सात वर्षको उमेरबाट गीत गाउन सुरु गरिन् । बुबाआमाले उनलाई सानै उमेरदेखि नै गीत गाउन प्रेरित गरेका थिए । उनी आफ्नो गायनप्रति लगनशील थिइन् । उनले एघार वर्षको उमेरमा गायन प्रतियोगितामा भाग लिइन् । त्यस प्रतियोगितामा जित हासिल गरेपछि उनलाई झन् हौसला मिल्यो । उनका सङ्गीत गुरु अम्बर गुरुङ थिए । उनी आफ्ना गुरुकहाँ नियमित रूपमा सङ्गीत सिक्न जान्थिन् । उनी सानै उमेरमा गायिका भइसकेकी थिइन् ।

उनले वि.सं. २०१६ मा 'ए कान्छा मलाई पनि सुनको तारा खसाइदेऊ न' भन्ने गीत रेकर्डिङ गराइन् । यस गीतलाई धेरैले मन पराए । उनका पति शरण प्रधान सङ्गीतकार थिए । उनले गायन यात्रामा पतिको साथ

र सहयोग पाइरहिन् । 'पोहोर साल खुसी फाट्यो' जस्ता गीतले उनलाई झन् लोकप्रिय बनायो । नेपाल सरकारले वि.सं. २०५० मा उनलाई 'स्वर किन्नरी' पदवीले सम्मान गऱ्यो । सुमधुर स्वरकी धनी अरूणा लामा वि.सं. २०५४ माघ २२ गते हामीलाई छाडेर सधैँका लागि बिदा भइन् । उनको भौतिक शरीर नभए पनि उनका कालजयी गीतले हामी सम्झिरहने छौँ ।

(क) अरूणा लामाको जन्म वि.सं. २००२ भदौ २४ गते भएको थियो ।

(ख) उनी परिवारकी जेठी सन्तान थिइन् ।

(ग) आमाबुबाले उनलाई गीत गाउन प्रेरित गरेका थिए ।

(घ) उनले एघार वर्षको उमेरमा खेलकुद प्रतियोगितामा भाग लिइन् ।

## सिर्जनात्मक कार्य

१. दिइएका विवरणका आधारमा छोटो जीवनी लेख्नुहोस् : 

| | | |
|---|---|---|
| नाम | : | पदम विश्वकर्मा |
| जन्मस्थान | : | त्रियुगा नगरपालिका ६, लालपत्ता, उदयपुर |
| जन्ममिति | : | वि.सं. २०६० असार १२ गते |
| बुबाको नाम | : | सरोज विश्वकर्मा |
| आमाको नाम | : | कविता विश्वकर्मा |
| स्थायी ठेगाना | : | त्रियुगा नगरपालिका ६, लालपत्ता, उदयपुर |
| राष्ट्रियता | : | नेपाली |
| धर्म | : | हिन्दु |
| रुचि | : | अध्ययन, खेलकुद |
| शिक्षा | : | माध्यमिक तह |

# पाठ ६



अमर सहिद शुक्रराज

शहादत : वि.सं १९९७ माघ १०



अमर सहिद धर्मभक्त

शहादत : वि.सं १९९७ माघ १३



अमर सहिद दशरथ चन्द

शहादत : वि.सं १९९७ माघ १३



अमर सहिद गंगालाल

शहादत : वि.सं १९९७ माघ १३

(क) माथिका चित्रमा को को छन् ?

(ख) ती व्यक्तिका कस्तो योगदान दिएका छन् ?

# मूल पाठ

## जस

– लावण्य ढुङ्गाना



फिरङ्गी हिन्दुस्तान कब्जा गर्दै अघि बढिरहेका थिए । तिनीहरूबाट गोर्खा राज्यलाई जोगाउन त्यति सजिलो थिएन । पृथ्वीनारायणको विशाल राज्य बनाउने सपना पनि अधुरै थियो । लोभ लाग्दो कान्तिपुरमाथि धावा बोल्ने उनको ठुलो इरादा थियो । नुवाकोट जिते मात्र कान्तिपुर हान्ने बाटो खुल्थ्यो । त्यसो भएकाले गोर्खालाई कुनै न कुनै उपायले नुवाकोट नजिती भएको थिएन ।

योजनाबमोजिम पृथ्वीनारायणले नुवाकोटमाथि आक्रमण गरे । पहिलो आक्रमणमै उनले पराजय भोग्नुपऱ्यो । नुवाकोटमै हार खाइसकेपछि कान्तिपुरतिर उनले कसरी आँखा लगाउन सक्थे र ? उनमा चिन्तामाथि चिन्ता थपियो । यस हारले उनी घाइते सिंह झैँ रन्थनिँदै बिसेको आँगन टेक्न आइपुगे । बिसे आँगनमा फाटेको सुरुवाल टालेर बसिरहेको थियो । उसले आफ्ना आँगनमा राजालाई सशरीर देख्यो । उसलाई पहिले त पत्याउनै मुस्किल पऱ्यो । सपना झैँ लाग्यो ।

जब राजा नजिक आइपुगे तब ऊ अभिवादनका लागि उठ्यो । उसले हतार हतार आँगनमा लडिरहेको ओखल घोप्ट्यायो । ओखलमाथि सुकुल बिछ्यायो । राजाका लागि आसन तयार भयो ।

पृथ्वीनारायण आसनमा विराजमान भए । बिसे पिर्का तानेर टुक्रुक्क बस्यो । केही छिन वातावरण चकमन्न बन्यो । न पृथ्वीनारायण बोले न बिसे नै बोल्यो ।

पृथ्वीनारायणको अनुहार मलिन थियो । उनी कहिले आकाशतिर हेर्थे । कहिले धर्तीतिर हेर्थे । कहिले भने खुट्टाले एकोहोरो भुइँ खोस्रिरहन्थे । वेला वेला बिसेतिर हेर्थे । केही बोल्न खोजे झैँ गर्थे तर वाक्य फुट्दैनथ्यो । केही छिनपछि सुनसानलाई चिर्दै बिसेले भन्यो, “यो जर्किनडाँडातिर कहिल्यै नजरसम्म लागेको थिएन । आज कसरी पाउकष्ट भयो । अनुहार पनि मलिन देख्छु । कुन चिन्ताले पिरोल्यो महाराज ?”

बिसेले कुराको बाटो खोल्यो । पृथ्वीनारायणलाई अघि बढ्न सजिलो भयो । उनले भने, “हेर बिसे ! तँ यस गोर्खा राज्यको एउटा रैती मात्र होइनस् । गोर्खा दरबारको सदस्य पनि होस् । तैँले सिएका दौराभोटा लगाई म हुर्कें । अझै लाउँदै छु । यो राज्य तेरो पनि हो । यो भत्कँदा अवश्य नै तँलाई दु:ख लाग्दो हो । बन्दाखेरी खुसीले नाच्दो होस् । म अहिले साह्रै बेचैनमा छु । त्यसै त्यसै मन बुझाउन सकिरहेको छैन । मनको बह कसलाई पोखूँ खै ? केही उपाय आइहाल्छ कि भनेर तेरातिर आएँ ।”

पृथ्वीनारायण केही बेर अडिए । बिसेले थप्यो, “त्यस्तो के पर्‍यो महाराज ?” पृथ्वीले प्रस्ट्याउन खोजे, “बिसे ! तँलाई पनि थाहा भएकै कुरा हो । तँ पनि त लडाइँमा सँगसँगै थिइस् । नुवाकोट जितुँला भन्ने कत्रो इरादा थियो । आखिर पहिलो गाँसमै दाँतमा ढुङ्गो भने झैँ भयो । यता लडाकुहरू मारिए । उता गोलाबारुद सकिए । खर्च खर्चको नाश भयो । इज्जत इज्जत बरबाद भयो । अब

कसरी अघि बढ्ने हो ?  म त टेक्ने न समाउने भएको अवस्थामा छु ।"

पृथ्वीनारायणका कुरा सुनेर बिसे सोचमग्न भयो । ऊ पृथ्वीनारायणभन्दा उमेरले निकै पाको थियो । उमेरले मात्र होइन । ऊ अनुभवले समेत खारिएको थियो । उसले राजालाई सान्त्वना दिँदै भन्यो, "महान् योद्धालाई यस्तो चिन्ताले शोभा दिँदैन महाराज ! हो, नुवाकोट युद्धमा म पनि सँगै थिएँ । भएको धनजनको क्षति पनि मैले देखेकै हो । पराजय हामी सबैले भोगेकै हो । के त एउटा पाइला चिप्लियो भनेर अर्को पाइला नसार्ने ? त्यसरी लक्ष्यमा पुग्न सकिएला त ?"

"कुरा त तेरो नाजायज छैन बिसे ! म त यो लडाइँपछि हातखुट्टा गिँडेको मुढो तुल्य भएको छु । तँ भन्छस् पाइला सार्ने । पाइला मात्र किन ? दौड नै मच्चाउने हो तर उपाय के छ त ? हेर् है, खर्च नभई लडाइँ हुँदैन । गोलाबारुद ल्याउनुपर्‍यो । खर्चै चाहियो । रासनपानीको बन्दोबस्त मिलाउनुपर्छ । त्यहाँ पनि खर्चकै कुरा छ ।" राजाले कुरा थपे ।

राजाको बेचैनीको रहस्य बिसेले राम्ररी बुझ्यो । उसले सोध्यो, "लडाइँका लागि खर्च कति जति चाहिएला महाराज ?"

राजाले भने, "थोरैतिनै पैसाले के आउँछ र बिसे ? गोलाबारुद किन्न बनारस पुग्नुपर्छ । तीन हजार नभई लडाइँ गर्न खै के सकिएला र ? ढुकुटी टकटक्याउँदा मुस्किलले दुईचार सय झर्ला । दुईचार सय रैतीले राजस्व बुझाउलान् । त्यतिले त छोप हाल्न पनि पुग्दैन । अब भन् त के गर्ने हो ?"

बिसेले सोध्यो, "महाराज ! गोर्खामा कति घरधुरी होलान् ?"

बिसेको फेद न टुप्पाको प्रश्नले राजामा रिसको पारो चढ्यो । उम्लँदो रिसलाई रोकेर गाह्रो मान्दै भने, "सत्रअठार सय घरधुरी होलान् ।"

बिसे जुरुक्क उठ्यो । केही सम्झे झैँ गर्‍यो र भन्यो, "एक छिन है महाराज !"

बिसे सटासट घरभित्र पस्यो । एक छिन अलमलियो र फर्कियो । उसले राजाका अघि एक रुपियाँ दाम राख्दै भन्यो, “ल लिनुहोस् लडाइँखर्च ।”

कैयौँ हजार खर्च हुने लडाइँका लागि जाबो एक रुपियाँ दाम ? त्यो त हात्तीका मुखमा जिरा पनि हुँदैनथ्यो । राजालाई बिसेले जिस्के जस्तो लाग्यो । उनी जुरुक्क उठ्दै कड्के, “के भनिस् रे बिसे ? तँ आफैँ युद्धबाट पछि हट्नु हुन्न भन्ने अनि एक रुपियाँ दाम दिएर जिस्कने ? म जाबो एक रुपियाँ माग्न आएको हुँ ? तैँले मलाई के ठानिस् हँ ? तँलाई अहिल्यै ठिक पारौँ ?”

राजाको झटनीले बिसे कत्ति पनि डगमगाएन । राजाको शरीर त उसले बच्चैदेखि नापेको थियो । आज बुद्धिसमेत नाप्ने मौका पायो । उसले राजालाई सम्झाउँदै भन्यो, “बुढापाकाहरू रिस खा आफू बुद्धि खा अर्को भन्थे । तातो रिसले आफैँलाई जलाउँछ । मैले किन लडाइँको खर्च सोधेँ ? किन गोरखाका घरधुरी सोधेँ ? धैर्यले मनमनै गुन्नुहोस् महाराज !”

बिसेका कुराले राजा झल्याँस्स बिउँझे झैँ भए । बिसेले सर्प पनि मर्ने लट्ठी पनि नभाँचिने उपाय बताएको थियो । बिसेले झैँ सबै घरधुरीले एक एक रुपियाँ दिए सजिलै युद्धखर्च जुट्ने थियो । कुरा बुझेपछि राजाले बिसेको एक रुपियाँ उठाउँदै भने, “सही भनेको रहेछस् बिसे ! औंधी सही । आगो ताप्नु मुढाको कुरा सुन्नु बुढाको त्यसै भनिएको रहेनछ । तेरो घर आएको सार्थक भयो । म अहिले गएँ ।”

बिसेको अर्तीबमोजिम पृथ्वीनारायणले खर्च जुटाए । गोलाबारुद ल्याए । युद्धको तयारी गरे ।

गोर्खाली फौजले तीनतिरबाट एक साथ नुवाकोटमाथि आक्रमण गरे । जयप्रकाश मल्लका फौजले नुवाकोटलाई जोगाउन भरमग्दुर प्रयास गरे । अन्ततः नुवाकोटे सेनाले घुँडा टेके । बिसेले जोड जोडले नगरा ठोक्यो । बिसेको नगराको ध्वनिले नुवाकोट गुञ्जायमान भयो । गोर्खालीले नुवाकोटमा विजयझन्डा गाडे ।

लडाइँका दौरान पृथ्वीनारायण अग्रमोर्चामै थिए । उनी लडाकुहरूमा जोस भरिरहेका थिए । जब लडाइँमा विजय हात लाग्यो तब उनी युद्धमोर्चा छोडेर एक्कासि दौडे । लडाकुहरू चकित भई राजा कहाँ दौडेका हुन् भनी हेर्न थाले । उनी छिनभरमा बिसेका नजिकमा पुगे । बिसे एक तमाससँग नगरा पिटेर विजयध्वनि जगाइरहेको थियो ।

बिसे एक सुरमा थियो । जब बिसेको ध्यान आफ्ना अघिल्तर खिचियो तब उसले राजा उभिरहेको देख्यो । नगरा पिटिरहेका बिसेका हात टक्क रोकिए । उसले राजालाई शिर निहुऱ्याई अभिवादन गऱ्यो । पृथ्वीनारायणले बिसेका पिठिउँमा धाप मार्दै भने, “धन्य हो बिसे ! धन्य हो ‼ यो नुवाकोट विजयको पहिलो जस तँलाई छ ।”

नुवाकोट विजयको पहिलो जस राजाले आफूलाई दिए । यो सुनेर बिसे चकित त भयो नै । उसका आँखा हर्षाश्रुले टमाटम भरिए ।

## शब्दार्थ

| | | |
|---|---|---|
| फिरङ्गी | : | अङ्ग्रेज |
| हिन्दुस्तान | : | भारत |
| कब्जा | : | नियन्त्रण |
| धावा | : | चुनौती |
| इरादा | : | इच्छा |
| आक्रमण | : | हमला |
| पराजय | : | हार |
| अभिवादन | : | नमस्कार |
| ओखल | : | चिउरा, धान आदि कुट्न पोपिल्टो पारी बनाइएको काठ वा ढुङ्गाको साधन |

| | | |
|---|---|---|
| सुकुल | : | गुन्द्री, पराल घाँस आदिबाट बनाइएको बस्ने साधन |
| विराजमान | : | बस्ने काम |
| पिर्का | : | पिरा |
| मलिन | : | निन्याउरो |
| पाउकष्ट | : | आउने जाने कुरामा दु:ख |
| रैती | : | जनता |
| बेचैन | : | अशान्ति |
| बह | : | पिर, चिन्ता |
| गोलाबारुद | : | लडाइँमा शत्रुलाई नाश गर्ने एक किसिमको अस्त्र |
| सोचमग्न | : | सोचमा डुबेको |
| नाजायज | : | अनुपयुक्त |
| रासनपानी | : | खाद्यसामग्री |
| ढुकुटी | : | भँडार |
| छोप | : | थोरै मात्रा |
| घरधुरी | : | प्रत्येक घर |
| दाम | : | पैसा |
| झटनी | : | धान झाँट्ने काम |
| औधी | : | धेरै, ज्यादै |
| सार्थक | : | अर्थपूर्ण |
| भरमग्दुर | : | सक्दो |
| नगरा | : | ठुलो दमाहा |
| जस | : | प्रशंसा, स्याबासी |

## शब्दभण्डार

१. **पाठबाट दिइएका अर्थ बुझाउने शब्द खोजेर लेख्नुहोस् :**

(क) कर वा शुल्कका रूपमा राज्यलाई प्राप्त हुने धन

(ख) शरीरसहित

(ग) शिर निहुर्‍याएर गरिने ढोग

(घ) कसैलाई सहानुभूति दिने काम

(ङ) लडाइँमा चोटपटक लागेको

(च) लडाइँमा पराजय भोग्नु

(छ) खुसीको आँसु

२. **तल दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

घाइते, ओखल, वातावरण, धैर्य, ध्यान, दाम, बेचैन, पिर्का, पराजय, रुपियाँ

३. **जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| बाँस | भकारी |
| कमिला | बथान |
| गाई | घारी |
| धान | लक्कु |
| नोट | ताँती |

४. तल दिइएको अनुच्छेद पढ्नुहोस् र समूहवाचक शब्द चिनेर कापीमा लेख्नुहोस् :

कक्षामा विद्यार्थी थिए । तिनले बाहिर मानिसको हुल देखे। मानिसको हुलपछि बाखाका बथान थिए । मानिसले परालका मुठा पनि बोकेका थिए । ती मानिसले दुई झुप्पा अङ्गुर किने । यसै बेला अर्कोतिरबाट बेहुली लिएर जन्ती आएपुगे ।

५. कसैलाई सोधेर तलको तालिका भर्नुहोस् :

| पेसा बुझाउने शब्द | नाता बुझाउने शब्द | गहना बुझाउने शब्द | बाजा बुझाउने शब्द |
|---|---|---|---|
| डकर्मी | आमाजू | बुलाकी | मादल |
| | | | |
| | | | |

६. उदाहरण हेरेर सानो बुझाउने शब्द लेख्नुहोस् :

उदाहरण : थाल ⟶ थलिया

लोहाटा, डालो, खाट, झोला, टीका

७. दिइएका सानो अर्थ बुझाउने शब्दसँग जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| उकालो | डाली |
| झोला | गाग्री |
| थाल | उकाली |
| डालो | थाली |
| गाग्रो | झोली |

८. दिइएको कोठेपदबाट लघुतावाची शब्द छानेर गोलो घेरा लगाई खाली ठाउँमा लेख्नुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| घ | नो | बाँ | दा | कु | क |
| क | पा | स | नो | खु | ण |
| था | त्या | न्द्रो | भि | रा | लो |
| थो | पो | मा | पि | त्को | क |
| मा | चा | नो | को | सो | ख |
| द | रा | ज | स | के | स्रो |

धुलो ............... सुन्तला ............... अचार ............... मुला ...............

केरा ............... पानी ............... पराल ...............

९. तलका प्राविधिक तथा पारिभाषिक शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

ऐलानी, अर्मल, सुत्केरी, शिक्षा, रोजगारी, उद्योग, भूकम्प

१०. तलका शिष्टाचारका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

प्रणाम, नमस्कार, आदरणीय, श्रद्धेय

## बोध र अभिव्यक्ति

१. **तल दिइएका शब्द शुद्ध उच्चारण गर्नुहोस् :**

| | | | |
|---|---|---|---|
| आक्रमण | पृथ्वीनारायण | जर्किनडाँडा | सान्त्वना |
| गाह्रो | युद्धमोर्चा | हर्षाश्रु | |

२. **कसले कसलाई भनेको हो, भन्नुहोस् :**

(क) यो जर्किनडाँडातिर कहिल्यै नजरसम्म लागेको थिएन ।


(ख) "तैंले मलाई के ठानिस् हँ ? तँलाई अहिल्यै ठिक पारौँ ?"

(ग) "धन्य हो बिसे ! धन्य हो !!"

(घ) म त यो लडाइँपछि हातखुट्टा गिँडेको मुढोतुल्य भएको छु ।

(ङ) गोर्खामा कति घरधुरी होलान् ?

३. **चित्र हेरेर पाँच वाक्यमा वर्णन गर्नुहोस् :**



४. तल दिइएका घटनाको क्रम मिलाएर लेख्नुहोस् :

☐ बिसेले राजालाई सान्त्वना दियो ।

☐ पृथ्वीनारायण केही उपाय निकाल्न बिसेकामा गए ।

☐ पृथ्वीनारायणलाई रिसको पारो चढ्यो ।

☐ पृथ्वीनारायण युद्धमोर्चा छोडेर एक्कासि दौडिए ।

☐ बिसेको अर्ती सुनेर पृथ्वीनारायणले खर्च जुटाए ।

☐ बिसेका आँखाबाट हर्षाश्रु चुहिए ।

☐ नुवाकोटमाथि आक्रमण गरे ।

५. तल दिइएको प्रश्नको उत्तर लेख्नुहोस् :

(क) पृथ्वीनारायण बिसेकामा किन गएका थिए ?

(ख) राजाले बिसेसँग के सल्लाह मागे ?

(ग) तातो रिसले आफैँलाई जलाउँछ भनेको के हो ?

(घ) जस कथाको सार के हो ?

(ङ) जस कथाबाट के शिक्षा पाइन्छ ?

६. जस कथाबाट चारओटा प्रश्न बनाउनुहोस् ।

७. तल दिइएको सन्दर्भ पढ्नुहोस् :

राधा बिहानै उठ्छिन् । एकछिनपछि उनका पति पनि उठ्छन् । दुवै मिलेर गाईलाई घाँस खोले दिन्छन् । राधा दुध लिएर दुध सङ्कलन केन्द्र जान्छिन् । पति घाँस काट्न जान्छन् । पति छिटो आए उनले र पत्नी छिटो आए उनैले भात पकाउँछन् । एकअर्कालाई सघाउनुलाई उनीहरू कर्तव्य ठान्छन् । काम गर्नुलाई आफ्नो कर्तव्य ठानेकाले नै उनीहरूको जीवन सहज ढङ्गले चलेको छ ।

तपाईं आफ्नै कर्तव्य ठानेर के के काम गर्नुहुन्छ ?

## भाषिक संरचना र वर्णविन्यास

१. जोडेर नयाँ शब्द बनाउनुहोस् :

| | | | | |
|---|---|---|---|---|
| आ | + | कार | = | आकार |
| वि | + | कास | = | ...................... |
| बे | + | काम | = | ...................... |
| उप | + | चार | = | ...................... |
| प्र | + | मुख | = | ...................... |

२. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| घुमन्ते | इलो |
| पढाइ | अन्ते |
| रसिलो | आइ |
| छनोट | उवा |
| डढुवा | ओट |

३. उदाहरणमा दिइए जस्तै तल दिइएका शब्दलाई छुट्याएर लेख्नुहोस्

उदाहरण : दौराभोटा - दौरा भोटा

दु:खसुख, मिठोमसिनो, गोलाबारुद, रासनपानी,

बुढापाका, घरधुरी, पाउकष्ट

४. उदाहरणमा दिइए जस्तै अन्तिम वर्ण प्रयोग गरेर आठओटा नयाँ शब्द बनाउनुहोस् :

कमिलो → लोथर्के → केरा → रा...

५. पाठबाट 'य' र 'ए' प्रयोग भएका पाँच पाँचओटा शब्द खोजेर लेख्नुहोस् ।

## सुनाइ र बोलाइ

१. तलको पाठ सुनेर उत्तर दिनुहोस् :

### पशु

"ए मङ्गला दिदी ! हैन तपाईं सुन्नुहुन्न ! कान छैनन् कि ? तपाईंको बरका पात झरेर हाम्रो आँगन कति फोहोर भइसक्यो । कहिले सुन्ने होइन । आएर सोहोर्नुपर्दैन ! "

बिहानै पिङ्गला भुतभुताउन थालिन् । पिङ्गला र मङ्गला छिमेकी हुन् । पिङ्गलाका लोग्ने जागिरे भएकाले उनी किसानकी पत्नी मङ्गलालाई छिमेकीजस्तो नठानी हेप्छिन् ।

आज राति हावा चलेछ । हावाले बरका पुराना पात झारेछ । मङ्गलाको बारीको बरका पात पिङ्गलाका आँगनमा झरेकाले यस्तो रडाको सुरु भएको थियो ।

केही दिन अगाडि पनि अम्बाका पात झरेकामा पिङ्गलाले यसरी नै गाली गरेकी थिइन् । पोहोर साल त्यही अम्बा टिपेर मिठो मानीमानी खाएको चाहिँ उनले सहजै भुलिन् ।

पिङ्गला भुतभुताएको सुनेर उनका पति भ्रामरी माड्साबले भने,“हाम्रो खैरे छोडिदेऊ न त्यसका चुलामै पुगोस् । सब ठिक गरिहाल्छ नि !”

पिङ्गलाले एउटा खैरे कुकुर पालेकी थिइन् । त्यो प्रायश: मङ्गलाको फूलबारीमा आएर दिशापिसाब गर्थ्यो । मङ्गला केही नभनी सोहोर्थिन् । छिमेकीका बारीमा पसेर दिशापिसाब गर्ने बानी लागेकामा पिङ्गलाले धेरै पटक खैरेलाई स्याबासी दिएकी थिइन् ।

मङ्गलाका पालीमा परेवा बसेका थिए । कहिलेकाहीँ ती उडेर गएर पिङ्गलाका बरन्डामा बसेर दिशा गरिदिन्थे । त्यस दिन पिङ्गला गाली पुराणको एक अध्याय सबै भट्याउँथिन् ।

एक हप्ता पहिले मङ्गलाको खरायोले पिङ्गलाको बारीको दुबो खाँदा पिङ्गलाले बाबुबाजेको समेत नाम लिएर सत्तोसराप गरेकी थिइन् ।

“बहिनी पशु हो, जानेन । खासै बिगारेको छैन । छिमेकमा यस्तै हो नि बहिनी !” मङ्गलाले यसो भन्दा तिमी पनि पशु हौ त त्यसो भए भनेर पिङ्गला बम्केकी थिइन् ।

पात झरेको देखेर आज पनि खरायो पिङ्गलाका आँगनमा पुगेछ । पिङ्गलालाई सही नसक्नुभयो । उनले ढुङ्गो टिपेर खरायोलाई हान्ने हुँदा खरायो त भागिहाल्यो तर ढुङ्गाले मङ्गलाको झ्यालका तीनओटा सिसा नै झ्यामझुरुम भए ।

“ला दिदी ! जानिजानी हैन । तिम्रो साँढे भागिहाल्यो । तिम्रा सिसा नै फुटे । हुन त झ्यालको सिसा फुटेर तिमेर्लाई के फरक पर्ला र ! कि हाम्रो सरलाई भनेर फेर्न लाइदिऊँ !”

"भैगो बहिनी, पशुलाई के थाहा र !" मङ्गला फुटेका सिसाका टुक्रा समाल्न थालिन् ।

– डा. गणेशप्रसाद भट्टराई

(क) कसका लोग्ने जागिरे थिए ?

(ख) कसले अम्बा खाएको कुरा भुलिन् ?

(ग) खरायो पिङ्गलाका आँगनमा किन पुग्यो ?

(घ) सिसा कसरी फुटे ?

(ङ) पशु कसलाई भनिएको हो ?

## परियोजना कार्य

१. दिइएका बुँदाका आधारमा एउटा कथा लेख्नुहोस् र उपयुक्त शीर्षक दिनुहोस् : 

एउटा बालक सधैँ चकचक गर्नु............आमाबुबाले भनेको नमान्नु............शिक्षकलाई पनि नटेर्नु.............सधैँ रुखका टुप्पामा चढ्नु..........रुखका हाँगा हल्लाउनु.............उसको चकचक देखेर सबै हैरान हुनु........एक दिन एउटा रुखमा चढ्नु...............रुखको बिच भागमा एउटा प्वाल देख्नु..............प्वालभित्र हात हाल्नु.............अचानक आत्तिएर कराउँदै हात निकाल्नु..........हातको औँलाबाट रगत बग्नु.............हतार हतार गरेर रुखबाट ओर्लनु............केही छिनमा त्यस प्वालबाट एउटा डरलाग्दो सर्प निस्कनु..........उसको औँला सर्पले टोकेको थाहा पाउनु...........तुरुन्त उसले घरमा गएर भन्नु.............बालककी आमाले उसलाई अस्पताल लैजानु..........आइन्दा अभिभावकले भनेको मान्ने र चकचक नगर्ने वाचा गर्नु.........।

२. तपाईँले सुनेको कुनै एउटा कथा लेख्नुहोस् । 

# पाठ ७







(क) माथिका चित्रमा तपाईँ के के देख्नुहुन्छ ?

(ख) मानिसले किन संस्कृति मनाउँछन् ?

## मूल पाठ

# संस्कृति

(सासु र बुहारी खेतमा काम गर्दै छन् । शिक्षक पेसाबाट अवकाश पाएकी सासु पहिले संस्कृति विषय नै पढाउँथिन् । भरखरै बिहे गरेर आएकी बुहारी र सासु काम गर्दै कुरा गरिरहेका छन् ।)

बुहारी : (काम गर्न छाडी उभिएर) आमा ! मानिसहरू विभिन्न संस्कृति मनाउँछन् । ती एक अर्कामा मिल्दैनन् पनि । वास्तवमा संस्कृति भनेको चाहिँ के हो ?

सासू : कति राम्रो कुरा गऱ्यौ । संस्कृति मानिसको जीवन पद्धति हो । यो कुनै राष्ट्र, समुदाय वा जातिको सामाजिक संस्कार हो । संस्कृति समाजमा नाच, गीत, साहित्य, कला, प्रथा आदि विविध रूपमा रहेको हुन्छ ।

बुहारी : (झारपात केलाउँदै) यसलाई रीतिरीवाज पनि भनेको सुनिन्छ । ठिक हो त आमा ?

सासू : हो नि । संस्कृति रीतिरिवाज, रहनसहन र आचारविचार पनि हो । समाजमा परम्परादेखि संस्कृति मान्दै आएको पाइन्छ । समय फेरिँदै जाँदा कतिपय संस्कृति फेरिँदै पनि जान्छ भने कति नयाँ संस्कृतिको जन्म पनि हुने गर्दछ । मनको सन्तुष्टिका लागि मानिसले संस्कृति मान्छ ।

बुहारी : अनि आमा, संस्कृति आफैँ बन्छ कि मानिसले बनाएको ?

सासू : (कोदालाले खन्दै) संस्कृति आफैँ चाहिँ बन्दैन । संस्कृतिभित्र धर्म,

विश्वास, ज्ञानविज्ञान, कला र चालचलनहरू पनि पर्छन् । मानिसले आफ्नो क्षमता र योग्यताअनुसार संस्कृति निर्माणमा सहयोग गर्छ ।

बुहारी : संस्कृतिले समाजलाई चिनाउँछ । संस्कृति मानिसका व्यक्तिगत र सामाजिक परिचय हो भन्ने पढेको थिएँ मैले । यो ठिक हो आमा ?

सासू : हो त । संस्कृति एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जान्छ । यसले मानिसलाई समाजमा मिलेर बाँच्न र सासूहिक जीवन बिताउन सिकाउँछ । धर्म, संस्कृति र परम्परा समाजका चिनारी हुन् । संस्कृतिकै कारण एउटा समुदाय अर्को समुदायभन्दा भिन्न देखिन्छ ।

बुहारी : अनि आमा, मानिसका खानपान, पहिरन, गरगहना आदि फरक फरक हुन्छन् । यसले समुदायको पहिचान राख्छ र ?

सासू : राख्छ नि । यो त समाजको पहिचान हो । समाजको विकास र विश्वमा आएका परिवर्तनका कारण संस्कृतिमा सामाजिक सुधार हुन्छ । संस्कृति आँखाले देखिने र अनुभव गरिने परिवर्तनसहित नयाँ पुस्तामा सर्दै जान्छ ।

बुहारी : (सासुतिर हेर्दै) त्यसो भए त यो अगिल्लो पुस्ताले पछिल्लो पुस्तालाई सिकाउने कुरा पो रहेछ है ?

सासू : हो नि बुहारी । तिमीले पनि अनौपचारिक कक्षामा पढेर धेरै सिकिसकिछौ ? संस्कृति सामाजिक प्रक्रिया हो नि । छोराले पनि सिकाउँछ कि क्या हो तिमीलाई ? कम माया गर्छ त्यसले तिमीलाई । मलाई थाहा छ नि ।

बुहारी : उहाँ इन्टरनेटमा के के खोजेर पढ्न लाउनुहुन्छ अनि पछि जानी

कि जानिन भनेर सोध्नुहुन्छ । उहाँले भनेको आफूले जानेका कुरा अरूलाई सिकाउने बानीले संस्कृति एक पिँढीबाट अर्को पिँढीमा सुटुक्क सर्छ रे ।

सासू : हो त । संस्कृतिकै माध्यमले समाजका परम्परा, आस्था र विश्वास नयाँ पुस्तामा सर्छन् । समाजका असल मूल्यमान्यताले नवीन संस्कृतिको जन्म हुन्छ । असल संस्कृतिले असल सभ्यता निर्माण गर्छ । समाजका असल संस्कृति अन्य समुदायमा पनि सरेर जान्छन् ।

बुहारी : इन्टरनेटमा त संस्कृतिको विस्तार, समुदायको इज्जत र गौरवको विषय हो । संस्कृति मानिसका व्यवहारबाट प्रदर्शन हुन्छन् । सामाजिक व्यवहारकै कारण समाजका भिन्नभिन्न विशेषता हुन्छन् भन्ने लेखेको थियो ।

सासू : ए, इन्टरनेट हेर्न सिकाएर छोराले तिमीलाई जान्ने बनाइसकेछ । त्यसलाई धेरै कुरा आउँछ । सिकिरहनु है । अनि सुन, मानिसको सिकाइ र व्यवहारमा त्यसको प्रयोग पनि संस्कृति हो । मानिसले देखाउने व्यवहारबाट उसको व्यक्तिगत र पारिवारिक संस्कृति थाहा पाइन्छ । यसैले प्रत्येकले असल संस्कृतिको पालना गर्नुपर्छ ।

बुहारी : हस् आमा ।

सासू : नेपाल बहुसांस्कृतिक मुलुक हो भन्ने त तिमीलाई थाहा छ । हाम्रो देशमा विभिन्न जातिले भिन्नभिन्न संस्कृति मान्छन् । मान्न विवाह, व्रतबन्ध, पूजाआजा, मेला, उत्सव आदि गर्नु पनि संस्कृति मान्नु हो । यस्ता अवसरमा बाजागाजा, पहिरन, गरगहना र खानेकुराको प्रयोग हुन्छ ।

बुहारी : मानिसले मठमन्दिर, चैत्य, स्तूप आदि धार्मिक स्थल चाहिँ किन बनाएका नि आमा ?

सासू : यी समुदायका संस्कृति प्रदर्शन हुने ठाउँ हुन् । धर्म, कला, संस्कृति, वेशभूषा, सहनसहन, भाषा पनि संस्कृतिसँग जोडिएका हुन्छन् । हिमाल, पहाड र तराईका समृद्ध संस्कृतिले समाजको परम्परा र मौलिकतालाई जोगाइराखेका छन् । नेपाली मौलिक विशेषता प्रवर्धन गर्न मानिसले यस्ता ठाउँ बनाएका हुन् ।

बुहारी : अनि संस्कृतिको रक्षा चाहिँ कसरी गर्न सकिन्छ त आमा ?

सासू : हाम्रो समाजमा बहुल संस्कृति छ । असल संस्कृतिको रक्षा तथा संवर्धनका लागि सहिष्णुता आवश्यक पर्छ । नेपालीहरू सहिष्णु भएकै कारण यहाँ सबै संस्कृति मौलाएका छन् ।

बुहारी : समाजका साधन, स्रोतको सासूहिक प्रयोगले पनि संस्कृति संरक्षणमा सहयोग पुग्छ रे नि आमा ?

सासु : यो चाहिँ तिमीलाई छोराले सिकाएछ । सबै जातिप्रति समभाव राखी सहकार्य गर्नु संस्कृति संरक्षणको अर्को उपाय हो । कानुनको पालना पनि संस्कृति संरक्षण र संवर्धनको आधार हो । संस्कृतिका नाममा अरूलाई हानि पुऱ्याउने, विभेद गर्ने, अपमान गर्ने र दुःख दिने काम भने गरिनु हुँदैन । परम्परादेखि चलिआएको भनेर नराम्रा कुरालाई अपनाइरहनु पनि राम्रो मानिँदैन ।

बुहारी : उहाँले त धेरै कुरा सिकाउनुहुन्छ तर म त्यति सिक्न सक्दिनँ । आमासँग पो डर लाग्दैन त ।

सासू : किन डराउनु पऱ्यो सिक्नलाई । कुरीति, कुसंस्कार र अन्धविश्वासलाई हटाएर राम्रा पक्षमात्र राख्न सक्ने हो भने संस्कृति असल संस्कृति बन्न जान्छ । समयअनुसार परिष्कृत हुन सक्ने संस्कृति नै दिगो र सबैको प्रिय बन्छ ।

बुहारी : हाम्रो त डराउने संस्कृति थियो । यहाँ त सिक्न पाइने रहेछ ।

सासू : संस्कृति व्यक्ति र समाजको परिचय हो । मानिस संस्कृतिविहीन बन्न सक्दैन । संस्कृति समाजको प्रतिबिम्ब हो । यसैले सिक्न र सिकाउन लजाउनु हुँदैन । झन् तिमी त हाम्री छोरी नै हौ नि ।

## शब्दार्थ

प्रथा : पहिलेदेखि चलिआएको चालचलन

रीतिरिवाज : चालचलन

सन्तुष्टि : प्रसन्नता

आस्था : श्रद्धा, विश्वास

सभ्यता : सभ्य हुने भाव

बहुसांस्कृतिक : धेरै संस्कृति भएका

प्रवर्धन : बढाउने कार्य

अनुसरण : पछ्याउने काम

वेशभूषा : पहिरन

समृद्ध : उन्नत

बहुल : धेरै

सहिष्णुता : सहन सक्ने गुण

संवर्धन : राम्ररी बढाउने काम

कुसंस्कार : अवगुण

परिष्कृत : सुधारिएको

प्रतिबिम्ब : छाया

## शब्दभण्डार

१. **पाठबाट दिइएका अर्थ बुझाउने शब्द खोजेर लेख्नुहोस् :** 

(क) पहिलेदेखि चलिआएको चालचलन

(ख) कुनै काम गर्न सक्ने शक्ति

(ग) वंश परम्परा

(घ) नियमअनुसार नभएको

(ङ) अन्धो सुरमा गरिने विश्वास

२. **दिइएका खाली ठाउँमा मिल्ने शब्द राखी वाक्य पूरा गर्नुहोस् :** 

(क) बिस पाथी अन्नको परिमाण जनाउने शब्द ............. हो । (एक माना, एक धार्नी, एक मुरी)

(ख) एक तोलाको सय भागको एक भाग जनाउने शब्द ............. हो । (एक लाल, एक सेर, एक मन)

(ग) आठ मानाको परिमाण जनाउने शब्द ............. हो । (एक पाथी, एक बिसौली, एक धानी)

(घ) सय पैसाको परिमाण जनाउने शब्द ............ हो । (एक दाम, एक रुपियाँ, एक मोहर)

३. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| (क) एक मानाको दश भागको एक भाग | एक पसर |
| (ख) एक हत्केलामा अटाउने परिमाण | एक छटाक |
| (ग) दुई हात फैलाएर च्याप्न सकिने परिमाण | एक अँजुली |
| (घ) दुई हत्केला जोडी बनाइएको खाल्टाभरिको परिमाण | एक मुठी |
| (ङ) पाँच तोला बराबरको परिमाण | एक अँगालो |

४. दिइएका परिमाणबोधक शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

पाथी, धार्नी, मोहर, तोला, दाम, माना, मन

## बोध र अभिव्यक्ति

१. दिइएका शब्द शुद्ध उच्चारण गर्नुहोस् :

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| संस्कृति | पद्धति | सन्तुष्टि | पिँढी | गौरव | सहिष्णु | प्रतिबिम्ब | संरक्षण |

२. सासु र बुहारी बनेर संस्कृति संवाद पढ्नुहोस् ।

३. दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :

(क) संस्कृतिलाई किन परिचय भनिएको हो ?

(ख) संस्कृतिले के सिकाउँछ ?

(ग) कानुनको पालना गर्नुपर्छ ?

(घ) संस्कृतिका नाममा के गर्नु हुँदैन ?

(ङ) समयअनुसार परिष्कृत हुन के गर्नुपर्छ ?

४. संवाद पढेर कुन पहिले भनिएको हो लेख्नुहोस् :

☐ वास्तवमा संस्कृति भनेको चाहिँ के हो ?

☐ समयअनुसार परिष्कृत हुन सक्ने संस्कृति नै दिगो र सबैको प्रिय बन्छ ।

☐ संस्कृति मानिसको व्यक्तिगत र सामाजिक परिचय हो ।

☐ तिमीले पनि अनौपचारिक कक्षामा पढेर धेरै सिकिसकिछौ ?

☐ इन्टरनेट हेर्न सिकाएर छोराले तिमीलाई जान्ने बनाइसकेछ ।

☐ समाजमा परम्परादेखि संस्कृति मान्दै आएको पाइन्छ ।

५. दिइएको संवादको अंश जस्ताको त्यस्तै सानुहोस् :

बुहारी : उहाँले त धेरै कुरा सिकाउनुहुन्छ तर म त्यति सिक्न सक्दिनँ । आमासँग पो डर लाग्दैन त ।

सासू : किन डराउनु पर्‍यो सिक्नलाई । कुरीति, कुसंस्कार र अन्धविश्वासलाई हटाएर राम्रा पक्षमात्र राख्न सक्ने हो भने संस्कृति असल संस्कृति बन्न जान्छ । समयअनुसार परिष्कृत हुन सक्ने संस्कृति नै दिगो र सबैको प्रिय बन्छ ।

बुहारी : हाम्रो त डराउने संस्कृति थियो । यहाँ त सिक्न पाइने रहेछ ।

सासु : संस्कृति व्यक्ति र समाजको परिचय हो । मानिस संस्कृतिविहीन बन्न सक्दैन । संस्कृति समाजको प्रतिबिम्ब हो । यसैले सिक्न र सिकाउन लजाउनु हुँदैन । झन् तिमी त हाम्री छोरी नै हौ नि ।

६. दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) संस्कृतिले के सिकाउँछ ?

(ख) संस्कृतिमा प्रभाव पार्ने पक्ष के के हुन् ?

(ग) असल संस्कृति कसरी निर्माण गर्न सकिन्छ ?

(घ) एक समुदाय र अर्को समुदाय किन भिन्न हुन्छन् ?

(ङ) समाजको मौलिकता कसरी जोगाउन सकिन्छ ?

(च) कस्तो संस्कृति सबैको प्रिय हुन्छ ?

७. तलका उत्तर आउने प्रश्न निर्माण गर्नुहोस् :

(क) समाजमा परम्परादेखि संस्कृति मान्दै आएको पाइन्छ ।


(ख) धर्म, संस्कृति र परम्परा समाजका चिनारी हुन् ।

(ग) मानिसले देखाउने व्यवहारबाट उसको व्यक्तिगत र पारिवारिक संस्कृति थाहा पाइन्छ ।

(घ) मानिस संस्कृतिविहीन बन्न सक्दैन ।

८. संस्कृति संवादको आशय पाँच वाक्यमा लेख्नुहोस् ।

९. तलको स्तम्भचित्रको वर्णन गर्नुहोस् :




१०. दिइएको संवाद पूरा गर्नुहोस् :

रमा : ए भूमिका ! हेर त बगैँचामा कति राम्रा फूल फुलेछन् । आहा ! कति राम्रो गुलाफ !

भूमिका : वसन्त ऋतुमा पनि फूल नफुले कहिले फुल्छ त ? .................

रमा : ............... । घुम्दा कसरी रमाइलो हुन्छ, मैले थाहा पनि पाएकी छैनँ ।

भूमिका : रमा, मलाई त घुमफिर गर्नै पर्छ भन्ने लाग्छ । नयाँ नयाँ कुरा देख्न पाइन्छ । .................. !

रमा : साँच्चि, भन त ! .......... ?

भूमिका : घुमफिरबाट ज्ञान र मनोरञ्जन दुवै पाइन्छ । ............... ।

रमा : ........................... ?

भूमिका : हो त नि ! उनीहरू यहाँका धार्मिक, सांस्कृतिक र रमणीय स्थल घुमफिर गर्छन् । ............................ ।

रमा : .......................... भनिदिएँ । यस वर्ष त जसरी भए पनि जान्छु । हामीले त शैक्षिक भ्रमण नगरी नहुने रहेछ ।

भूमिका : ..................... ।

११. भाव विस्तार गर्नुहोस् :

(क) असल संस्कृतिले असल सभ्यता निर्माण गर्छ ।

(ख) संस्कृति समाजको प्रतिबिम्ब हो ।

१२. दिइएको सन्दर्भ पढ्नुहोस् र निर्देशनअनुसार गर्नुहोस् :

म प्रमिला तामाङ हुँ । हामी ल्होसार मान्छौँ । ल्होसार हाम्रो नयाँ वर्ष हो । यो प्रत्येक वर्ष माघे सङ्क्रान्तिका दिन मनाइन्छ । हामी यस चाडमा दिवङ्गत आफन्तको सम्झनामा पूजापाठ गर्छौं । मान्यजनकहाँ गएर आशीर्वाद लिन्छौँ । झैझगडाका कारण बोलचाल बन्द भएका मानिस पनि यस चाडमा मिल्छन् ।

प्रमिला तामाङले झैँ तपाईँ पनि आफ्नो सांस्कृतिक परिचय दिनुहोस् ।

## भाषिक संरचना र वर्णविन्यास

१. चिह्न ख्याल गरेर दिइएको अनुच्छेद पढ्नुहोस् र अनुच्छेदमा कुन कुन चिह्न प्रयोग भएका छन्, भन्नुहोस् :

“नमस्कार भिनाजु ! दिदी आउनुभएन ? । दिदी, कल्पना, मनिष र म मिलेर बिर्तामोड जाने भनेको थियो । हुन् ।” लक्ष्मीले आफ्नो परिचय दिई । उसले परतिर हेरेर भनी , “आहा ! कति राम्रो टेबल ? कसले बनाएको हो हजुरआमा ?”

२. उपयुक्त चिह्न राखी दिइएका वाक्य पुनर्लेखन गर्नुहोस् :

| | | | | |
|---|---|---|---|---|
| । | , | ! | “ ” | ? |

(क) मेरो घर त इलाम हो

(ख) उमेश तिमीलाई के भयो

(ग) उसले भन्यो म नेपाली हुँ

(घ) ओहो रवि, उर्मिला र अम्बा पो आएका रहेछन्

३. ‘संस्कृति’ संवादबाट पूर्णविराम, अल्पविराम र प्रश्न चिह्न प्रयोग भएका दुई दुईओटा वाक्य टिप्नुहोस् ।

४. रातो रङ लगाइएका शब्दको पदवर्ग (नाम, विशेषण, सर्वनाम आदि) पहिचान गर्नुहोस् :

उर्मिला किसान हुन् । उनी मिहिनेती छिन् । उनले बारीमा धान रोपेकी छन् । उनी आज बजार गइन् । उनीसँग उनकी छोरी पनि गइन् । छोरीले भनिन्, आहा ! पसलमा त कति राम्रा लुगा । छोरीले कुर्ता किनिन् । सामान किनेर उर्मिला र उनकी छोरी घरतिर फर्किए ।

५. पाठबाट ‘श’, ‘ष’ र ‘स’ प्रयोग भएका शब्द पहिचान गरी कापीमा टिप्नुहोस् ।

६. दिइएका शब्द समूहबाट शुद्ध शब्द पहिचान गरी लेख्नुहोस् :

| | | | | |
|---|---|---|---|---|
| (क) | विशेशण | विषेषण | विसेसन | विशेषण |
| (ख) | शिशु | सिसु | षिषु | शिसु |
| (ग) | शुसान्त | सुशान्त | सुषान्त | षुशान्त |

(घ) सिसिर सिशिर शिशिर शिषिर

७. कोष्ठकबाट उपयुक्त शब्द छानेर खाली ठाउँमा लेख्नुहोस् :

(क) म लुगा ...................................। (किन्छ, किन्छु, किन्छौँ)

(ख) हामी भजन ...................................। (गाउँछौ, गाउँछस्, गाउँछौँ )

(ग) तँ झापा ...................................। (बस्छौ, बस्छिन्, बस्छस्)

(घ) तिमी ढकने ...................................। (खान्छौ, खान्छिन्, खान्छौँ)

(ङ) धनगढीबाट गाडी ...................................। (आइन्, आए, आयो)

(च) कविला किताब झोलामा .......................। (बोक्छिन्, बोक्छन्, बोक्छे)

(छ) उमाशङ्कर बाटामा ..............................। (बस्दैन, बस्दैनन्, बस्दैनौ)

८. उदाहरण हेरी दिइएका क्रियालाई वर्तमान कालमा परिवर्तन गर्नुहोस् :

| हेरिन् | जानुभयो | खायौ | उठे | आयो |
|---|---|---|---|---|
| हेर्छिन् | | | | |

९. दिइएका वाक्यलाई वर्तमान कालमा परिवर्तन गर्नुहोस् :

(क) विनीताले नाटक लेखिन् । ..........................................।

(ख) तिमी परीक्षामा सफल हुने छौ । ..........................................।

(ग) उनीहरूले मलाई बोलाएनन् । ..........................................।

(घ) हामी छिट्टै आउने छौँ । ..........................................।

(ङ) रिता नर्स भई । ..........................................।

१०. उदाहरण हेरी दिइएका क्रियालाई परिवर्तन गर्नुहोस् :

उदाहरण :

| लढ्छ | लढ्यो |
|---|---|
| घेर्छु | .................... |
| गन्छौँ | .................... |
| भुल्छे | .................... |
| गाउँछस् | .................... |
| देख्छौ | .................... |
| पाक्छ | .................... |
| नाच्छिन् | .................... |

११. भूतकालका क्रिया चिनेर कापीमा लेख्नुहोस् :

लेख्छु, कुदेँ, गाइन्, दौडिन्छौ, निदाए, बोल्छिन्, जानुहुन्छ, अस्तायो

१२. पाठबाट भूतकाल बुझाउने पाँचओटा क्रियापद लेख्नुहोस् ।

१३. दिइएका खाली ठाउँमा भूतकालका क्रियापद लेखी वाक्य पूरा गर्नुहोस् :

(क) मैले कलम ................................। (किन्)

(ख) हामीले भजन ................................। (गाउ)

(ग) तँ पोखरामा ................................। (बस्)

(घ) तिमीले सुन्तला ................................। (टिप्)

(ङ) तपाईं हिजो ................................। (घुम्)

१४. उदाहरण हेरी दिइएका शब्द तालिकामा लेख्नुहोस् :

संयोग, काँचो, गाँस, संसार, संस्कृति, ताँती, भाँडो, संवाद, अंश, आँसु, गाउँ, संस्कृत

| चन्द्रविन्दु लागेका शब्द | शिरविन्दु लागेका शब्द |
|---|---|
| बाँस | संयम |

## सुनाइ र बोलाइ

१ तलको संवाद सुनी दिइएका वाक्य ठिक भए ठिक र बेठिक भए बेठिक भन्नुहोस् :

सलिमा : ए लखन, साँच्ची तिमीले थाहा पायौ ? यसपालिको वार्षिकोत्सवमा कला संस्कृतिका बारेमा वक्तृत्व कला प्रतियोगिता हुन्छ रे । हामीले भाग लिनुपर्ने रे ।

लखन : कक्षामा नै भन्नुभएको थियो नि गुरुआमाले । ...ए तिमी थिइनौ त्यस दिन ।

सलिमा : हाम्रो भागमा वक्तृत्वकला परेको छ रे है ।

लखन : हो त । कला र संस्कृतिका बारेमा बोल्नुपर्ने रे । तिमी त भाषण गर्न सिपालु छ्यौ, सकिहाल्छ्यौ । यसपालि म पनि भाग लिने हो । मैले पनि काकासँग सोधेर केही बुँदा टिपिसकेँ ।

सलिमा : के टिप्यौ त ?

लखन : गुरुआमाले त विभिन्न संस्कृतिमध्ये कुनै जातजातिको संस्कृतिलाई आधार मानेर नाटक खेल्नू भन्नुभएको थियो । अस्ति गुरुआमाले भनेको सुनिनौ ?

सलिमा : सुनेँ नि, किन नसुन्नू ? भाषा, पहिरन, चाडपर्व, रहनसहन नै संस्कृति हुन् । त्यसैले कुन विषयमा नाटक गर्ने होला भनेर अलमल परेकी हुँ ।

लखन : नेपाल संस्कृति नै संस्कृतिको खानी हो । यो संस्कृतिको साझा फूलबारी पनि हो । हामी चाहिँ यस फूलबारीमा फक्रक्क फक्रेका फूल हौँ । त्यसैले जुनसुकै जातिको संस्कृतिका विषयमा नाटक खेल्न सकिन्छ नि ।

सलिमा : त्यसैले त मैले भनेकी हुँ । हामीले कुन संस्कृतिलाई आधार मानेर नाटक गर्ने हो ? वेलैमा निर्णय गरौँ । फेरि नाटकका लागि अभ्यास पनि त गर्नुपर्छ नि ।

**प्रश्नहरू**

(क) यसपालिको वार्षिकोत्सवमा कला संस्कृतिका बारेमा नृत्य प्रतियोगिता हुन्छ रे ।

(ख) मैले पनि काकासँग सोधेर केही बुँदा टिपिसकेँ ।

(ग) भाषा, पहिरन, चाडपर्व, रहनसहन नै संस्कृति हुन् ।


(घ) हामीले कुन संस्कृतिलाई आधार मानेर नृत्य गर्ने हो ?

२. **माथि सुनेको पाठका आधारमा संस्कृति मान्नुपर्ने एक कारण भन्नुहोस् ।**


## सिर्जनात्मक कार्य

१. 'कलाको महत्त्व' शीर्षकमा दुई जनाबिच भएको कुराकानी तयार पार्नुहोस् ।


# पाठ ८











(क) माथिका चित्रमा तपाईं के के देख्नुहुन्छ ? वर्णन गर्नुहोस् ।

(ख) तपाईं कुन कुन ठाउँमा घुम्न जानुभएको छ ?

## मूल पाठ

# मनको सहलेश

मैले सानैमा सुनेको थिएँ सहलेशको बगैँचामा नयाँ वर्षमा मात्र फुल्ने एउटा फूल छ । यो फूल हेर्ने धेरै रहर थियो । यसैले यसपालि म, हरि भाइ, साली रमा र हाम्रो गाडीको चालक इलामबाट निस्कियौँ । इलामको कन्यामबाट बिहान हिँडेको गाडी हर्कटे, कुटिडाँडा हुँदै झापको बिर्तामोडतिर हुइँकियो । करिब डेढ घण्टामा बिर्तामोड पुगेर हामीले चिया खायौँ । चिया खाएर हामी २०७८ सालको चैत मसान्तका दमक, इटहरी हुँदै पश्चिमतर्फ हाँकियौँ । हाम्रो गाडी बेलुका पाँच बजेतिर लाहानको महाभारत होटलमा गएर रोकियो । हाम्रो आजको गन्तव्य त्यहीँसम्म थियो ।

भोलिपल्ट बिहान पाँच बजेतिरै बिहानको चिसो हावाले हामीलाई सुम्सुम्यायो । हामी सहलेश बगैँचातिर लाग्यौँ । बजारको चहलपहल देखियो । सडकछेउमा गाईवस्तुहरू बसेका थिए । चिया पसलमा मानिस चिया बेच्दै थिए । तराईको नेपाली गाउँघर सुन्दर देखिन्थ्यो । केही युवा चिया खाँदै गफ छाँटिरहेका थिए ।

हामी होटलबाट पैदलै गएको भए पनि हुने रहेछ तर गाडी चढियो । हिँड्ने बेलामा होटलको भाइले भनेको त थियो यहाँबाट पाँच किलो मिटर मात्र छ भनेर । गाडी लोकमार्ग छाडेर दक्षिणपट्टिको खेततर्फ लाग्यो । एकैछिनमा हामी खेतको बिचमा रहेको सहलेश फूलबारीमा पुग्यौँ ।

सलहेश फूलबारी गोलाकार घेरा आकारमा संरक्षित सानो फूलबारी रहेछ । यो चौधौँ शताब्दीका दुसाध जातिका राजा सलहेशले बनाएको रहेछ । फूलबारीमा लहराले जेलिएका दुर्लभ वनस्पति थिए । राजा फूलका निकै शौखिन थिए रे । मैले चाहिँ धेरै रुख र फूल चिन्न सकिनँ । जतातत‌ै बाख्राका बड्कौँला र गोबर थियो । हामी कुल्चँदै फूलबारीभित्र छिर्न खोज्यौँ । त्यहाँ एउटा मन्दिर पनि रहेछ,

हामीले पहिले दर्शन गरेर फूलबारी जाने विचार गऱ्यौँ । जतातते लहरैलहरा भएकाले हामी अरू जता जान्छन् त्यतै लाग्यौँ ।

“वैशाख १ गते मात्र फूल फुल्ने रूख कता छ होला ।” चासो राख्दै मैले एक जना स्थानीयलाई सोधेँ ।

“उ क्या त मन्दिरको छेउको रुखमा हेर त ।” तिनले त्यतैतिर देखाउँदै भने । साँच्चै सुनाखरी जस्ता केही फूल फुलेका थिए । ती त्यही रुखका फूल थिए वा रुखमा अडिएका सुनाखरी थिए त्यो मैले पत्ता लगाउन सकिनँ । रुखमा लहरा र झ्याउ थिए ।

मन्दिरभित्र रानी दिना मालिनीलाई अगाडि राखेर हात्तीमा चढेको राजा सलहेशको मूर्ति रहेछ । हामी मन्दिर पस्दा एक बथान चरा डराएर भागे ।

मन्दिर पस्नासाथ त्यहाँका पुजारी सलहेशको बारेमा हामीलाई जानकारी दिन थाले, “यो धार्मिक एवम् ऐतिहासिक फूलबारी हो । यहाँ सिरहा, सप्तरी, उदयपुर, धनुषा, महोत्तरी जिल्लाका साथै भारतबाट मानिसहरू मेला भर्न आउँछन् । सलहेश दलितका राजा थिए । उनले एउटा अमर इतिहास बनाएर गए ।”

पहिले सलहेशको दरबार सिरहा सदरमुकाम र सहलेशको फूलबारी पतारीमा थियो । सहलेश राजा गोविन्दपुरको मानिक दहमा नुहाउँथे । फूलबारीमा फूल टिप्थे । सलहेशगढमा कुलदेवीको पूजा गर्थे । सिल्हट अखडामा कुस्ती खेल्ने आफ्ना प्रजाको पिरमर्का सुन्ने गर्थे । पुजारी आफैँले देखेझैँ र गरी बताइरहेका थिए । हामी स्वस्थानी व्रतकथा सुनेजस्तै मुग्ध भएर सुनिरहेका थियौँ । पुजारी अरू धेरै कुरा भन्दै थिए ।

सलहेशको लोकनाच र लोकगीत निकै प्रख्यात छ । नाचगानमा सलहेशको वीरताको वर्णन पाइन्छ । कृष्णाराम र सलहेशको भयानक युद्ध हुँदा दुवैको मृत्यु भएको थियो । यहाँ सन्तान प्राप्ति र मनोकाङ्क्षा पूरा गर्न पूजा गरिन्छ । इच्छा

पूरा भए पाठीको बलि दिने र कागजको छाता चढाउने चलन छ । यहाँ प्रशस्त पानी छ । चराको चिरबिर सुन्न पाइन्छ ।

हामीले करिब दुई घण्टा त्यही बिताएर होटल फर्कियौँ । बाटामा मुसहर बस्तीका झुप्रा देखिन्थे । गरिबीमा पिल्सिएका मानिस र तिनका घर उराठलाग्दा थिए । त्यो ऐतिहासिक धरा बत्तीमुनिको अँध्यारो जस्तै थियो ।

सोच्दा सौच्दै कति छिटै होटलमा आइपुगिएछ । होटलमा पुगे पनि मेरो मनमा भने गरिब बस्तीको छेउको फूलबारीको सौन्दर्य नाचिरहेको थियो । म मस्तिष्कलाई फूलबारीको जस्तै बनाएर दुःखका क्षण भुल्दै थिएँ । सायद मेरा साथीहरूले पनि त्यति धेरै खुसी मानेका थिएनन् । हामी जुन उत्साहले आयौँ त्यो त पाउन सकिएन । एक ऐतिहासिक स्थलको यात्रा गर्न पाएकामा भने हामीले मनमा खुसी सँगाल्यौँ । त्यही होटलमा निकै पिरो तरकारी दालसँग भात खाएर हामी नयाँ वर्षको पहिलो दिन घर फर्कन कोसी ब्यारेजतिर लाग्यौँ ।

म कुन्नि के कल्पनामा डुबेँ गाडी कोसी ब्यारेजमा पुग्दा पनि म अझै सलहेशको फूलबारी वरपर डुलिरहेको रहेँछु ।

## शब्दार्थ

गन्तव्य : जाने वा पुग्ने स्थान

लोकमार्ग : राजमार्ग

दुसाध : नेपालको तराई क्षेत्रमा रहने एक जाति

दुर्लभ : सजिलैसित नपाइने

ऐतिहासिक : इतिहासमा उल्लेख भएको

लोकनाच : लोकजीवनमा प्रचलित नाच

वीरता : वीरले देखाउने बहादुरी

भयानक : डरलाग्दो

मनोकाङ्क्षा : मनको इच्छा

धरा : पृथ्वी

## शब्दभण्डार

१. दिइएका अर्थ बुझाउने शब्द पाठबाट खोजेर लेख्नुहोस् :

(क) सय वर्षको समया

(ख) परम्परादेखि मानिआएकी देवी

(ग) मक्ख परेको

(घ) देवतालाई भोग दिने पशुपन्छी

२. दिइएका शब्द उपयुक्त तालिकामा लेख्नुहोस् :

कुलो, बल, खाट, रोपाइँ, कुर्सी, ट्रक, कपर्दी, दाइँ, दराज, जुडो, ब्याड, सोफा, काठ, हवाई जहाज, ढोका, खलो, रिलेरेस, झ्याल, रेल, समाहा, बास्केल बल, टेबुल, फोगटो, पानीजहाज, ब्याडमिन्टन, पराल, फल्याक, कार, म्याराथुन, पैनी, ट्याक्सी, च्याक, क्रिकेट, रिक्सा, टि टेबुल, कुनिउँ, हक्की, टिपर, सुली, टेबल टेनिस, बिउ, बाइक, साइकल, आली, खेलाडी, हेलिकोप्टर, रोपवे, केबलकार, मियो

| खेलकुदसँग सम्बन्धित | फर्निचरसँग सम्बन्धित | सवारी साधनसँग सम्बन्धित | खेतीपातीसँग सम्बन्धित शब्द |
|---|---|---|---|
| | | | |

३. दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

सुन्दर =

गोलाकार =

शौखिन =

बथान =

स्थल =

## बोध र अभिव्यक्ति

१. दिइएका शब्दको शुद्धसँग उच्चारण गर्नुहोस् :

| | | | | | | |
|---|---|---|---|---|---|---|
| दक्षिण | बड्कौँला | स्थानीय | मूर्ति | व्रतकथा | मृत्यु | क्षण |

२. दिइएको अनुच्छेद पढ्नुहोस् र उक्त अनुच्छेद पढ्न कति समय लाग्यो, टिपोट गर्नुहोस् :

आमा ! मैले तपाईँलाई सारै दुःख दिएँ होला है ? नौ महिनासम्म गर्भमा रहँदा पनि तपाईँलाई निरन्तर सताइरहेँ । मलाई गर्भमै खेल्न मन लाग्थ्यो । हात खुट्टा फ्याँकेर खेल्न खोज्थेँ । तपाईँलाई कति पीडा भएको थियो होला ! आफ्नो सन्तानको उपद्रोलाई चुपचाप सहेर बस्नुभयो । अझ पेटको

बच्चा चल्मलायो भनेर कति हर्षित हुनुभयो होला है ! पीडा थाम्न नसकेर आँखाबाट आँसु निस्किए होलान् । मुसुक्क मुस्कुराउँदै ती आँसुलाई हर्षमा परिणत गर्नुभयो होला । क्षमा चाहन्छु आमा ! म जन्मिन लाग्दा तपाईंले भोगेको प्रसव पीडा त वर्णन गर्न नसकिएला । म अनुमान गर्न सक्छु । उफ् ! ती पीडा, दुख, व्यथाले तपाईंको शरीरमा एकैचोटि आक्रमण गरे होलान् । ती सबै सकस सहेर मलाई हुर्काउनुभयो । आमा ! म तपाईंको ऋणी छु । तपाईंप्रति सधैँ ऋणी रहिरहने छु ।

३. **दिइएको अनुच्छेद मौनवाचन गर्नुहोस् र सोधिएका प्रश्नको छोटो उत्तर लेख्नुहोस् :** 

गुरुङ दाजु त्यहीँ नजिकैको बासिन्दा हुनुहुँदो रहेछ । उहाँका पुर्खाले पहिलेदेखि नै त्यहाँ पूजाआजा गर्नुहुन्थ्यो रे ! धूपबाती बाल्नुहुन्थ्यो रे ! परेवा, कुखुरा, फलफूल अनेक वस्तु चढाउनुहुन्थ्यो रे ! मङ्सिरको पूर्णिमा, माघेसङ्क्रान्ति र शिवरात्रिमा खुब ठुलो मेला लाग्दो रहेछ । त्यस वेला तराईदेखि हिमालसम्मका मानिस आउँदा रहेछन् । पूर्वदेखि पश्चिमसम्मका मानिस एकै ठाउँ हुँदा रहेछन् । पोखरीका माछालाई चारो दिँदै पूजा गर्दा रहेछन् । त्यहाँका माछा कहिल्यै मार्नु हुन्न भन्ने विश्वास रहेछ । त्यसैले त्यहाँ ठुला ठुला माछा पनि देखिन्थे । कसैले लुकेर माछा मार्‍यो भने विपत्ति आइलाग्छ भन्ने कुरा सुनिन्थ्यो ।

### प्रश्नहरू

(क) पोखरीलाई किन मत्स्यपोखरी भनिएको रहेछ ?

(ख) माछाका भुरा केका आसले मानिसका नजिकै आउँदा रहेछन् ?

(ग) माछा कस्ता रङका देखिन्थे ?

(घ) माछाले के खाएको देख्दा आनन्द आउँथ्यो ?

(ङ) यस अनुच्छेदले केका बारेमा बढी वर्णन गरेको छ ?

४. दिइएको अनुच्छेद सुनेर लेख्नुहोस् :

म प्रकाश हुँ । मलाई ज्योति, उज्यालो र आभा पनि भन्छन् । मेरा विभिन्न स्रोत छन् । सूर्य, चन्द्रमा, आगो, बत्ती मेरा स्रोत हुन् । आकाशमा देखिने तारा र अँधेरी रातमा उड्ने जुनकिरी पनि मेरा स्रोत हुन् । मेरो सबैभन्दा ठुलो स्रोत भनेको सूर्य हो । मेरो उपस्थितिमा धर्ती उज्यालो हुन्छ । प्राणीको जीवनमा उज्यालाको ठुलो महत्त्व छ । रुख, बिरुवा र लहराको जीवनमा पनि प्रकाशको महत्त्व छ । बोटबिरुवाले आफूलाई चाहिने खानेकुरा प्रकाशको सहायताबाट बनाउँछन् । सूर्यको प्रकाशमा मानिसको शरीरलाई निरोगी बनाउने भिटामिन पनि हुन्छ ।

५. दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) यात्रा गर्ने मानिसले कहाँदेखि कहाँसम्मको यात्रा गरे ?

(ख) होटलबाट निस्केपछि लेखकले के के देखे ?

(ग) सहलेश फूलबारी कस्तो रहेछ ?

(घ) सहलेश राजाले कहाँ कहाँ के के गर्थे ?

(ङ) लेखकको मन किन खुसी हुन सकेन ?

६. पाठ पढिसकेपछि तपाईँलाई सहलेश फूलबारी कस्तो लाग्यो ? कम्तीमा पाँच वाक्यमा वर्णन गर्नुहोस् ।

७. पाठ पढेर चारओटा प्रश्न बनाउनुहोस् ।

८. पाठको पहिलो अनुच्छेद जस्ताको त्यस्तै कापीमा लेख्नुहोस् ।

९. पाठका आधारमा दिइएका बुँदाको घटनाक्रम मिलाएर लेख्नुहोस् :

- [ ] वैशाख १ गते मात्र फूल फुल्ने रूख कता छ होला ।
- [ ] चराको चिरबिर सुन्न पाइन्छ ।
- [ ] हाम्रो आजको गन्तव्य त्यहीँसम्म थियो ।
- [ ] तराईको नेपाली गाउँघर सुन्दर देखिन्थ्यो ।
- [ ] एक ऐतिहासिक स्थलको यात्रा गर्न पाएकामा भने हामीले मनमा खुसी सँगाल्यौँ ।
- [ ] यो चौधौँ शताब्दीका दुसाध जातिका राजा सलहेशले बनाएको रहेछ ।
- [ ] पुजारी आफैँले देखेझैँ गरी बताइरहेका थिए ।

१०. दिइएको चित्रलाई आधार मानी दश वाक्यमा वर्णन गर्नुहोस् :



११. तलको भित्तेपात्रो पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

**वैशाख २०७९** नेपाल संवत ११४२ **2022 APR/MAY**

| आइतवार SUNDAY | सोमवार MONDAY | मंगलवार TUESDAY | बुधवार WEDNESDAY | बिहीवार THURSDAY | शुक्रवार FRIDAY | शनिवार SATURDAY |
|---|---|---|---|---|---|---|
| ब्रतबन्ध मुहूर्त : २३ र २८ गते<br>विवाह मुहूर्त : २,४,६,७,८, ९, १०,१४,१९,२०, २१,२६,२७,२८,२९,३० र ३१ गते | | पास्नी मुहूर्त : ५ र २३ गते | जग राख्ने मुहूर्त : ५ र ३० गते | त्रयोदशी<br>नव वर्ष प्रारम्भ<br>१ 14 | चतुर्दशी<br>२ 15 | पूर्णिमा<br>३ 16 |
| प्रतिपदा<br>४ 17 | द्वितीया<br>५ 18 | तृतीया<br>६ 19 | चतुर्थी<br>७<br>पृथ्वी दिवस 20 | पञ्चमी<br>८<br>छन्द दिवस 21 | षाष्ठी<br>९ 22 | सप्तमी<br>१० 23 |
| अष्टमी<br>११<br>लोकतन्त्र दिवस 24 | नवमी<br>१२<br>आँलो दिवस 25 | बरुथिनी एकादशी<br>१३ 26 | द्वादशी<br>१४ 27 | त्रोदशी<br>१५ 28 | चतुर्दशी<br>१६ 29 | माता तीर्थ औँशी<br>१७ 30 |
| प्रतिपदा<br>१८<br>मजदुर दिवस 1 | सप्तमी<br>१९<br>प्रेस स्वतन्त्रता दिवस 2 | अक्षय तृतीया<br>२० 3 | तृतीया<br>२१ 4 | चतुर्थी<br>२२ 5 | पञ्चमी<br>२३ 6 | षाष्ठी<br>२४ 7 |
| सप्तमी<br>२५<br>रेडक्रस दिवस 8 | अष्टमी<br>२६<br>कानुन दिवस 9 | नवमी<br>२७<br>सीता जयन्ती 10 | दशमी<br>२८ 11 | मोहिनी एकादशी<br>२९ 12 | द्वादशी<br>३० 13 | त्रयोदशी<br>३१ 14 |

प्रश्नहरू

(क) २०७९ सालको पहिलो दिन कुन कुन चाड वा जयन्ती परेका छन् ?

(ख) यस महिनामा कतिओटा शनिबार परेका छन् ?

(ग) लोकतन्त्र दिवस कति गते मनाइने गरिन्छ ?

(घ) वैशाख महिनामा परेका दिवस कुन कुन हुन् ?

१२. आफ्नो गाउँ वा टोलको परिचय लेखेर परिवारका सदस्यलाई सुनाउनुहोस् ।

१३. दिइएका बुँदालाई आधार मानेर एउटा अनुच्छेद लेख्नुहोस् :

(क) आफू जन्मेको ठाउँ, आफू जन्मिएको मुलुक नै जन्मभूमि

(ख) देशलाई मातृभूमि र जन्मभूमि पनि भनिने

(ग) जीवनमा आमाको जति महत्त्व हुन्छ, देशको पनि त्यति महत्त्व रहने

(घ) आमा र जन्मभूमिलाई स्वर्गभन्दा प्यारो र उच्च मानिने

(ङ) जन्मभूमिबाट नै हरेक मानिस जीवन प्रारम्भ हुने

(च) सबैले जन्मभूमिलाई सम्मान गर्नुपर्ने

१४. साथीहरूसँग घुम्न जाँदा तपाईँ छुटेर एक्लै हुनुभयो भने के गर्नुहुन्छ, कल्पना गरी लेख्नुहोस् ।

१५. दिइएको सन्दर्भ पढ्नुहोस् र निर्देशनअनुसार गर्नुहोस् :

गाउँमा दौड प्रतियोगिता हुने भयो । महिला पुरुषको छुट्टाछुट्टै दौडमा भाग लिन आह्वान गरियो । अनितालाई दौडन मन लाग्यो । उनले आफ्ना पतिलाई सुनाइन् । उनले स्वीकृति दिए । अनिताले छिमेकी सङ्गीतालाई र अरू साथीलाई पनि भनिन् तर तिनले मानेनन् । अनितालगायत पाँच जनाले दौडिए । अनिता प्रथम भइन् । उनले दश हजार पुरस्कार पाइन् । पुरस्कार पाउँदा पति खुसी भए । दौडन नमान्नेहरू चाहिँ निराश भए ।

अनिताले दौडेर खेल जितेको देखेपछि खेलमा भाग नलिने साथीलाई तपाईँ के भनेर प्रेरणा दिनुहुन्छ ?

## भाषिक संरचना र वर्णविन्यास

१. दिइएका वाक्य ध्यान दिएर पढ्नुहोस् र बुझ्नुहोस् :

| अपूर्ण पक्ष | पूर्ण पक्ष |
|---|---|
| बुबा कथा भन्नुहुँदै थियो । | बुबाले कथा भन्नुभएको थियो । |
| रामेश्वरी घुम्न जाँदै थिई । | रामेश्वरी घुम्न गएकी थिई । |
| तिमीहरू नाच्दै थियौ । | तिमीहरू नाचेका थियौ । |
| गायक गीत गाउँदै छ । | गायकले गीत गाएको छ । |
| हामी पेटीमा हिँड्दै छौँ । | हामी पेटीमा हिँडेका छौँ । |
| तिनीहरू आउँदै छन् । | तिनीहरू आएका छन् । |
| हजुरबुबा खोक्दै हुनुहुने छ । | हजुरबुबाले खोक्नुभएको हुने छ । |
| उषा उठ्दै हुने छिन् । | उषा उठेकी हुनेछिन् । |
| म उसलाई हेर्दै हुने छु । | मैले उसलाई हेरेको हुने छु । |

२. दिइएका क्रिया तालिकाको निर्देशनअनुसार छुट्याउनुहोस् :

आएको थियो, लेख्दै थिए, लुकेको थियो, खाएको थिइस्, कुद्दै थिएँ, लेख्दै थियौ, बोलेका थियौँ, आउँदै थिइन्, भन्दै थियो, कुद्दै छु, बोलेका छन्, कुद्दै हुने छु, लेख्दै हुने छौ, बोलेका हुने छन् :

| अपूर्ण पक्ष | पूर्ण पक्ष |
|---|---|
| | |

३.  'र' वर्णका विभिन्न रूपको प्रयोग थाहा पाउनुहोस् :

| | |
|---|---|
| रस | र |
| प्रेम | ्र |
| सर्छ | र्‍ |

| | |
|---|---|
| ड्रम | ्र |
| गर् | र् |
| गऱ्यो | ऱ् |

## सुनाइ र बोलाइ

१.  तलको पाठ  सुन्नुहोस् र ठिक भए ठिक र बेठिक भए बेठिक भन्नुहोस् :

गुरुङ दाजुले राम्ररी चिनाउनुभएको थियो मत्स्यपोखरीलाई । त्यो त माछैमाछाले भरिएको एउटा सुन्दर पोखरी रहेछ । त्यसैले त्यसलाई मत्स्यपोखरी भनिएको रे ! पहाडैपहाडका बिच त्यति अग्लो ठाउँमा पनि कस्तो राम्रो पोखरी ! सफा र निर्मल पानीलाई हेर्दा आफ्नै छाया टलक्क टल्किन्थ्यो । मानिसले चारो दिन्छन् कि भने झैँ नजिकै आएका ती माछाका भुरा ! कति त आफ्नो हातमै आएर चारो खाउँला झैँ गर्थे । ढुङ्गाका काप कापभित्र लुकेका माछा हेर्दा झनै आनन्द आउँथ्यो । इन्द्रेनीका रङ जस्तै राता, पहेँला र सेता माछा ! डिलबाट पात टिपेर फ्याक्नासाथ तिनीहरू नाचेको देख्दा आफैँलाई नाचूँ नाचूँ लाग्थ्यो । मलाई अलि अलि सम्झना छ, त्यहाँ चौतारो कि फलैँचा केही थियो । त्यहीँ बसेर मैले गुरुङ दाजुलाई भनेको थिएँ, "यति राम्रा माछा कहाँबाट आए ?" उहाँले 'आकाशबाट' भनेर हाँस्दै जिस्क्याउनुभएको थियो । धोजु गुरुङले आछ्यामबाट ल्याएको रे भन्ने कुरा पनि सुनेँ । त्यस्तै कसैले त्यहीँ नजिकै बग्ने सभा खोलाबाटै ल्याएको हुनुपर्छ भने । जे भए पनि साँच्चिकै ती माछा लोभलाग्दा देखिन्थे । तिनीहरूले भुजा, चामल आदि खाएको देख्दा कत्ति आनन्द आउँथ्यो कत्ति ।

(क) मत्स्यपोखरी त राता माछाले भरिएको एउटा सुन्दर पोखरी रहेछ ।

(ख) ढुङ्गाका काप कापभित्र लुकेका माछा हेर्दा झनै आनन्द आउँथ्यो ।

(ग) उहाँले 'चन्द्रमाबाट' भनेर हाँस्दै जिस्क्याउनुभएको थियो ।

(घ) माछा रावा खोलाबाटै ल्याएको हुनुपर्छ ।

(ङ) माछा धोजु गुरुङले असमबाट ल्याएको रे ।

## सिर्जनात्मक कार्य

१. आफूले घुमेको कुनै ठाउँको सम्झना गर्दै एउटा अनुच्छेद लेख्नुहोस् ।

# पाठ ९





(क) माथिका चित्रमा मानिसहरू के गर्दै छन् ?

(ख) मानिसले यस्ता काम किन गरेका होलान् ?

## मूल पाठ

# मणिरामको दैनिकी

मिति २०८० फागुन १५ गते  आइतबार

हिजो निकै गलिएछ, आज बिहान छ बजेसम्म सुतेछु । आज काम पनि धेरै गर्नु छ । मैले हतार हतार हातमुख धोएँ । चिया पकाएर पत्नीलाई पनि दिएँ । आफूले पनि खाएँ । चिया खाएर म गाईगोठतिर लागेँ । खोले पकाएर गाईलाई दिएँ । गोबर सोहोरेँ र गाई दुहुन बसेँ । दुध पुऱ्याउन दुध सङ्कलन केन्द्रसम्म जानुपर्छ । म बिस लिटर दुध बोकेर सङ्कलन केन्द्र पुगेँ । हाम्रो परिवारको मुख्य आम्दानी भनेकै दुध बिक्री हो । आज दुधको पैसा आउने दिन रहेछ । हातमा पैसा पर्दा त धेरै खुसी लाग्छ । एक महिनाको दुधको पैसा लिएर म घर फर्कें । बाटामा किराना पसल थियो । गाईलाई कुँडो, नुनतेल र केटाकेटीका लागि मिठाई किनेर म घर फर्कें । घरमा पत्नीले खाना बनाएकी रहिछन् । पतिपत्नी र छोराछारी सँगै बसेर घरमा जुटेका खानेकुरा खाँदा मलाई खुब आनन्द लाग्छ । आज त पैसा पाएको दिन घरमा पत्नीको मिठो मुस्कानसहितको खाना खान पाउँदा झन् रमाइलो भयो ।

आज माइला अर्जेलकहाँ चिया टिप्न जानु थियो । म चिया टिप्ने मेसिन बोकेर चियाबारीतिर लागेँ । दुई घण्टामा चिया टिपेर सकियो । म घर आएँ र मेसिन थन्क्याएँ । पत्नीले चिया पकाइन् । उनी पनि बारीमा तरकारी खेती गर्दै थिइन् । मकै छर्ने बेला भएको छ । एक झर पानी परे त भोलिपर्सि नै मकै छर्नुपर्छ । उनले मलाई सम्झाइन् । म र उनी सँगै बसेर चिया खायौँ । केटाकेटी स्कुलबाट फर्केकै थिएनन् ।

मैले आजै पदमबहादुरको खाट बनाइदिने वचन दिएको थिएँ । गाउँभरमा बडई काम गर्न जान्ने म मात्र हुँ । मैले पनि पहिले दार्जिलिङमा एक वर्ष बस्दा सिकेको हुँ । म रन्दा र अरू सामान बोकेर पदमबहादुरकहाँ गएँ । उसले काठ ठिक

पारेको रहेछ । मैले दुई घण्टा लगाएर एउटा खाट बनाइदिएँ । उसकै घरमा खाजा बनाएको रहेछ, त्यहीँ खाजा खाएर फर्कें ।

बाटामा निर्मला भाउजू भेटिनुभयो । उहाँ कृषि ज्ञान केन्द्रमा मकैको बिउ लिन जान लाग्नुभएको रहेछ । मलाई पनि बिउ चाहिएको थियो । म पनि बलबहादुरका घरमा रन्दा र अरू सामान राखेर भाउजूसँगै कृषि ज्ञान केन्द्र गएँ । त्यहाँ हामीले चाहिए जति मकैको बिउ किन्यौँ र घर फर्कियौँ ।

घरमा आउँदा असल बडाबा बसिरहनुभएको रहेछ । उहाँको गाईले बाच्छो पाउन सकेनछ । मैले पशुलाई प्रसूति गराउने तालिम लिएको थिएँ । गाईको प्रसूति गराइमाग्न उहाँ आउनुभएको रहेछ । उहाँको कुरा सुन्नासाथ म आवश्यक औषधी र सामान बोकेर हिँडिहाले । किसानका लागि पशु संवेदनशील सम्पत्ति हो । पशु मरेमा ठुलो नोक्सान हुन्छ । म पुग्दा गाई पसारिएको थियो । मैले आफूले जानेको शिल्प प्रयोग गरेर प्रसूति गराएँ । गाईले बाच्छी पायो । बाच्छी हेरेर गाई खुसी त भयो तर उठ्न सकेन । मैले तालो खोले पकाएर दिन भनेँ । एकै छिनमा पोसिलो खोले पाक्यो । खोले खाएको केही क्षणमा गाई उठ्यो र बाच्छीलाई दुध चुसायो । घरका सबैका अनुहारमा खुसी देखियो । म पनि बिदा मागेर हिँडे ।

घरमा आउँदा केटाकेटी आइसकेका थिए । मैले पैसा आएका दिन लुगा किनेर सिलाइदिने भनेको थिएँ । म केटाकेटीलाई लिएर लक्ष्मी बहिनीकहाँ गएँ । बहिनीले केटाकेटीका रुचिका कपडा नापेर पर्सि लिन आउनू भनिन् । हामी घर फर्कियौँ ।

हामी घर आइपुग्दा बेलुकाको सात बजेको थियो । घरमा खाना पाकिसकेको थियो । सबैले सँगै खाना खायौँ । मैले जुठा भाँडा माझेँ । केटाकेटीले गृहकार्य गरे । पत्नीले भोलि रोप्ने तरकारीका बिउ ठिक पारिन् । खाना खाएर हामीले आज दिनभर गरेका कामको समीक्षा गर्‍यौँ । दिनभर काम गर्न पाएकामा र सेवा गर्न पाएकामा मलाई खुसी लाग्यो । आखिर कामले नै मानिसलाई महान् बनाउने रहेछ । राती नौ बजेतिर हामी सबै सुत्यौँ ।

## शब्दार्थ

खोले : गाईवस्तुलाई खुवाउन मकै, चामल, भटमास आदिको पिठो पकाइएको बाक्लो झोल

कुँडो : खोले पकाउने पिठो आदि

बडई : काठको काम गर्ने मानिस

प्रसूति : बच्चा जन्माउने क्रिया

संवेदनशील : सचेत हुनुपर्ने

समीक्षा : कुनै विषयलाई राम्ररी हेर्ने काम

## शब्दभण्डार

१. दिइएका अर्थ बुझाउने शब्द पाठबाट खोजेर लेख्नुहोस् : 

(क) गाईवस्तु बाँध्ने घर

(ख) कुनै काम गरेर कमाएको सम्पत्ति

(ग) दैनिक उपभोगमा आउने खाद्य वस्तु

(घ) मानिस सुत्न वा बस्न बनाइएको चारखुट्टे खटिया

(ङ) विद्यार्थीलाई घरमा गर्न लगाइने पढाइ लेखाइ

२. अर्थ मिल्ने शब्दसँग जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| अजेय | पुग्नुपर्ने ठाउँ |
| अदृश्य | १० वर्षको अवधि |
| आशुकवि | सबै कुरा जान्ने |
| गन्तव्य | जित्न नसकिने |
| दशक | कहिल्यै नमर्ने |
| सर्वज्ञ | देख्न नसकिने |
| अमर | तुरुन्त कविता लेख्न सक्ने कवि |

३. दिइएका शब्दको अर्थ लेख्नुहोस् :

मुस्कान, माइला, एक भर, रन्दा, नोक्सान

४. दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

| | | |
|---|---|---|
| बिहान | सङ्कलन | कुँडो |
| आनन्द | वचन | प्रसूति |

## बोध र अभिव्यक्ति

१. दिइएका शब्दको शुद्धसँग उच्चारण गर्नुहोस् :

| केन्द्र | थन्क्याएँ | दार्जिलिङ | औषधी | कपडा | गृहकार्य |
|---|---|---|---|---|---|

२. मणिरामको दैनिकी पढेर सुनाउनुहोस् ।

३. पाठको पहिलो अनुच्छेदमा कतिओटा वाक्य छन्, गनेर लेख्नुहोस् ।

४. दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :

(क) मणिरामलाई किन खुसी लाग्यो ?

(ख) पत्नीले के सम्झाइन् ?

(ग) निर्मला कहाँ जान लागेकी थिइन् ?

(घ) पशु कस्तो सम्पत्ति हो ?

(ङ) मणिराम किन खुसी भयो ?

५. पाठको तेस्रो अनुच्छेद सुनेर लेख्नुहोस् ।

६. माथिको पाठ पढेर चारओटा प्रश्न बनाउनुहोस् ।

७. दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) दुध पुऱ्याउन जानुपूर्व मणिरामले के के गरे ?

(ख) चिया टिपेर फर्केपछि पतिपत्नीका के के कुरा भए ?

(ग) मणिराम पदमबहादुर र लक्ष्मीकहाँ किन गएका हुन् ?

(घ) गाईले बाच्छी पाउँदा मानिस किन खुसी भएका होलान् ?

(ङ) मणिरामले गरेका मुख्य मुख्य काम के के हुन् ?

८. कुनै प्रतियोगिता भयो भने तपाईँ कुन क्षेत्रमा प्रतियोगी बन्न चाहनुहुन्छ र किन, कारणसहित लेख्नुहोस् ।

९. तलको दैनिकी पढेर यसका मुख्य विषयवस्तु लेख्नुहोस् :

मिति २०८० पुस १६ गते शुक्रबार

आज बिहान चाँडै निद्रा खुल्यो । मलाई खासै पढ्न, लेख्न मन लागेको थिएन । म एकोहोरिरहेको थिएँ । छिरिङ त मेरै घरमा आइपुगिछन् । उनी पनि चित्रकलाको निर्णय सुन्न आतुर झैँ देखिन्थिन् । नभन्दै मसँग भेट हुने बित्तिकै भनिहालिन्, “मलाई त रातभरि निद्रा पनि लागेन । चित्रकलामा को विजयी भयो होला है ?” उनलाई जस्तै मलाई पनि खुलदुलीले सताइरहेको थियो । मैले केही उत्तर दिइनँ । त्यसको उत्तर मसँग पनि थिएन । हामी दुवै एउटै उत्तरको खोजीमा थियौँ ।

छिरिङ र म फटाफट कार्यक्रम स्थलमा पुग्यौँ । विक्रम शर्मा पनि आइपुग्नुभएको रहेछ । उहाँले हामीलाई हिजोकै ठाउँमा लिएर जानुभयो । आजका कार्यक्रम धेरै थिएनन् । नृत्य प्रतियोगितामा छ जना मात्र सहभागी भएका रहेछन् । त्यसपछि विजेताको नाम सुनाएर पुरस्कार वितरण हुने छ भन्ने थाहा भयो । म त्यही समयको पर्खाइमा थिएँ । अरू सहभागीको नृत्यभन्दा विजेताको नाम सुन्न मेरा कान आतुर थिए ।

कार्यक्रम सञ्चालकले कार्यक्रमलाई अगाडि बढाउनुभयो । हिजो जस्तै सभाध्यक्षसहित सबै आआफ्ना ठाउँमा बस्नुभयो । हिजोको भन्दा मञ्चको प्रकृति आज फरक थियो । आज मञ्चका दायाँबायाँ पदक तथा पुरस्कार राखिएका थिए । मेरा आँखा तिनै पुरस्कार र पदकमा डुलिरहेका थिए । गीतमा तेस्रो स्थानसम्ममा छनोट हुन्छु कि भन्ने झिनो आशा थियो । छिरिङले पनि त्यही कल्पना गरेकी रहिछन् ।

नृत्यको रमझम चलिरह्यो । मलाई भने निर्णयकै प्रतीक्षा थियो । नृत्य प्रतियोगिता सकियो । उद्घोषकले थोरै भूमिका बाँधेर निर्णायकमध्ये एक

जनालाई मञ्चमा बोलाउनुभयो । एक जना निर्णायक मञ्चमा उपस्थित हुनुभयो । मेरो मुटु ढुकढुक गर्न थाल्यो । निर्णायकले चाँडै निर्णय सुनाइदिए पनि त हुने थियो । उहाँका आफ्नै केही अभिव्यक्ति थिए । ती कुराले मलाई खासै प्रभाव पारेनन् । बल्ल निर्णायकले निर्णय सुनाउन थाल्नुभयो । पहिलो निर्णय चित्रकला प्रतियोगिताको सुनाउनुभयो । मैले छिरिङको अनुहार हेरेँ । उनी निकै आत्तिएकी थिइन् । निर्णायकले चित्रकलामा तेस्रो स्थान प्राप्त गर्नेको नाम पहिला सुनाउनुभयो । त्यसमा छिरिङको नाम आएन । छिरिङ निकै आत्तिइन् । फेरि दोस्रो स्थान प्राप्त गर्नेको नाम सुनाउनुभयो । त्यसमा पनि छिरिङको नाम आएन । म पनि छिरिङ विजेता बनिनन् कि भन्ने निष्कर्षमा पुगेँ । निर्णायकले प्रथम स्थान पाउनेको नाम भन्न निकै अलमल गर्नुभयो । अन्त्यमा उहाँले उच्च स्वरमा भन्नुभयो, "श्री छिरिङ पेक्वाना, प्रथम ।"

छिरिङ आफ्नो नाम सुन्ने बित्तिकै बुरुक्क उफ्रिइन् । म पनि उनको अनुहार हेरेर बुरुक्क उफ्रिएँ । गुरुले छिरिङलाई बधाई दिनुभयो । कार्यक्रम हलमा निकैबेरसम्म ताली बजिरह्यो ।

चित्रकलापछि गायनकै निर्णय सुनाउने वेला आयो । मेरा हातखुट्टा काम्न थाले । अनुहार पनि अँध्यारो भयो कि जस्तो लाग्यो । गायनको निर्णय सुनाउँदा पनि तेस्रो स्थान पाउनेकै नाम पहिले सुनाउनुभयो । त्यसमा मेरो नाम नपर्दा दोस्रोमा पर्ला कि भनेर चित्त बुझाएँ । दोस्रो स्थान पाउनेको नाममा पनि मेरो नाम नआएपछि म निकै निराश भएँ । निर्णायकले तुरुन्तै प्रथम स्थान पाउनेको नाम भन्नुभयो । त्यो नाम मेरै थियो । म हर्षले गद्गद भएँ । छाती फुलेर ढक्क भयो । मनमा ढुक्क भयो । छिरिङ र मैले आँखा जुधायौँ । उनी निकै हर्षित थिइन् ।

१०. घुम्न जाँदा बाटामा देखेका दृश्य वा घटना समेटी एक अनुच्छेद लेख्नुहोस् ।



११. **गत वर्ष तपाईँले नयाँ वर्ष कसरी मनाउनुभयो, त्यस दिनको दैनिकी लेख्नुहोस् ।**

१२. **दिइएको सन्दर्भ पढ्नुहोस् र निर्देशनअनुसार गर्नुहोस् :**

> अजित आफ्नो जग्गा बेचेर विदेश गए । विदेश गएर उनले मिहिनेत गरेर काम गरे । धेरै पैसा पनि कमाए । तीन वर्षपछि कमाएको पैसा लिएर फर्के । गाउँमा उनको रवाफ बढ्यो । उनले राम्रो टिभी, घडी र मोबाइल किने । मादक पदार्थको सेवनतिर पनि लागे भन्ने सुनियो । उनका परिवारका सदस्य गरिब र अशिक्षित भएकाले अजितलाई केही सल्लाह दिन सकेनन् । सहयोग पनि गरेनन् । बिस्तारै उनको पैसा सकियो । अब घर चलाउन मुस्किल भयो ।
>
> अजितले पैसा कसरी सदुपयोग गर्नुपर्थ्यो ?

## भाषिक संरचना र वर्णविन्यास

१. **तलको अनुच्छेद पढ्नुहोस् र रातो रङ लगाइएका विभक्तिमा ध्यान दिनुहोस् :**

दाजुले फलफूल ल्याउनुभयो । उहाँले सबैलाई बाँढ्नुभयो । मैले चक्कुले फलफूल काटेँ । दाजुले पल्ला घरका काकालाई पनि फलफूल दिनुभयो । काकाले दाजुको हातबाट फलफूल लिनुभयो । काकाले तिम्रो गुन म केले तिरौँला भन्नुभयो । मेरो दाजुको व्यवहारले मेरो मनमा शान्ति मिल्यो ।

२. **दिइएका वाक्यमा विभक्ति चिह्न पहिचान गर्नुहोस् :**

(क) भाइले कलम किन्यो ।

(ख) भगत भगितालाई बोलाउँछन् ।

(ग) उनी हँसियाले घास काट्छिन् ।

(घ) पसले मलाई फलफूल दिन्छ ।

(ङ) सानिमा इलामबाट आउनुभयो ।

(च) सुनीताकी आमा नाच्नुहुन्छ ।

(छ) झोलामा किताब छ ।

३. कोष्ठकमा दिइएका विभक्ति लेखी वाक्य पूरा गर्नुहोस् :

(क) रामवृक्ष ....... ठेलामा सामान ल्याए । (ले, लाई, बाट)

(ख) दिदी भाइ ....... हँसाउनुहुन्छ । (लागि, को, लाई)

(ग) मामा बस ....... आउनुभयो । (का, बाट, ले)

(घ) उषा ....... बहिनी निकै चलाख छिन् । (रो, की, निम्ति)

(ङ) कीर्तिपुर ....... गाई पालिएको छ । (देखि, द्वारा, मा)

४. दिइएका विभक्ति प्रयोग गरी एक एकओटा वाक्य बनाउनुहोस् :

लाई, ले, बाट, देखि, को, मा

५. एउटै ठिकामा लेखिएका शब्द छुट्याएर लेख्नुहोस् :

(क) ऊमेरो साथीहो ।

(ख) भाइआएर कुर्सीमाबस्छ ।

(ग) घरको सबैकाम कसलेगर्छ ?

(घ) तिमीयसपालि विद्यालय आएनौ ।

(ङ) गुलाब पहाडीजिल्लामा पाइन्छ ।

## सुनाइ र बोलाइ

१. तलको पाठ सुन्नुहोस् र दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

वनजङ्गल जनावरहरूको मुख्य बासस्थान हो । जङ्गलमा विभिन्न प्रकारका जनावर र पन्छी बस्ने गर्छन् । जङ्गल धेरै प्राणीको घर हो । जङ्गली जनावर र पशुपन्छीका लागि आहारा पनि जङ्गलमा नै पाइन्छ । कतिपय जनावरले रुखका पात र स्याउला खान्छन् । चराचुरुङ्गीले रुखका कलिला पात, फूल र फल खान्छन् । यही जङ्गलले जङ्गली जनावरको गाँस र बासको व्यवस्था मिलाएको हुन्छ । जङ्गल जनावर र पन्छीका लागि मात्र होइन, मान्छेका लागि पनि उपयोगी हुन्छ । मानिसले दाउरा, काठ आदि जङ्गलबाट नै ल्याउँछन् । घरमा पालिएका घरपालुवा जनावरलाई खुवाउने घाँस, स्याउला पनि जङ्गलबाट नै ल्याउने गर्छन् । मानिसलाई चाहिने कतिपय फलफूल, कन्दमूल वनमा नै पाइन्छन् । यसरी हेर्दा जङ्गलले मान्छेको जीवन चलाउनका लागि धेरै कुरा दिएको हुन्छ ।

(क) पशुपन्छीको आहारा कहाँ पाइन्छ ?

(ख) जङ्गलबाट मानिसले के फाइदा लिन्छन् ?

(ग) जङ्गलमा पाइने वस्तु के के हुन् ?


(घ) मानिसलाई जङ्गल किन चाहिन्छ ?

२. जङ्गल भएन भने के हुन्छ होला, कल्पना गरी लेख्नुहोस् ।

## सिर्जनात्मक कार्य

१. तपाईँले हिजो बिहान उठेदेखि बेलुकासम्म के गर्नुभयो ? मिलाएर लेख्नुहोस् ।

# पाठ १०




(क) दिइएका चित्र राम्ररी हेर्नुहोस् र चित्रका बारेमा अनुमान लगाउनुहोस् ।

(ख) पुतलीको जन्म कसरी हुन्छ ?

# मूल पाठ

## पुतली

– लक्ष्मीप्रसाद देवकोटा



म रङ्गीचङ्गी छु वसन्त छोरी
म जन्मिएँ कोकिलले कराई
झुसिल्किराको सपना सिँगारी
दिए पखेटा प्रभुले मलाई ।

सिँगारिएका कति रङ्ग जाति
धुलो सुनौला दुई पङ्खमाथि
हाले बनाएर परी मलाई
वसन्तको बाग दिए बनाई ।

ठिटी म सानी अनि रूप खानी
हुँ स्वर्गकी एक परी बयानी
बुन्छन् पखेटा प्रभुले मलाई
तरङ्गको तान लिई रँगाई ।

**छ शक्ति क्या हेर विचित्र नानी**
**चोली रँगिलो लिनको म ध्यानी**
**झुसिल्किरा जीवन चक्रबाट**
**जन्में म कस्तो रङ रूपसाथ ।**

**पाइन्छ मीठा रस चट्ट प्यूँन**
**पुगिन्छ क्या स्वर्ग वसन्त ज्यूँन**
**जहाँ छ राम्रो उसतर्फ उड्न**
**लिई पखेटा फुरुरुर्र हिँड्न ।**

## शब्दार्थ

वसन्त : छ ऋतुमध्येको पहिलो ऋतु, चैत र वैशाख महिना

कोकिल : कोइली

झुसिल्किरा : जिउभरि झुसैझुस भएको एक जातको लाम्चो किरो

परी : अप्सरा

बाग : बगैँचा

खानी : उत्पन्न हुने वा पाइने ठाउँ

बयानी : बखान गर्ने किसिमको

तरङ्ग : छाल, मनमा उठ्ने तर्कवितर्क

रँगिलो : उज्यालो रङ भएको

तान : कपडा बुन्न फैलाइएको धागो, कपडा बुन्ने यन्त्र

विचित्र : अनौठो

## शब्दभण्डार

१. **दिइएका लय मिल्ने शब्दसँग जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| रङ्गी | पिउन |
| जाति | खाट |
| मलाई | सानी |
| खानी | माथि |
| नानी | बनाई |
| जिउन | चङ्गी |
| बाट | ध्यानी |

२. **'पुतली' कविताबाट आधा अक्षर जोडिएर बनेका शब्द खोजेर लेख्नुहोस् ।**

जस्तै : रङ्गीचङ्गी

३. **दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

ठिटी, तरङ्ग, रङ्गिलो, शक्ति, रस, खानी, पङ्ख

४. **दिइएका समावेशी र समावेश्य शब्दबिच जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| वन | आमा, दिदी, भाउजू |
| नारी | रुख, बोट, बिरुवा |
| जनावर | नेपाल, जापान, भुटान |
| देश | धान, चामल, मकै |
| अन्न | बाखा, खसी, गाई |

५. **कोष्ठकबाट उपयुक्त समावेश्य शब्द छानेर लेख्नुहोस् :**

(क) तरकारीको समावेश्य शब्द..........हो । (नदी, फर्सी, कान)

(ख) सगरमाथा शब्दको समावेशक शब्द .... हो । (हिमाल, बाली, जङ्गल)

(ग) फूल शब्दको समावेश्य शब्द ......हो । (बोट, लालीगुराँस, दाना)

(घ) सुन्तला शब्दको समावेशक शब्द ......हो । (चिया, तरकारी, फलफूल)

## बोध र अभिव्यक्ति

१. **दिइएका शब्दलाई शुद्धसँग उच्चारण गर्नुहोस् :**

शक्ति, ध्यानी, चक्र, रङ्गीचङ्गी, झुसिल्किरा,

सिँगारी, पङ्ख, चट्ट, फुरुर्र

२. **'पुतली' कविता लय हालेर सुनाउनुहोस् ।**

३. **दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :**

(क) वसन्त कसरी जन्मियो ?

(ख) पङ्खमाथि के छन् ?

(ग) पुतलीले आफूलाई के ठानेकी छे ?

(घ) पुतलीलाई कहाँकी परी भनिएको हो ?

(ङ) वसन्तमा कहाँ पुगिन्छ ?

४. खाली ठाउँमा उपयुक्त शब्द भरेर कविता पूरा गर्नुहोस् :

छ शक्ति क्या हेर ..... नानी

चोली ...... लिनको म ध्यानी

झुसिल्किरा ...... चक्रबाट

जन्मेँ म कस्तो ...... रूपसाथ ।

५. दिइएको श्लोक जस्ताको त्यस्तै सार्नुहोस् :

म रङ्गीचङ्गी छु वसन्त छोरी
म जन्मिएँ कोकिलले कराई
झुसिल्किराको सपना सिँगारी
दिए पखेटा प्रभुले मलाई ।

६. 'पुतली' कविताको अन्तिम श्लोक सुनेर लेख्नुहोस् ।

७. उदाहरण हेरी दिइएको कवितांशलाई वाक्यमा लेख्नुहोस् :

उदाहरण :

बुन्छन् पखेटा प्रभुले मलाई
प्रभुले मलाई पखेटा बुन्छन् ।

(क) पाइन्छ मीठा रस चट्ट प्यूँन

(ख) हुँ स्वर्गकी एक परी बयानी

(ग) जन्मेँ म कस्तो रङ रूपसाथ ।

८. दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) प्रभुले पुतलीलाई के दिए ?

(ख) पुतली कसरी परी बन्यो ?

(ग) भुसिल्किराले के के लिएर पुतली बन्यो ?

(घ) पुतलीले आफूलाई कसरी वर्णन गरेकी छ ?

(ङ) यस कविताको सार के हो ?

९. दिइएको कवितांश पढेर त्यसको आशय लेख्नुहोस् :

ठिटी म सानी अनि रूप खानी
हुँ स्वर्गकी एक परी बयानी

१०. 'पुतली' कवितामा भनिएका कुरालाई नछुटाइकन आफ्नै शैलीमा लेख्नुहोस् ।

११. पुतलीको जीवन चक्र कसरी पूरा हुन्छ, लेख्नुहोस् ।

१२. दिइएको सन्दर्भ पढ्नुहोस् र निर्देशनअनुसार गर्नुहोस् :

मेरा चारओटा खुट्टा छन् । दुइटा कान छन् । मेरो पुच्छर छोटो हुन्छ । मेरो शरीरमा बाक्लो भुवा हुन्छ । मलाई गाजर मन पर्छ । । अब त चिन्यौ कि ? म खरायो हुँ ।

तपाईंले जानेको वा देखेको कुनै जनावरका बारेमा १० हरफसम्मको एउटा अनुच्छेद लेख्नुहोस् ।

## भाषिक संरचना र वर्णविन्यास

१. तलका पुलिङ्गी शब्दलाई 'ई' प्रत्यय लगाएर स्त्रीलिङ्गमा परिवर्तन गर्नुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| केटो | | सुन्दर | | घोडो | |
| काका | | पाठो | | पाडो | |
| प्यारो | | हँसिलो | | सेतो | |
| बुढो | | राम्रो | | बाच्छो | |

२. तलका शब्द सार्नुहोस् :

मर्, मऱ्यो, मर्छ, चाम्रो, राष्ट्र

३. निलो र रातो रङमा लेखिएका शब्दलाई बेग्लाबेग्लै तालिकामा लेख्नुहोस् :

मैले बजारबाट आँप किनेँ । आँप देखेर केटाकेटीहरू झुम्मिए । उनीहरूले आँप खान खोजे । मैले एक दाना राखेर अरू सबै आँप तिनीहरूलाई दिएँ । तिनले रमाएर खाए । आँप खाएपछि हामी सबै नाच्यौँ ।

| निलो रङ लगाएका शब्द (एकवचन) | रातो रङ लगाएका शब्द (बहुवचन) |
|---|---|
| | |

४. दिइएका वाक्यलाई सङ्केतका आधारमा परिवर्तन गर्नुहोस् :

(क) बा बजार जानुभयो । (स्त्रीलिङ्ग)

(ख) गाईले पराल खायो । (बहुवचन)

(ग) केटो दगुऱ्यो । (स्त्रीलिङ्ग)

(घ) बगैँचामा फूल फुलेका छन् । (एकवचन)

(ङ) मेरी बहिनी सज्जन छे (बहुवचन)

५. दिइएका वाक्य मिलेका छैनन्, मिलाएर लेख्नुहोस् :

(क) उनीहरू मस्तसँग सुत्यौँ ।

(ख) तिमी बजार गइछस् ।

(ग) हामी धेरै परिश्रम गर्छु ।

(घ) भूमिकाले वृक्षरोपण गऱ्यो त्यसैले पहिरो गएन ।

(ङ) शङ्कर मोटर हाँक्छे ।

६. दिइएका वाक्यको पदक्रम मिलेको भए ठिक (✓) र नमिलेको भए बेठिक (✗) चिह्न लगाउनुहोस् :

(क) उनीहरू विद्यालय जान्छन् । (........)

(ख) तिमी खेतमा काम गर्छौ । (........)

(ग) उसलाई म बोलाउँछु । (........)

(घ) उनी असल विद्यार्थी हुन् । (........)

(ङ) अनिल चलाउँछन् कम्प्युटर । (........)

७. सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :

(क) म खाटमा बस्छु । (द्वितीय पुरुष)

(ख) तिमी कविता पढ्छौ । (तृतीय पुरुष)

(ग) हामी रमाइलो गर्छौं । (द्वितीय पुरुष)

(घ) उनीहरू बाखा चराउँछन् । (प्रथम पुरुष)

(ङ) हजुर आउनुहुन्छ । (प्रथम पुरुष)

८. दिइएका शब्द समूहबाट शुद्ध शब्द चिनेर लेख्नुहोस् :

| | | | | |
|---|---|---|---|---|
| (क) | अछ्यर | अक्छ्यर | अक्षर | अक्क्षर |
| (ख) | छ्यमता | क्षमता | क्ष्यमता | छमता |
| (ग) | छड्के | छ्यड्के | क्ष्यड्के | क्षड्के |
| (घ) | क्षत्तिस | छत्तिस | छ्यत्तिस | क्ष्यत्तिस |

९. दिइएका शब्द शुद्ध बनाएर लेख्नुहोस् :

कीसान, घीउ, जीब्रो, मानीस, भानीज, भतीजा, माईत, कृती, कवी, रवी, इश्वर, शिर्षक, सिता, गिता

१०. 'पुलती' कवितामा प्रयोग भएका ह्रस्व इकार र दीर्घ ईकार लागेका तीन तीनओटा शब्द टिपोट गर्नुहोस् ।

## सुनाइ र बोलाइ

१. **तलको कविता सुन्नुहोस् र खाली ठाउँमा उपयुक्त शब्द भन्नुहोस् :**

उपकारी गुणी व्यक्ति निहुरन्छ निरन्तर
फलेको वृक्षको हाँगो नझुकेको कहाँ छ र !

दबिन्छ गुणिको दोष गुणका रासमा परी
रश्मिले चन्द्रको दाग दबाएकै छ बेसरी ।

मिलेर काम गर्नाले झहुन्छ अत्यन्त फाइदा
एकता हेर कस्तो छ मौरीका महमा सदा ।

मूर्खका मनमा अर्ती गालीतुल्य बिझाउँछ
दुधपान गरी सर्प खालि विष बगाउँछ ।

– लेखनाथ पौड्याल

(क) फलेको वृक्षको ................ नझुकेको कहाँ छ र !

(ख) रश्मिले चन्द्रको ................ दबाएकै छ बेसरी ।

(ग) दुधपान गरी सर्प खालि ................ बगाउँछ ।

(घ) मिलेर काम गर्नाले हुन्छ अत्यन्त ................।

२. **कविता सुनेर उत्तर भन्नुहोस् :**

(क) उपकारी व्यक्ति कस्तो हुन्छ ?

(ख) गुणीको गुण केमा परेर दबिन्छ ?

(ग) पाठमा कुन कुन प्राणीका नाम उल्लेख गरिएको छ ?

(घ) कसलाई अर्ती गालीतुल्य बिझाउँछ ?

## सिर्जनात्मक कार्य

१. दिइएका खाली ठाउँमा कोष्ठकबाट उपयुक्त शब्द राखेर कविता पूरा गर्नुहोस् :

आज, रसिलो, सुशान्ति, सब, हात, परिवार, सुन्दर, मन,

सफा छ सारा घर गाउँ .....

साँच्चै निरोगी......समाज

......उस्तै सबमा छ मेल

राम्रो बनायौँ .....ले जुटेर ।

विकासमा ......खुलेर लाग्छन्

संस्कारलाई .......ढाक्छन्

छ एकता ........ गाउँभित्र

बस्छौँ यहाँ जो .....झन् पवित्र ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर